सांसदका लागि फेरि ११ अर्ब रूपियाँ | नेपाल प्रहरी क्रमशः कमजोर

आइतबार • ४ असार २०७४ • मूल्य रु. २५

नेपाल

nepal.ekantipur.com

राष्ट्रिय साप्ताहिक



चुनाव... चुनाव... चुनाव...

प्रधानमन्त्री शेरबहादुर देउवाको सफलता वा असफलताको मापक, तीनै तहको निर्वाचन

www.civilbank.com.np
सिभिल बैंक
खुशीका
योजना
धेरै सुविधा धेरै खुशी...
मुद्दती
१२.७५%*
(९ महिना अवधि)
१२.२५%*
(६ महिना अवधि)
बचत
८.२५%*
सम्मका वार्षिक ब्याजदर
आस्बा
निःशुल्क*
*शर्तहरु लागु हुनेछ
प्रधान कार्यालय/मुख्य शाखा : क्लासीक कम्प्लेक्स, तीनधारा रोड, कमलादी, काठमाण्डौं-३१
पोष्ट बक्स: ९७९९, फोन नं : ४१६९०३०/४१६९०३३/४१६९०४०, फ्याक्स नं : ४१६९०३८
CIVIL BANK
सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.
Thinking forward Moving forward

AMBE
GROUP

अम्बे सिमेन्ट

गुणस्तरीय पहिचान | मजबुत जडान | वर्षौंसम्मको शान

अम्बे सिमेन्ट

यो देशको शिर, उच्च राख्दै...

नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गुण ३८५

नेपालमा बनेको

ISO 9001:2008
CERTIFIED COMPANY

नवरत्न को अनमोल रत्न
संसारको नम्बर १ चिसो तेल
नवरत्न
आयुर्वेदिक तैल
ठंडा
बेहतर फॉर्मुला
नवरत्न
आयुर्वेदिक तैल
ठंडा
९ असरदार जड़ी-बूटियों के साथ
बेहतर फॉर्मुला
नवरत्न
आयुर्वेदिक तैल
ठंडा
९ असरदार जड़ी-बूटियों के साथ
राहत • आराम • तरोताजगी
चिसो
चिसो
COOL
COOL
नवरत्न
आयुर्वेदिक तेल

भित्र

आइतबार, ४ असार २०७४ (वर्ष १७, अंक ४४)
NEPAL National Weekly, 18 June 2017 (Vol. 17, No.44)
नेपाल
www.nepal.ekantipur.com

देउवालाई बैसाखी, प्रचण्डलाई बुई

आवरण २४

आवरण तस्बिर : भास्वर ओझा

१५ प्रहरी
क्रमशः कमजोर

२० विसंगति
विकृतिको निरन्तरता

३० प्रवृत्ति
उस्तै सामन्ती संस्कार



३८ सम्पदा
कथा काष्ठमण्डपको

५४ झल्याकझुलुक
नम्रतालाई धक्का !
घोषणाको हतारो



४२ व्यक्तिचित्र
जिन्दगी जंगल

दृष्टिकोण : हस्त गुरुङ १८
आमाका पीडा २३
विश्लेषण : केशव दाहाल ३४
समाजका नाममा आफ्नै कल्याण ३६

स्थायी स्तम्भ >>

पाठकको पत्र (६), सोझै (९), परिहास (१०), झटारो (११), स्मरण (१३), पुस्तक (४६), साहित्य (४८), सूचना/प्रविधि (५०), चित्रपट (५२), झल्याकझुलुक (५४), फिल्म (५६), नोटबुक (५८)

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : प्रशान्त अर्याल
साहित्य/कला : रमण घिमिरे, **प्रमुख उप-सम्पादक** : सन्तोष आचार्य, **विशेष प्रतिनिधि** : सीताराम बराल, **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, रामबहादुर रावल, बाबुराम विश्वकर्मा
सहायक वरिष्ठ संवाददाता : माधव बस्नेत, **संवाददाता** : मनबहादुर बस्नेत, प्रदीप बस्याल, गोकर्ण गौतम, **अर्थ** : सुरेशराज न्यौपाने
कपी डेस्क : ईश्वरी ज्ञवाली, विमल आचार्य, **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी, **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर, **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : २८ जेठ २०७४, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८



nepalpatra@kmg.com.np

साहस भए जवाफ देऊ

भविष्यमा लाभको कुनै पदको आकांक्षा नराख्दा मात्र निर्भीक रूपमा बोल्न सकिने रहेछ, पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीका विचार पढ्दा त्यस्तै अनुभव भयो *('त्यसपछि म प्रचण्डसँग सतर्क भएँ', २८ जेठ)*। उनले आफ्ना कुरालाई खुलस्त रूपमा राखेकी छन्। राजनीतिक इमानदारी, नैतिकता र साहस छ भने पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफूमाथि लागेका आरोपको जवाफ दिनुपर्छ। होइन भने राजनीतिक नेता र अहिलेको व्यवस्थाप्रति नै मानिसहरूमा घृणा पलाउन सक्छ।

● शिवशंकर पण्डित
चन्द्रनिगाहपुर, रौतहट

- नेपाली कांग्रेसकी कार्यकर्ता भनेर एउटा ओहदा र मर्यादाको पदमा पुगेको व्यक्तिलाई नेतृत्वले आफू अनुकूल चलाउन नपाएपछि महाभियोग लगाएको हो। संवैधानिक पदमा पुगेको व्यक्तिको जुन गरिमा र प्रतिष्ठा हुन्छ, सुशीला कार्कीले आफूलाई त्यही अनुकूल प्रस्तुत गरेकी छन्। यसमा उनको विरोध गर्नेहरू उल्टै कमजोर देखिएका छन्।

● शिवानी थापा
विराटनगर-७, मोरङ

- नैतिकता भएकाले तत्काल पदको लोभ नगरी बोल्छ। स्वार्थ मिल्दासम्म चुप अनि तलमाथि भएपछि यसो र उसो भन्नु भएन। प्रचण्ड गलत छन् भने सुशीला कार्की पनि उत्तिकै दोषी छन्।

● लक्ष्मण सुवेदी
हेटौंडा, मकवानपुर

चुनौती र अवसर

मुलुक र लोकतन्त्रको हितमा शेरबहादुर देउवाले कस्तो काम गर्छन्, उनका अबका दिन त्यसैमा निर्भर छन् *(देउवाको प्रधानमन्त्रित्व र लोकतन्त्रको नियति, २८ जेठ)*। आफन्त र वरिपरिकाहरूको प्रभावबाट मुक्त भएर देउवाले देश र जनताको पक्षमा काम गर्न सकेनन् भने विगतको नियति र बदनामीबाट मुक्ति पाउने सम्भावना छैन। तसर्थ, गल्तीबाट सिक्दै अगाडि बढ्न उनका लागि यो चुनौती र अवसर दुवै हो।

● मिलन तुलाधर
इन्द्रचोक, काठमाडौं

लाज पचेकाहरू

पद र पहुँचको चरम दुरुपयोग गर्न अलिकति लाजसरम त मान्नुपर्ने हो नि *(लाजको पसारो, २८ जेठ)*। आफ्नै हात जगन्नाथ गर्नेहरूमा नैतिकताको खोजी गर्ने हामी पनि उस्तै हौं। किनभने, जो आए पनि, जो भए पनि आफू, आफन्त र आफू निकटका मान्छेलाई नै विभूषित र पुरस्कृत गर्ने चलनै छ। मुलुकका लागि योगदान गर्नेको कहिले पो कदर भएको छ र!

● रुद्र मग्राती
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं

- धन्य हो, विभूषण सिफारिस समितिका नौ जनामध्ये चार जनाले आफूले आफैंलाई विभूषणका लागि सिफारिस गरेछन् र लिएछन्। यसरी लाज पचाएर विभूषण लिनेमा समितिका सदस्य-सचिव, विज्ञ सदस्यहरूसमेत रहेछन्। यसभन्दा लाजमर्दो कुरा अरू के हुन्छ ?

● पार्वती पाण्डे
तम्घास, गुल्मी

यो हो सफलता !

योग्य व्यक्ति खोज्दा खोज्दै नभेट्टाएपछि आफैंलाई पदक दिनुलाई अन्यथा लिनुभएन *(नग्नश्री सुप्रबल प्रथम, २८ जेठ)*! कमसे कम पदक पाउन योग्य व्यक्तिहरूको छनोट गर्न सक्नु नै अहिलेका लागि उक्त समितिको सफलता हो। मानपदवी तथा विभूषण छनोट समितिका सदस्यहरू आफूले लगाएका लुगा पूरै खोलेर घाँटीमा पदक मात्रै झुन्ड्याएको अवस्थामा सार्वजनिक भएका छन्। यस्ता सबै प्रतिभालाई आगामी वर्ष पनि लगातार तेस्रो पटक नग्नश्री सुप्रबल प्रथमद्वारा सम्मानित गरी थप सामाजिक मान-मर्यादा बढाऔं!

● तारानिधि मिश्र
युनाइटेड अरब इमिरेट्स (यूएई)

KMG
KANTIPUR MEDIA GROUP
कान्तिपुर मिडिया ग्रुपको सेवासँग सम्बन्धित केही गुनासो गर्नुपरेमा वा कुनै पनि सेवा सम्बन्धी जानकारी चाहिएमा नि:शुल्क टोल फ्रि नम्बर मार्फत हामीलाई सम्पर्क गर्नुहोला ।
गुनासो, जानकारी, परामर्श सुझाव...
नि:शुल्क टोल फ्रि नम्बर
1660 01 22222 NTC
9801 57 2222 Ncell
अथवा हामीलाई csd@kmg.com.np मा ईमेल गर्नुहोस् ।
टोल फ्री नम्बरमा कल गर्दा कुनै पनि शुल्क लाग्ने छैन ।
KANTIPUR PUBLICATIONS PVT. LTD.
Radio Kantipur
KANTIPUR
KANTIPUR DIGITAL CORP
KANTIPUR FOUNDATION
कान्तिपुर
kathmandupost
साप्ताहिक
नेपाल
नारी
ekantipur
सेवा समय – बिहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म ।
www.kmg.com.np

विदेशबाट

थ्री सिस्टर्सको हिम्मत

मानव विकास सूचकांकमा तल रहेको नेपालमा कोही महिलाले आफ्नै व्यवसाय चलाउन सक्नुलाई ठूलै सफलता मान्नुपर्छ । पर्यटन व्यवसायमा हात बढाएका पोखराकी लक्की, डिक्की र निक्की यसैका उदाहरण हुन् । '९० को दशकमा भारतको दार्जीलिङबाट पोखरा आएका यी दिदीबहिनीले पहिला गेस्ट हाउस खोलेका थिए । त्यसपछि थ्री सिस्टर्स एड्भेन्चर ट्रेक खोलेर ट्रेकिङ व्यवसायमा होमिए ।

उनीहरूको अर्को पहिचान के पनि रहेको छ भने यो व्यवसायसँगै उनीहरूले इम्पावरिङ वुमन अफ नेपाल नामको गैरनाफामूलक संस्था पनि खोलेका छन्, जसले महिलालाई पर्वतारोहण र ट्रेकिङसम्बन्धी ६ महिने निःशुल्क तालिम दिन्छ । यो तालिममा महिलालाई घरको चुलोचौकोबाट बाहिर निस्केर व्यापार व्यवसायमा लाग्न पनि उत्प्रेरित गरिन्छ ।

शान्ति राई अहिलेसम्म तालिम लिने दुई हजार महिलामध्येकी एक हुन्, जो १५ वर्षदेखि थ्री सिस्टर्समै ट्रेकिङ गाइड भएर काम गरिरहेकी छन् । अहिले उनी पर्वतारोहणमा पनि पोख्त भइसकिन् । उनले अन्नपूर्ण हिमाल पनि चढिसकिन् । महिलालाई नै ट्रेकिङ गाइडका रूपमा पाउँदा नेपाल घुम्न आउने विदेशी महिला पनि दंगै छन् ।

'यहाँबाट तालिम लिएका सबै ट्रेकिङ व्यवसायमै लाग्छन् भन्ने छैन तर उनीहरूलाई सक्षम बनाउन यो एक महत्त्वपूर्ण कदम हो भन्नेमा हामी ढुक्क छौं ।' *फोर्ब्स*का लागि थ्री सिस्टर्सकी लक्कीले भनेकी छन्, 'शारीरिक, मानसिक र भावनात्मक रूपमा सबै क्षेत्रमा पुरूषजत्तिकै महिला पनि सक्षम छन् भनेर देखाउन हामी सफल भएका छौं ।' ◆

सुर-बेसुर

"यहाँको खाना (घिउ हालेको दाल, भात, तरकारी, मःमसमेत), संस्कृति, प्रकृति, आत्मीयता, ट्रेकिङ धेरै मिस गर्नेछु । यहाँका पुराना भवन, पुराना सामग्री बचाएर राख्नुपर्छ । त्यो आफ्नो सभ्यताको चिनो हो ।"

माथिथयास मायेर, जर्मन राजदूत
(नेपालमा आफ्नो कार्यकाल सकेर २८ जेठमा स्थल मार्गबाट स्वदेश यात्रा प्रारम्भ गर्ने उनी ५० दिनपछि जर्मनी पुग्नेछन् ।)

कान्तिपुर

तस्बिरमा इतिहास

५० वर्षअघिको सांगीतिक समूह : डा रामभान तृषितको संयोजनमा विसं ०१४ मा स्थापना भएको नव कलाकार समूह । तस्बिरमा गायक प्रेमध्वज प्रधान, गायिका तारादेवी, बाँसुरी वादक भगत बागदास, तबला वादक कृष्णगोविन्द मिश्र र हार्मोनियम बजाउँदै रामभान ।

सोझै



तथ्यचित्र

स्रोत : महानगरीय ट्राफिक प्रहरी महाशाखा

सताका चर्चित



शिवराम श्रेष्ठ

खेलाडी

सूर्य नेपाल गल्फ टुर २०१६-१७ को अन्तिम प्रतियोगिताको उपाधि जितेकाले । नेपाली गल्फ इतिहासमै सर्वाधिक सफल मानिन्छन्, शिवराम, ३३ । उनले यो सिजनमा भएका आठ प्रतियोगितामध्ये ६ वटामा ट्रफी हात पारेका छन् ।

नैतिकता कन्सल्ट्यान्सी

नैतिकताको खडेरी तोडेर प्रधानमन्त्री पद त्यागेका र छोरा प्रकाशलाई तक्मासमेत दिलाइसकेका माओवादी नेता प्रचण्डका सामु आफ्नी छोरीलाई महानगरको मेयर बनाउनेबाहेक अरू कुनै सांसारिक लोभ-मोह छैन । त्यसैले उनले अब शक्तिको खेल, तामसी भोजन र बिलासी जीवन बिस्तारै विसर्जन गर्नेमा कुनै शंका रहेन । तर, कम्युनिस्ट नेता भएपछि खरानी घसेर पनि हिँड्नु भएन ।

त्यसैले प्रचण्डज्यू, अब एउटा कन्सल्ट्यान्सी खोल्नूस् ।नयाँ पुस्तालाई नैतिकतासम्बन्धी प्रवचन दिनूस् । नैतिकवान् बन्न चाहनेलाई 'काउन्सिलिङ' गर्नूस् । प्रशिक्षणका विभिन्न प्याकेजहरू तयार पारेर बेच्नूस् । स्कुल-स्कुल जानूस् र नैतिकवान् बन्ने 'टिप्स' बालबालिकालाई दिनूस् । त्यसपछि त मुलुकभर नैतिकताको वर्षा हुन पनि के बेर ?

■ **रुन्चे राईँलो**

राम ! राम !! रामचन्द्र

नवनियुक्त प्रधानमन्त्री शेरबहादुर देउवाले फेरि रामचन्द्र पौडेलको चित्त दुखाएछन् । आफूले दिएको आफ्नाहरूको लिस्ट अनुसार मन्त्री नबनाइदिएपछि पौडेलले रौद्र रूप देखाए यसपटक । तर, त्यो रूप ५० मिनेट पनि टिकेन । देउवाको शपथग्रहण कार्यक्रम नै बहिष्कार गर्ने धम्की दिएका उनी देउवाकै एक फोनपछि लुरूलुरू शीतलनिवास पुगिहाले । यसअघि पनि निर्वाचनमा आफ्नालाई कम टिकट दिएको भन्दै बाउँठिएका थिए उनी । पार्टीका विभिन्न निकायमा आफ्नाहरू कम परेको भन्दै पनि बिच्किएकै हुन् । देउवाचाहिँ उनलाई कहिल्यै भाउ दिँदैनन् । तर पनि उनको घुर्की चलिरहन्छ । पार्टी सभापतिलाई गुटको होइन, सिंगो कांग्रेसको नेता बन्न सुझाव दिने यी ठूला नेता किन हो आफैं चाहिं सधैं सानो गुटकै वकालतमा ? राम ! राम !! रामचन्द्र !!!

■ **वाटरगेट उपाध्याय**

नफुलेको कमल

हरेक नयाँ सरकारमा एउटा कमल फुल्ने गरेको थियो । तर, यसपटक भने फुलेन । कमल फुल्नका लागि हिलो चाहिन्थ्यो । हिलोको व्यवस्था नभएको वा वातावरणीय प्रभाव नमिलेको हुन सक्छ । हुन त स्वयं कमलको फूलले पनि अनुकूलको हिले वातावरण बनाउन झन्डै तीन दर्जन गाईको गोबर चढाएको छ क्यारे नवनियुक्त प्रधानमन्त्रीको गाथमा ।

अब कुर्नु छ, हेर्नु छ । नव प्रमले गोबरको सदुपयोग गर्दै कमललाई फुल्ने वातावरण मिलाइदिन्छन् वा खोला तर्‍यो लौरो बिर्स्यो भनेजस्तो गर्छन् । यस्तो गर्‍यो भने कमलले कुनै बेला आफूले दिएको तीन दर्जन गाईको गोबर ब्याजसहित फिर्ता माग्न सक्छ । अनि, त्यति बेला यिनै गाईको गोबरमा टेकेर प्रधानमन्त्री बनेका शेरबहादुर देउवा त्यही गोबरमा चिप्लेर उत्तानो पर्न पनि सक्छन् । फोहोरी राजनीति न हो, जे पनि हुन सक्छ ।

■ **सूर्य नेवाः**

हार्न नचाहने एमाले

पहिलो चरणको स्थानीय चुनावमा एमाले पहिलो पार्टी भयो । त्यसलाई एमालेले पनि स्वीकार्‍यो, अरूले पनि स्वीकारे । जब भरतपुर मतपत्र च्यातचुत काण्ड भयो, एमालेले पनि स्वीकारेन, अरू पार्टीले पनि स्वीकारेनन् । चुनाव हार्न माओवादीले त मानेन भने एमालेले झन् के मान्थ्यो ? यतिसम्म त हजम भएकै

ज्योतिषी सल्लाहकार नि !

चालीसौं प्रधानमन्त्री शेरबहादुर देउवा ज्योतिषी विद्याका पारखी छन् । घडी, औंठी, लुगा, कपडा छनोटमा मात्र होइन, कुन दिशामा बस्ने, कुन दिशामा उठ्ने, कुन दिशामा मुख फर्काउने, कुन दिशामा नफर्काउने पनि साइत हेराउनुपर्छ उनलाई । जगजाहेर छ, उनी ज्योतिषीलाई नहेराई कुनै काम गर्दैनन् । राम्रो होस् कि नराम्रो ! संसद् विघटनसमेत ज्योतिष हेराएरै गरेका थिए भने अब प्रधानमन्त्रीको उम्मेदवारी दर्तादेखि शपथग्रहण नहेराईकन गरे भन्ने आधार पनि छैन । पाइलैपिच्छे ज्योतिषी चाहिन्छ उनलाई । अब जम्बो सरकार त बन्छ नै, जम्बो सल्लाहकार मण्डलमा एक थान ज्योतिषीलाई पनि सुरक्षित गर्न चाणक्यको सिफारिस छ । सिर्फ सल्लाहकारले पुग्दैन भने विज्ञान मन्त्रालय खारेज गरेर ज्योतिषी मन्त्रालयको साइनबोर्ड टाँगे पनि हुन्छ है !

■ **चाणक्य नेपाली**

थियो । तर, जब चालीसौं प्रधानमन्त्रीका लागि चुनाव हुने भयो, एमालेले उम्मेदवारी नै दिएन । एक नम्बर पार्टीले नै उम्मेदवारी नदिनु अलिक उदेकलाग्दो खबर हो । आखिर केपी ओलीले किन यस्तो गरे ? किनभने, एमालेले हार्ने जानेको छैन । जित्ने भए त ओली, ओली नभए सुवास नेम्बाङ, उनी नभए वामदेव गौतम पनि उठिहाल्थे । हार्ने चुनाव एमालेलाई उठ्नुपरेको छैन । जित्ने चुनाव पो लड्ने, हार्ने चुनाव किन लड्ने ? दोस्रो चरणको चुनावमा पनि हार्नभन्दा निर्विरोध गराइदिने सूत्रमै जाने हो कि कमरेड ?

■ **लाल कुमाल**

झटारो | ■ **लक्ष्मण गाम्नागे**

अद्भुत अनुगमन पद्धति

हाम्रो सरकारले बजार अनुगमन गर्ने नौलो पद्धतिको घोषणा गरेको छ। व्यापारी व्यवसायीहरूलाई जानकारी दिएर अनुगमन गर्ने, एकदमै पारदर्शी र लोकतान्त्रिक पद्धति । आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभाग भन्ने निकायको प्रमुखमा जसै एक नयाँ प्रतिभा आए, उनले यो अद्भुत आइडिया निकाले । उनले सबै व्यापारी व्यवसायीलाई भेला गरेर भने, 'अबदेखि तपाईंहरूलाई जानकारी दिएर हामी अनुगमन गर्न आउँछौं, सचेत रहनु होला ।'

हुन पनि पहिला पहिला जानकारी नै नदिई एक्कासि अनुगमन गर्न जाँदा दुवै पक्षले ठूलठूला चुनौती र हैरानी बेहोर्नुपरेको थियो। अनुगमन गर्न जाँदा कहिले अनुगमनकारी कर्मचारीलाई व्यापारीहरूले कटहर र इस्कुसले आक्रमण गर्ने, कहिले पोसाक च्यातिदिएर सटरमा थुन्ने, कहिले ढुंगामुढा गरेर लघार्ने । कर्मचारीले पनि कहिले पुर्जी काट्नुपर्ने, कहिले पसलमा सिलबन्दी गर्नुपर्ने, कहिले ढकतराजु खोसाखोस गर्नुपर्ने । त्यो बेला कर्मचारी र व्यापारीको सम्बन्ध जोगी र भैंसीको जस्तो थियो । यी सबै समस्या समाधानको अचूक उपाय निस्कियो, जानकारीसहितको अनुगमन पद्धति। यस्तो अग्रगामी अवधारणा ल्याउने विभागका महानिर्देशक महा-धन्यवादका पात्र छन् ।

अब पहिलाजस्तो अनुगमन टोलीले सुटुक्क अफिसबाट निस्किएर लुसुक्क व्यापारी व्यवसायीको पछाडिको ढोकाबाट छिरेर अप्रत्याशित रूपमा उनीहरूका मालसामानमा हात हाल्नेछैन। सरकारले राष्ट्रिय स्तरका पत्रपत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरेर कुन मितिमा कति बजे कुन कुन क्षेत्रमा अनुगमनमा आउने हो तालिका नै प्रकाशित गर्नेछ। अनुगमन गर्न जाने दिन पनि 'हामी आउँदै छौं, तपाईंहरू सबै तयार ?' भनेर सोधेपछि मात्रै जानेछ। तयारी पुगेको छैन, फलानो दिन आउनूस् भनेर व्यापारीले अनुरोध गरेमा सोही अनुसार गरिनेछ ।

अनुगमन टोलीको सवारी हुनुभन्दा पहिले नै सबै उद्योगी, व्यवसायी, व्यापारीहरूले आफ्ना व्यापार, व्यवसाय वा उत्पादनहरूमा जे-जति कैफियत छन्, सबै मिलाइसक्नुपर्ने छ। छोप्नुपर्ने कुरा छोपिसक्नुपर्ने छ। लुकाउनुपर्ने कुरा लुकाइसक्नुपर्ने छ। म्याद गुज्रिएका मालताल बेलैमा बेचिसक्नुपर्ने छ अथवा नयाँ मितिको स्टिकर टाँसिसक्नुपर्ने छ। कुहिएका, मकाएका, मिसावट भएका माल गोदाममा थन्क्याइसक्नुपर्ने छ। भ्याट बिलबिना सामान बेचेका बिलका अधकट्टीहरू गायब गरिसक्नुपर्ने छ। अनुगमन टोली आउँदा व्यवसायस्थल धोइपखाली पुछपाछ गरेर सबै चट्याकचिटिक पारी धूप बालेर वा अत्तर छर्केर मगमग बास्ना चल्ने बनाउनुपर्ने छ। इच्छुक व्यापारीहरूले चिसो-तातो खाजा-भुजा तयार गरिराखे पनि अन्यथा लिइनेछैन । अरू दिन जे भए पनि अनुगमन गर्न आएको दिन एउटा पनि कैफियत फेला नपर्ने वातावरणको सिर्जना गर्ने काम स्वयं व्यापारी व्यवसायीको हुनेछ।

यो नौलो र प्रजातान्त्रिक पद्धति लागू भएपछि बजार एकदमै स्वच्छ देखिनेछ। सरकारी निकाय र व्यापारीहरू मिलेर बजारमा रहेका विकृतिहरूलाई ढाकेर, छोपेर, पुरेर, लुकाएर, कसिंगरलाई कार्पेटमुनि छोपछाप पारेर हाम्रो व्यापार व्यवसायलाई पूर्ण रूपमा चोखो देखिने बनाउनेछन्। देशको छवि सुध्रिनेछ। यस्तो अभूतपूर्व अनुगमन पद्धतिको सबैले स्वागत गरौं र यसलाई अख्तियार र भ्रष्टाचारीबीच, प्रहरी र अपराधीबीच र अरू पनि धेरै त्यस्ता निकायहरूमा लागू गर्दै जान सरकारलाई दबाब दिऊँ। आगे नयाँ सरकारको जो विचार !


kathmandupost.ekantipur.com
KMG
KANTIPUR MEDIA GROUP
LEADERSHIP
THERE ARE "WAYS" TO DO IT...
AND THERE IS THE RIGHT WAY TO DO IT.
Is leadership just about performing or is it about motivation, inspiration and guidance? What does it take to become a leader?
Find all you need to know about Leadership.
the kathmandupost
escalate
The Kathmandu Post brings you Escalate. A perfect set of tools in the form of cutting edge information, analytical knowledge and expert insight on LEADERSHIP, MANAGEMENT, BRANDING, HUMAN RESOURCE...
kathmandu
escalate
IT'S ALL ABOUT
EVERY MONDAY
IN THE KATHMANDU POST
ANS-16

सशस्त्र आन्दोलनका लागि हतियार खोजतलास

भारत, गोरखपुरको फौजी क्यान्टोनमेन्टमा उच्च पदमा कार्यरत मेरा पिताजीलाई भेट्न बीपी कोइराला, कृष्णप्रसाद भट्टराई, डा केआई सिंह, गोपालप्रसाद भट्टराई, बालचन्द्र शर्मा आदि नेताहरू बरोबर आउँथे। राणा शासनविरोधी अभिव्यक्तिका साथै प्रजातन्त्र आगमनपछिका सुनौला दिनहरूबारे उनीहरू बरोबर चर्चा गर्थे । र, पिताजीलाई आश्वासन पनि दिन्थे, 'प्रजातन्त्र आगमनपछिको सुरक्षाफौजको नेतृत्वका लागि तपाईंजस्ता व्यक्ति नै हो हामीलाई आवश्यक पर्ने ।' साथसाथै, त्यही बाटो भएर बनारस, पटना, दिल्ली आदि ठाउँमा संगठन निर्माण गर्ने सिलसिलामा आर्थिक सहयोग पनि लिएर जान्थे । ती सबै कुरा देखेकाले म पनि नेपाली कांग्रेसको राजनीतिबाट नजानिँदो ढंगले प्रभावित हुन पुगेछु ।

त्यही सिलसिलामा विद्यालय तहमा पढ्दै गर्दा नेपाल विद्यार्थी संघ खोलेर काम गर्न थालेँ र बीएस्सीसम्म पुग्दा नपुग्दै त नेपाली कांग्रेसको 'बोनाइफाइड' कार्यकर्ता नै बनिसकेको थिएँ । भारतको ब्रिटिस उपनिवेशवादविरुद्धको 'भारत छोडो' आन्दोलनमा सरिक भएँ र त्यही क्रममा केही दिन जेल अनुभव पनि सँगालेँ ।

भारत स्वतन्त्र भएपछि मुलुकबाहिर र खास गरी भारत प्रवासमा रहेका नेपालीहरू राणाविरोधी आन्दोलनमा ज्यादै उत्साहका साथ सहभागी भए । लामो समय शान्तिपूर्ण आन्दोलन चल्दा पनि त्यसले परिणाममा व्यवस्था परिवर्तनको कुनै छनक देखिएन । त्यही भएर आगामी रणनीति तय गर्न नेपाली कांग्रेसले १० र ११ असोज ००७ मा भारतको बैरगनियामा सम्मेलनको आयोजना गऱ्यो, जो बैरगनिया सम्मेलनका नामले चिनिन्छ। त्यही सम्मेलनमार्फत राणा शासनविरुद्ध सशस्त्र आन्दोलनको घोषणा गरिएको थियो । भारत, बिहारको बैरगनियास्थित एउटा गोदामघरमा सम्पन्न उक्त सम्मेलनले आ-आफ्नो ठाउँमा फर्केर मुक्ति सेना निर्माण गर्ने र हातहतियार जम्मा गर्दै 'गर या मर'को ढंगले आन्दोलनलाई अघि बढाउने निर्णय भएको थियो । म पनि त्यस सम्मेलनमा गोरखपुरबाट प्रतिनिधि भएर सहभागी भएको थिएँ ।

सम्मेलनबाट घर फर्किनासाथ मनमा एकैचोटि धेरै कुरा खेल्न थाले । राती त्यस्तै ११ बजेको हुँदो हो, मेरा बाजेले बेलायतबाट ल्याएर घरमा राखेको दुईनाले बाह्रबोर बन्दुक र टोटा लिएर झ्यालबाट भागेर भैरहवाको मुक्ति सेनाको क्याम्पमा पुगेँ । जम्मु कश्मीर राज्यको पल्टनमा जमदार पदमा कार्यरत नेपाली मूलका व्यक्ति उक्त पल्टन छोडेर मुक्ति सेनालाई सघाउन भैरहवा क्याम्पमा आएका रहेछन् । हातहतियार व्यवस्थापनको जिम्मेवारी उनैले सम्हालेका थिए । मैले पनि आफूले लगेको हतियार उनैलाई जिम्मा लगाएँ ।

मजस्तै थुप्रै व्यक्ति त्यहाँ भरुवा बन्दुक र अरू हातहतियार लिएर पुगेका थिए । मुक्ति सेना र सशस्त्र क्रान्तिप्रतिको स्वस्फूर्त आकर्षण थियो त्यो । साथै, राणा शासनविरुद्धको जनआक्रोश पनि । काशीप्रसाद श्रीवास्तव, रामवरण शर्मा, डा केआई सिंहलगायतका नेताहरू त्यस क्याम्पका हर्ताकर्ता थिए । त्यहाँ जम्मा भएका प्रायः बन्दुक भरुवा र गाउँघरमा चराचुरुंगी मार्न प्रयोग गरिने किसिमका मात्र थिए । ती हतियारले राणा शासनविरुद्ध लड्न सम्भव थिएन । किनभने, उनीहरू त आधुनिक हतियारले सुसज्जित थिए । सामान्य नै भए पनि तालिमप्राप्त थिए ।

मुक्ति सेनालाई संगठित गर्ने र कामको बाँडफाँट गर्ने क्रममा पल्टनेको सन्तान भएको नाताले मलाई भारतका विभिन्न ठाउँमा गएर हातहतियार र ती चलाउन सक्ने तालिमप्राप्त व्यक्ति खोजेर ल्याउने जिम्मेवारी दिइयो । काठमाडौँका देवेन्द्र शाह, कपिलवस्तुका विष्णुबहादुर क्षत्री र देहरादुनकी कमला गुरुङसहित हामी देहरादुन, भाग्सु, बक्लो, चक्रता, सिलोङजस्ता गोर्खा पल्टन र गोर्खालीहरूको बसोवास रहेका क्षेत्रमा पुग्यौँ । आधुनिक हातहतियारका साथै उल्लेख्य मात्रामा गोलाबारुद जम्मा गर्‍यौँ र केही तालिमप्राप्त मानिसलाई लिएर मोर्चामा फर्कियौँ ।

प्रवासमा रहेका गोर्खा फौज र व्यक्तिसँग सम्पर्क र सम्बन्ध बढाउन पिताजीसँगको उनीहरूको परिचय र सम्बन्धले मलाई धेरै सजिलो भयो । आफन्त र चिनेजानेका व्यक्तिका अतिरिक्त पिताजीमार्फत फौजमा रहेका धेरैसँग सम्पर्क कायम गरी आन्दोलनमा होमिन प्रोत्साहित गरेँ ।

हातहतियार जम्मा गरेर आन्दोलनलाई एउटा उचाइमा पुऱ्याउँदै थियौँ । आधुनिक हतियार र गोलीगठ्ठा जम्मा गरेर राणाविरोधी आन्दोलनमा लडिरहँदा मुक्ति सेनाका जवानमा ऊर्जा र मनोबल पनि थपिएको थियो । पश्चिम नेपालका धेरै गौँडा, सदरमुकाम कब्जामा लिँदै राणाविरोधी सशस्त्र आन्दोलन सफलताको अन्तिम विन्दुतिर लम्किरहेको थियो । दुर्भाग्य ! त्यति नै बेला राजनीतिक तहमा भने दिल्ली सम्झौता गरियो । सशस्त्र क्रान्तिमा होमिएका हामी मुक्ति सेनाका जवानहरूलाई आन्दोलनको मझधारमा ल्याएर छोड्ने काम भयो । त्रिपक्षीय सम्झौताद्वारा राणा शासक मोहनशमशेरलाई नै प्रधानमन्त्री बनाएर अघि बढ्ने भइयो । यसरी सशस्त्र क्रान्तिमार्फत मुलुकको अधिनायकवादी एकतन्त्रीय राणा शासन समाप्त गर्ने सपना र अभियान असफल पारियो ।

॥ प्रस्तुति : **ईश्वरी ज्ञवाली**

KMG
KANTIPUR MEDIA GROUP

बल्ल पायौं, अब नगुमाऔं निरन्तरताका लागि जुटौं

न्यूनतम लोडसेडिङका कारण हरेक घर तथा परिवारमा खुसी र उत्साहको माहोल छाएको छ । बिगत १० वर्षदेखि हामीलाई निरीह तुल्याइरहेको लोडसेडिङ फेरि कहिल्यै भोग्न नपरोस् यसका लागि प्रण गरौं ।

अध्यारोमा बिताएका समयबाट ज्ञान लिई, भविष्यमा फेरि यस्तो अवस्था कहिल्यै भोग्न नपरोस् । यसका लागि अग्रसर हौं ।

पिक आवरको समय साँझ ५:३० देखि ८:३० बजे मित्र हिटर, इलेक्ट्रिक आइरन, वासिङ मेसिन जस्ता अत्यधिक ऊर्जा खपत गर्ने उपकरणहरु नचलाऔं।
आफ्ना उपकरणलाई अनावश्यक समयमा जडित अवस्थामा नराखी विद्युत बचत गरौं।

KANTIPUR FOUNDATION
A Philanthropic Initiative of Kantipur Media Group

An Initiative of Kantipur Foundation.

क्रमशः कमजोर

लामो समय बढुवा नहुँदा प्रहरी संयन्त्र सुस्त र अनुभवहीनताले ग्रस्त

मनबहादुर बस्नेत

निर्धारित समयमा बढुवा नहुँदा दुई जना प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी)द्वय मिलन बस्नेत र यादवराज खनालले अवकाश पाए । बस्नेत १९ वैशाखमा र खनाल १३ जेठमा उमेरका कारण सेवानिवृत्त भएका हुन् । प्रहरी नियमावलीमा प्रहरी उपरिक्षक (एसपी) र एसएसपीको उमेर ५५ वर्ष तोकिएको छ । जबकि, उनीहरू बढुवा हुनुपर्ने माथिल्लो तह प्रहरी नायब महानिरिक्षक (डीआईजी)का चारवटा दरबन्दी तीन महिनादेखि खाली छ । डीआईजीको उमेर हद ५६ वर्ष छ । यस हिसाबले बस्नेत र खनाल बढुवा भएको भए थप एक वर्ष डीआईजीमा काम गरेर अवकाश पाउने थिए ।

समयमा बढुवा नहुँदा अवकाश पाउनुपर्नेसम्मको अवस्था सिर्जित हुनु भनेको चरम लापरबाही र अस्तव्यस्तताको अवस्था हो । किनभने, जागिर खानेहरूले आफ्नो क्षमताका आधारमा निश्चित पदसम्म पुग्ने स्वाभाविक लक्ष्य लिएका हुन्छन् । "तर, हामी बढुवाका लागि योग्य हौँ कि होइनौँ भन्ने परीक्षण प्रक्रियामा छिर्नै नपाई बाहिरिनुपर्‍यो," एसएसपी

तस्बिर : नेपाल प्रहरी

प्रहरी महानिरीक्षक प्रकाश अर्याल

समयमै बढुवा नहुँदा अवकाश पाएका प्रहरी वरिष्ठ उपरीक्षकद्वय मिलन बस्नेत र यादवराज खनाल (दायाँ)

बस्नेत भन्छन्, “यत्रो वर्ष देश र जनताको सेवा गरेपछि अन्यायपूर्वक अवकाश पाउनुपर्दा कस्तो पीडा हुन्छ, जो कसैले अनुमान लगाउन सक्छ।”

गत २ चैतमा प्रहरी महानिरीक्षक (आईजीपी) उपेन्द्रकान्त अर्यालसहित ११ जना अतिरिक्त महानिरीक्षक (एआईजी)हरूले अवकाश पाए । तीन महिनादेखि रिक्त पद पूर्ति हुन सकेको छैन । आईजीपी नियुक्तिको विवाद लम्बिएर न्यायालयसम्म पुगेपछि प्रहरी प्रशासनभित्रको माथिदेखि तलसम्मकै नियमित बढुवा नै ‘जाम’ भएको छ, जसले गर्दा प्रहरी कर्मचारीहरूको वृत्तिविकास त अवरुद्ध भएको छ नै, आमनागरिकको सुरक्षासँग प्रत्यक्ष सम्बन्ध राख्ने प्रहरी संगठन आफैँ अस्तव्यस्त बन्दै गएको छ।

बिजोग अवस्था

यतिबेला प्रहरी निरीक्षकदेखि एआईजीसम्मका १ सय ३७ दरबन्दी खाली छ। एआईजीका तीनवटा पद खाली छन्। यसअघि सातवटा दरबन्दी भए पनि ०७१ मा गृहमन्त्री वामदेव गौतमको कार्यकालमा विशेष पद सिर्जना गरेर एआईजी संख्या ११ पुऱ्याइएको थियो । गौतमले नै चलाखीपूर्ण ढंगले यी ११ एआईजीको पदावधि सकिएपछि एआईजी दरबन्दी तीन मात्रै हुने गरी मन्त्रिपरिषद्बाट पारित गराएका थिए। साबिककै दरबन्दीमा एआईजी बढुवा भएमा डीआईजीका ११ सिट खाली हुन्छ । पिरामिड शैलीको संरचनामा खडा भएको प्रहरी संगठनको उपल्लो तहमा बढुवा नहुँदा त्यसको असर तलैसम्म पर्छ।

प्रहरी निरीक्षक (इन्स्पेक्टर) र प्रहरी नायव उपरीक्षक (डीएसपी)मा बढुवाका लागि सबैभन्दा लामो समय पर्खनुपर्छ। यी दुई तहमा बढुवा हुँदा नै ३० वर्षे सेवा अवधिको तीन चौथाइ बित्छ। जस्तो : सहायक निरीक्षक (सई)देखि इन्स्पेक्टरमा बढुवा हुन कम्तीमा १२ वर्ष कुर्नुपर्छ भने त्यसभन्दा माथिल्लो तह डीएसपीमा बढुवा हुन पनि त्यति नै समय पर्खनुपर्ने अवस्था छ। जबकि, सामान्यतः इन्स्पेक्टरदेखि डीएसपीमा चारदेखि ६ वर्षमा बढुवा भइसक्नुपर्छ । पाँच वर्षभित्र डीएसपीदेखि एसपी र एसपीदेखि एसएसपीमा

बढुवा हुनुपर्नेमा सात वर्ष कुर्नुपर्छ। एसएसपीदेखि एआईजीसम्मको बढुवाका लागि गृह मन्त्रालयका सचिवको अध्यक्षतामा बढुवा समिति रहन्छ भने प्रहरी निरीक्षकदेखि एसपीसम्मको बढुवामा प्रहरी महानिरीक्षकको नेतृत्वको समिति। एसएसपीदेखि माथिको बढुवा नै प्रायः लम्बिने गरेको छ। यसको अर्थ हो, सत्ता र पहुँचका आधारमा हुने बढुवा।

तल्लो तहमा लामो समयसम्म बढुवा नभई गाँजिएर बस्नुपर्ने यो अवस्था हल गर्न प्रहरीले ०६९ मा समितिसमेत बनाएको थियो, तत्कालीन एआईजी नवराज ढकालको संयोजकत्वमा। उक्त समितिले अन्तिम प्रतिवेदन नै तयार गर्न सकेन। ढकालका अनुसार समितिले ३० वा ३२ वर्षे सेवा अवधि हटाएर उमेरको हदबन्दी राख्नुपर्ने, विशिष्ट श्रेणी भएकाले आईजीको पदावधि तोक्ने गरी प्रतिवेदन तयार गरेको थियो। “तर, यस्तो व्यवस्था गर्दा फाइदा पुग्ने र नपुग्ने दुई खालका गुट जन्मिए संगठनभित्रै,” ढकाल भन्छन्, “अनि, उनीहरूले आ-आफ्ना पक्षमा राजनीतिक र गृह प्रशासनमा लबिङ गरे । यही विवादका कारण हामीले रिपोर्ट फाइनल गर्न नपाउँदै अवकाश पायौं।”

वृत्ति विकासको योजनामा त्यसपछिका आईजीपीले समेत चासो दिएनन् । “हामीकहाँ कुन तहमा सेवा प्रवेश गरेपछि कुन तहमा पुगेर अवकाश पाइन्छ भन्ने नै सुनिश्चितता छैन,” पूर्वडीआईजी हेमन्त मल्ल भन्छन्, “प्रहरीको यो पाटो बिजोग छ।”

एसएसपीबाट आईजीपी !

तल्लो तहमा लामो समयसम्म बढुवा नहुने भए पनि माथिल्लो तहमा टेक्नासाथै यति द्रुत गतिमा बढुवा हुन्छ कि ती दर्जामा अनुभव नै पर्याप्त हुन पाउँदैन । परिणामः या

प्रहरी प्रधान कार्यालय

आदेश र अवकाश

समयमै बढुवा नगर्दा उमेर हदका कारण अवकाश पाउन बाध्य बनेका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी)द्वय मिलन बस्नेत र यादवराज खनाल दुवैले आफूमाथि अन्याय भएको जिकिर गर्दै सर्वोच्चमा रिट दिए । बस्नेतले १९ वैशाखमा र खनालले ९ जेठमा रिट निवेदन दिएका थिए । बस्नेतको रिटमा अदालतले अन्तरिम आदेश दिन नपर्ने फैसला सुनायो । खनालको हकमा भने 'बढुवासम्बन्धी प्रक्रिया उचित समयमा सम्पन्न नगरिँदिँदा सम्भाव्य उम्मेदवारलाई अपूरणीय क्षति पुग्न जाने हुँदा कानुनबमोजिम प्रक्रिया पूरा गरी बढुवा प्रक्रिया अविलम्ब सम्पन्न गर्नू' भनेर सरकारका नाममा आदेश दियो । ११ जेठमा आदेश दिए पनि खनालले दुई दिनपछि नै अवकाश पाए ।

त सेवा अवधि र उमेर हदका कारण उनीहरूले अवकाश पाउँछन् या छोटो समयमै संगठनको नेतृत्वमा पुग्छन् ।

जस्तो : अबको १० महिनापछि प्रहरी संगठन हाँक्ने प्रत्यासीहरू अहिले शीर्षस्थ तहभन्दा तीन तह तल अर्थात् एसएसपी पदमा कार्यरत छन् । यसको अर्थ हो, संगठन प्रमुख बन्नेहरूले नीति निर्माण तहमा अनुभव बटुल्ने अवधि साह्रै छोटो छ । डीआईजी र एआईजीलाई नीति निर्माण र निर्णय गर्ने तह मानिन्छ । यही तहमा प्रहरी अधिकारीहरूको नेतृत्वदायी क्षमताको परीक्षण हुने गर्छ । विडम्बना ! सांगठानिक क्षमता दीक्षित बनाउने यति महत्त्वपूर्ण तहमा भने पाइला मात्रै राखेर आईजीपीमा फड्को मार्नुपर्ने अवस्थामा पुगेको छ, प्रहरी संगठन ।

३० वर्षे सेवा अवधिका कारण आउँदो २९ चैतमा अहिलेका आईजीपी प्रकाश अर्यालले अवकाश पाएपछि बन्ने संगठन प्रमुखका लागि नीति निर्माण तहको अनुभव लिने अवधि यति साँघुरो बन्दै गएको छ कि उसले विभागीय वा क्षेत्रीय कार्यालयमध्ये कुनै एउटाको मात्रै अनुभव लिनुपर्नेछ । अझ चालू आर्थिक वर्षको कार्यसम्पादन मूल्यांकनसमेत पर्खने हो भने यो बढुवा अझै चार महिना पर धकेलिनेछ ।

प्रहरी नियमावलीले आर्थिक वर्षपिच्छे २२ असोजसम्म कार्यसम्पादन मूल्यांकन गरिसक्नुपर्ने सीमा तोकेको छ । असोजसम्म बढुवा नभएमा भावी आईजीपीले डीआईजीमा ६ महिना मात्रै काम गर्नेछन् । दक्षताको कसीमा नजाँची ह्वात्तै नेतृत्वमा पुग्नुलाई फौजी संगठनमा जोखिमपूर्ण मानिन्छ । "उसको क्षमताको परीक्षण हुन नपाउँदा संगठन कमजोर बन्न सक्ने डर हुन्छ," पूर्वआईजीपी कुबेरसिंह राना भन्छन् ।

३० र ३२ वर्षे सेवा अवधिको हदबन्दी र समयमै पदपूर्ति हुन नसक्दा सार्वजनिक सुरक्षाको अग्रपंक्तिमा उभिने सुरक्षा निकाय यो हालतमा पुगेको हो । प्रहरी संगठन कस्तो दुरावस्थाबाट गुज्रिरहेको छ भने यही व्यवस्था र प्रवृत्ति रहिरहेमा एआईजीको अनुभवबिनै संगठन प्रमुख बन्ने क्रम शृंखलाबद्ध रूपमा खडा भइरहनेछ । जस्तो : आउँदो चैतदेखि आईजी हुने र एआईजीमा बढुवा हुनेहरू एकसाथ २९ माघ ०७६ मा अवकाश पाउनेछन् । त्यसपछि १९ वैशाख ०४९ मा भर्ना भएका ब्याचबाट नेतृत्व छानिनेछ, जो डीआईजीबाटै प्रमुख बन्नेछन् । अझ बढुवामा समेत ढिलाइ भएमा एसएसपी दर्जाबाटै आईजीपी छान्नुपर्ने अवस्था आउन सक्छ ।

खाली दरबन्दी

एआईजी	३
डीआईजी	४
एसएसपी	१०
एसपी	१०
डीएसपी	५७
इन्स्पेक्टर	५३
सई	२०४
असई	३००

स्रोत : प्रहरी प्रधान कार्यालय

प्रहरी संगठनमा एसपीसम्मलाई फिल्डमा खटिने तह मानिन्छ भने एसएसपी तहलाई व्यवस्थापकीय तह । त्यसभन्दा माथिको चाहिँ नीति निर्माण तह हो । संगठनको नेतृत्वमा पुग्नेहरूका लागि नीति निर्माण तह महत्त्वपूर्ण हो । कार्य, विभाग, अपराध अनुसन्धान विभाग, महानगरीय प्रहरी आयुक्त कार्यालय, आईजीपीको सचिवालय, मानवस्रोत विभाग, प्रशासन, प्रहरी प्रशिक्षण प्रतिष्ठान (एकेडेमी) जस्ता नीति निर्माण तहमा रहेर काम गर्नुपर्ने निकाय हुन् । यी विभागहरू एआईजीले नेतृत्व गर्छन् । "मातहतका तहमा के काम कसरी गरिन्छ भन्ने नै थाहा नपाई प्रमुख बन्दा कामको प्रभावकारिता आकलन गरे अनुसारको नहुन सक्छ," पूर्वआईजीपी राना भन्छन् ।

एकातिर वृत्ति विकास नहुनु र अर्कोतिर उपल्लो तहमा पुगेपछि पर्याप्त अनुभव बेगर नै नेतृत्वमा पुग्दा त्यसको असर मुलुकको दैनिक शान्ति सुरक्षामा त पर्छ नै, समग्र मुलुकको अमनचैनमा समेत नकारात्मक प्रभाव पर्ने जोखिम रहन्छ । आफ्नो भविष्य नै अनिश्चित भएपछि प्रहरीबाट सम्पादन हुनुपर्ने कार्य प्रभावकारी बन्ने अपेक्षा गर्न सकिँदैन । साथै, प्रहरी कर्मचारी स्वयंमा पनि नैराश्य पैदा हुन्छ । आफैँ सही हालतमा नरहेको प्रहरीले कसरी दक्षतापूर्वक सुरक्षा दिन सक्छ ? यसले हाम्रो सुरक्षा संयन्त्रलाई कमजोर बनाइरहेको छ ।

"करिअर प्लान लागू गर्ने र ३०/३२ वर्षको प्रावधान हटाउने काम एकसाथ हुनुपर्छ," पूर्वआईजीपी राना भन्छन्, "यी दुवै कुराले प्रहरी संगठनलाई बिगारेको भनेर सबैलाई थाहा छ । तर, कुनै सरकार पनि यसलाई सुधार्न अघि सर्दैन । यस्तो पाराले कहिलेसम्म थेग्छ ?" ◆

हस्त गुरुङ

भरतपुर महा–एम्बुस

अंग्रेजी शब्दकोशमा एम्बुस शब्दको अर्थ धेरै छैन । *न्यु इन्टरनेसनल वेब्स्टर्स डिक्सनरी*ले दिएको अर्थ अनुसार एम्बुस भन्नाले लुकिछिपी गरिने हमला वा कार्य, शत्रुमाथि झुक्याएर गरिने आक्रमण, नियोजित तरिकाले गरिने अप्रत्याशित आक्रमण आदि हुन् ।

इतिहास कोट्याएर हेर्दा एम्बुसको सम्बन्ध सैन्यकार्यसँग जोडिएको भेटिन्छ । विशेषतः सैन्य रणनीति कार्यान्वयनका लागि बनेको यो युद्धनीति गुरिल्ला जातका बाँदरहरूको युद्धचालबाट सिकिएको हो । युद्धरत सैनिकले यो नीति परम्परादेखि प्रयोग गर्दै आएका छन् । यसपछि विद्रोहीहरूले पनि एम्बुस प्रयोग गर्न थाले । शत्रुविरुद्ध अत्यन्त घातक र छलपूर्ण कार्य गरिने भएकाले अनैतिक र कायर समूहले यो रणनीतिको उपयोग गर्छन् ।

एम्बुस शब्दको प्रयोग र प्रभावबारे सर्वसाधारणहरू उति चासो राख्दैनन् । तर, अचेल जनसाधारणहरू नै एम्बुसको खतरामा पर्ने गरेका छन् । यसको राजनीतिक प्रभाव पनि युग खाने खालको देखिएको छ । र, यसको प्रत्यक्ष उदाहरण नेपालमा प्रशस्तै छन् ।

फागुन ०५१ देखि नेपाल कम्युनिस्ट पार्टी माओवादीले देशमा सशस्त्र संघर्ष सुरु गरेपछि शब्दकोशमा सीमित एम्बुस शब्द सशस्त्र संघर्षको मैदानमा प्रदर्शन हुन थाल्यो । र, त्यसका भयानक दुष्परिणामहरू देखिए । देशमा एक दशकदेखि चर्चामा रहेको र सबैभन्दा भयानक परिणाम दिएको एम्बुसचाहिँ चितवनको माडी क्षेत्रको बाँदरमुढे खोलामा देखापरेको हो । युवक, युवती, बालबालिका र वृद्धवृद्धासमेतले खचाखच भरिएको यात्रुबसलाई लक्षित गरी माओवादीले २२ जेठ ०६२ को बिहान थापेको शक्तिशाली बम एम्बुसमा परेर ३८ जनाले घटनास्थलमै ज्यान गुमाए भने उपचारका क्रममा चार जनाको मृत्यु भयो । यो घटनामा घाइते भएका ७४ जनामध्ये केहीको उपचार नपाएर मृत्यु भइसकेको छ । बाँकी पीडितहरू अझै पनि कोही घस्रेर बाँचिरहेका छन् भने कोही मर्नु न बाँच्नुको स्थितिमा छन् । तिनको पीडाको कहीँकतै सुनुवाइ भएको छैन ।

माडीमा एम्बुस प्रहार भएको १२ वर्ष अर्थात् एक जुग बितिसक्दा पनि पीडकहरू न्यायिक कठघरामा परेका छैनन् । बरू, त्यो एम्बुसका प्रायोजक र नियोजक मानिएका तत्कालीन नेकपा माओवादीका शीर्ष कमान्डर पुष्पकमल दाहाल 'प्रचण्ड' दुई पटक देशको प्रधानमन्त्री भइसके । उनको प्रताप र प्रभावले गर्दा घटनाका खेतालाहरू कानुनी दायराभित्र परेका छैनन् ।

बाँदरमुढे एम्बुसले पुऱ्याएको अकल्पनीय क्षतिको १२औं वार्षिक स्मरण तिथि आउनुभन्दा केही दिनअघि मात्र चितवनकै भरतपुरमा अर्को एम्बुस पड्कियो । आफ्नो जिल्लामा दुईवटा भयानक एम्बुस पड्किनाले चितवनवासी अत्यन्त दुःखी छन् ।

महानगरपालिका बनेपछि भरतपुरमा भएको बज्रपातचाहिँ भरतपुर महा-एम्बुसका नामले परिचित हुन पुगेको छ । यो महा-एम्बुसले चितवनका बासिन्दालाई बाँदरमुढे एम्बुसको सम्झना ताजा गराएको छ । बाँदरमुढेमा थापिएको एम्बुसले जुन तहको भौतिक क्षति पुऱ्यायो, भरतपुर मतगणना स्थलमा थापिएको महा-एम्बुसले पनि त्यही तहको मानसिक र आत्मिक क्षति पुऱ्याएको छ । फरक प्रकृतिको घटना भए पनि भरतपुर महा-एम्बुस काण्डमा माडी एम्बुसको प्रतिच्छाया देखिएको छ । फरक के हो भने बाँदरमुढेमा जस्तो यस घटनामा कसैको ज्यान गएन, कोही घाइते पनि भएनन् । तर, भरतपुर वडा नं १९ का करिब २ हजार ९ सय मतदाताको आत्माभिव्यक्ति दुर्घटनामा पर्न गयो । व्यक्तिको स्वतन्त्र अभिव्यक्ति उसको प्राणजत्तिकै महत्त्वपूर्ण मानिन्छ तर त्यही अभिव्यक्तिमाथि क्रुर ज्यादती हुन गयो । यस घटनाका नियोजक, प्रायोजक, कमान्डर र खेतालाहरू पनि माडीमा एम्बुस थाप्ने उही समूहका छन् । तिनको रुचि, प्रवृत्ति र जिकिर उही छ । उनीहरूले बाँदरमुढे एम्बुसलाई क्रान्तिको समयको सामान्य घटना भनेर पन्छाउँदै आएका छन् भने भरतपुर काण्डलाई पनि निर्वाचनको समयको सामान्य घटना बताएर हलुका बनाइरहेका छन् । यी दुवै घटनामा अपराधकर्मलाई पाखा लगाएर अपराधीलाई जोगाउने प्रयास भइरहेको छ । माडी घटनामा माओवादीहरू मात्र प्रतिवादी थिए, यसपालि भने नेपाली कांग्रेसका नेताहरू पनि कमरेडी शैलीमा घटनालाई सामान्यीकरण गर्न लागिपरेका छन् ।

मुख्य निर्वाचन अधिकृतका अनुसार यस वडामा २ हजार ८ सय ८७ मत खसेका थिए । तीमध्ये १ हजार ८ सय ९ मतको परिणाम सार्वजनिक भइसकेको थियो । चाडको ६ सय मतपत्र गनिसकिएर मत परिणाम इन्ट्री हुँदै थियो । यसैमा अत्यधिक विवाद भइरहेको थियो । बाँकी चार सय र चानचुन मत गन्न बाँकी थियो । नागरिकको स्वतन्त्र अभिव्यक्ति अंकित भएको यिनै मतपत्रमाथि हमला भएको थियो ।

सञ्चार माध्यममार्फत आएको जानकारी अनुसार नेपाली कांग्रेसको समर्थनमा माओवादी केन्द्रका तर्फबाट भरतपुर महानगरपालिकाको मेयर पदमा उम्मेदवार रहेकी रेणु दाहाल प्रतिस्पर्धी नेकपा एमालेका उम्मेदवार देवी ज्ञवालीको भन्दा ७ सय ३३ मतले पछाडि परेपछि माओवादी केन्द्रका तर्फबाट मतगणना स्थलमा पठाएका प्रतिनिधिहरूमध्ये तीन जनाले १४ जेठको राती ११:४५ बजेतिर तीन ठाउँबाट मतपत्रमाथि हमला गरे । हमलामा ९० वटा मतपत्र च्यातिएपछि मतगणना स्थगित हुन गयो । मतपत्रमा हमला गर्नेहरूमध्ये दुई जना मधु न्यौपाने र द्रोण सिवाकोटी तत्काल प्रहरी हिरासतमा पुगे । तर, उनीहरू तीन दिनपछि नै धरौटीमा छुटे । उनीहरू छुट्दा सम्बन्धित पार्टीले भव्य स्वागत पनि गऱ्यो ।

निर्वाचन आयोगले सहन्यायाधिवक्ता गीताप्रसाद तिमिल्सिनाको अनुगमन टोलीमार्फत घटनाको छानबिन गरायो र त्यसैको प्रतिवेदनका आधारमा वडा नं १९ मा खसेका सबै मत अवैध घोषित गर्न र अर्को मतदानको मिति तोक्न मुख्य निर्वाचन अधिकृतलाई निर्देशन दियो। कानुनी कुरा गर्ने हो भने पनि व्यक्तिले दिएको आत्माभिव्यक्तिमा कुनै क्षति नपुगेको अवस्थामा कुनै पनि मत कहिल्यै र कसै गरी पनि अवैध हुँदैनन्। क्षति पुगेका ९० मतपत्र रद्द हुने अवस्थामा भए पनि सबै मतपत्रलाई एकाएक अवैध घोषणा गरिदिएपछि जनताको अभिव्यक्तिको घोर अपमान हुन गएको छ। निर्वाचन आयोगले नबिग्रिएका मतपत्रहरूको सम्मान गर्ने परिपाटी बसाल्न सकेन भने मतदाताहरूमा मतदानप्रति नै निराशा बढेर जाने सम्भावना हुन सक्नेतर्फ विचार पुऱ्याउन सकेन। घटनापछि पनि मतगणना स्थलमा रहेका मतपत्रको मुचुल्का नउठाई बेवारिसे लासलाई पोको पारेको जसरी राखेर दुर्व्यवहार गरिएको थियो। त्यो दृश्य जो कसैका लागि पनि असहनीय र वेदनापूर्ण थियो। मतपत्रमा क्षति पुगेमा त्यसको दोषको भागी सुरक्षा दिन नसक्ने सरकार र सुरक्षातन्त्रले लिनुपर्ने हो। उनीहरूले मतपत्रको उच्च सम्मान गर्नुपर्ने हो तर त्यसो भएको देखिएन। व्यक्तिको आत्माभिव्यक्तिको सम्मान गर्ने परम्परा बसेकै पाइएन त्यहाँ।

निर्वाचन आयोगले दिएको निर्देशनविरुद्ध सर्वोच्च अदालतमा मुद्दा परेपछिको सुनुवाइमा २८ जेठसम्म आयोगको आदेश कार्यान्वयन नगर्नु/नगराउनु भन्ने आदेश आएर हाललाई यो घटना यथास्थितिमा राखिए पनि यस घटनाको दुष्प्रभावले देशैभरिका मतदातालाई झस्काएको छ। व्यक्तिको अभिव्यक्ति स्वतन्त्रताको उच्चतम अभ्यास संकटमा परेको देखेर लोकतन्त्र भन्ने शब्द काँपेको छ। आफूले दिएको मताभिव्यक्ति सुरक्षित हुन नसकेको देखिएपछि मतदाताहरूमा अनेकन् शंका-उपशंकाहरू उब्जिएका छन्। देशको निर्वाचन प्रणालीमै चुनौती थपिएको छ।

मतपत्रमाथि हमला हुनुभन्दा क्षणभरअघि मात्र मुख्य निर्वाचन अधिकृतले मतगणना स्थल छोडेको र सुरक्षा प्रभारी प्रमुख जिल्ला अधिकारी घटनास्थल पुग्न अढाइ घन्टा ढिलो गरेको आरोपहरूलाई सामान्यीकरण गर्न मिल्दैन। यस विषयमा आयोगले मतदाताहरूको चित्त बुझ्ने गरी जवाफ दिन सकेको छैन। निर्वाचनप्रति कर्मचारीको जवाफदेहितालाई यसै गरी पन्छाउँदै जाने हो भने भविष्यमा अनेकन् रिङ मास्टरहरूले निर्वाचनलाई प्रभावित गर्ने मौका पाउनेछन्।

नयाँ संविधान अनुसार स्थानीय सरकार बनेपछि गाउँगाउँमा सिंहदरबार बन्नेछ भन्ने उत्साह र उमंगका साथ आफ्ना जनप्रतिनिधिको चुनाव गर्न नेपाली जनताले पहिलो चरणको मतदानमा विशिष्ट तहको सहभागिता देखाएका थिए। ३१ वैशाखमा सम्पन्न पहिलो चरणको मतदान कार्यक्रममार्फत प्रदेश ३, ४ र ६ का ३४ जिल्लाका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकासमेत २ सय ८३ स्थानीय सरकार निर्माणका लागि नेपाली जनताले गरेको मतदानबाट २ सय ८२ स्थानीय निकायको सरकारको चयन भइसकेको छ। तर, चारवटा प्रदेशका ४३ जिल्लाका ४ सय ६१ वटा स्थानीय निकायका लागि मतदान हुनै बाँकी छ। भरतपुर महानगरपालिकाको वडा नं १९ मा पुनः मतदान हुने वा मतगणना हुने भन्ने विषयमा २८ जेठपछि आउने निर्णयले दोस्रो चरणको मतदान कार्यलाई प्रत्यक्ष/अप्रत्यक्ष असर पुऱ्याउनेछ।

यसैबीच मधेसवादी राजनीतिक पार्टीहरूलाई समेटेर लैजाने भनेर सरकारले दोस्रो चरणको मतदानको मिति ३१ जेठबाट सारेर १४ असारमा पुऱ्याएको छ। निर्वाचन ऐनमा पहिलो संशोधन पनि गरिएको छ। तथापि, मधेसवादी दलहरूले आफूले राखेका पूर्ववर्ती मागहरू सम्बोधन गरिए मात्र निर्वाचनमा जाने अडान राखिरहेका छन्। उनीहरू चुनाव चिह्न मात्र लिएर मधेसमा मत माग्न जान सक्ने स्थितिमा छैनन्। सरकारले संसद्‌मा दुईतिहाइको संख्या जुटाएर मधेसवादी दलको माग अनुसार संविधान संशोधन गर्न सक्ने हो वा नसक्ने हो भन्ने प्रश्न पनि उपस्थित छ।

संविधानमा संशोधन भइहाले पनि संशोधनसँगै अन्य समस्याहरू पनि जोडिएर आउने संकेत देखिएका छन्। मधेसवादी दलहरूले जनसंख्याको भार अनुरूप मधेसमा स्थानीय निकायको संख्या थप गर्न जोड दिइरहेका छन्। सरकारले २२ स्थानीय निकाय थप गर्ने निर्णय पनि लिइसकेको छ। मधेसवादी दलहरूले चित्त नबुझाए पनि अदालतले सरकारको पछिल्लो निर्णयमा रोक लगाएको छ। निर्वाचन आयोगले यसबारे के कस्तो तयारी गरेको छ, स्पष्ट छैन।

निर्वाचन आयोगले वीरगन्ज र थपिएका अन्य २२ स्थानीय निकायलाई मान्यता नदिएर पूर्ववर्ती विभाजन अनुसार नै निर्वाचन गराउन चाहेमा विरोध खेप्नुपर्ने अवस्था आउन सक्छ। प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले थप स्थानीय निकायलाई स्वीकार नगर्ने स्पष्ट पारिसकेको छ। सरकारले पनि ७ सय ४४ स्थानीय निकायलाई आधार मानेर बजेट छुट्याइसकेको छ। भरतपुर महा-एम्बुसको घटनाले बाँकी निर्वाचनमा के कस्तो असर पर्ने हो भन्ने चिन्ता झन्-झन् असरदार हुँदै गएको छ। समस्याहरू एकपछि अर्को गरी गुजुल्टिँदै गएका छन्। यस्ता गुजुल्टा फुकाउन निर्वाचन आयोग, सरकार र राजनीतिक दलहरूबीच अग्रिम सहमति हुनु आवश्यक छ।

तर, यी कामहरूभन्दा अघि नै पहिलो चरणको स्थानीय तहको निर्वाचनको सबै स्थानको परिणाम टुंगो लगाउन आवश्यक छ। भरतपुर महा-एम्बुसको घटनालाई उचित तरिकाले टुंगो लगाउन नसकेमा त्यसको दूरगामी असर पर्न सक्नेमा विवाद छैन। निर्वाचन अपराध गर्नेहरूलाई जनताले देख्ने र बुझ्ने गरी दण्डको दायरामा ल्याउन सकेन भने मतपत्र च्यात्ने र बिगार्ने अपराध अझ बढ्न सक्ने आशंका ज्यूँदै छ।

निर्वाचन आयोग, सरकार र राजनीतिक पार्टीहरूले यस्ता घटनाको फड्के किनारामा साक्षी बसेर मात्र समस्या समाधान हुँदैन। बरु, समस्या झनै बल्झन सक्छन्। त्यसैले भरतपुर काण्ड निर्वाचन आयोगका लागि पनि महा-एम्बुस हो भन्ने बेलैमा बुझ्नु जरुरी छ। यस्ता महा-एम्बुसहरूबाट देशको निर्वाचन प्रणालीलाई जोगाउन सक्नुपर्छ। यति कुराचाहिँ पक्का हो। ◆

> **व्यक्तिको स्वतन्त्र अभिव्यक्ति उसको प्राणजत्तिकै महत्त्वपूर्ण मानिन्छ तर त्यही अभिव्यक्तिमाथि क्रुर ज्यादती हुन गयो। यस घटनाका नियोजक, प्रायोजक, कमान्डर र खेतालाहरू पनि माडीमा एम्बुस थाप्ने उही समूहका छन्। तिनको रुचि, प्रवृत्ति र जिकिर उही छ।**

विसंगति

विकृतिको निरन्तरता



अस्तित्वमा नरहने निर्वाचन क्षेत्र र सांसदका लागि फेरि ११ अर्ब रुपियाँ विनियोजन

बाबुराम विश्वकर्मा

आगामी ७ माघ उता अहिलेको व्यवस्थापिका-संसद्, सांसद र निर्वाचन क्षेत्र कुनै पनि अस्तित्वमा रहने छैनन् । तर, अस्तित्वमै नरहने ५ सय ९३ सांसदलाई भने करिब ११ अर्ब रुपियाँ खर्च गर्न पाउने गरी बजेट विनियोजन गरिएको छ । तत्कालीन उपप्रधान एवं अर्थमन्त्री कृष्णबहादुर महराले १५ जेठको बजेट भाषणमै भनेका छन्, 'माननीय सांसदहरूले छनोट गरेका योजनाहरू कार्यान्वयन गर्ने गरी सबै माननीयमार्फत उपलब्ध हुने ५० लाख र प्रत्येक निर्वाचन क्षेत्रबाट निर्वाचित सांसदहरूमार्फत उपलब्ध हुने तीन करोडबाट सञ्चालन हुने निर्वाचन क्षेत्र विकास कार्यक्रम यथावत् राखेको छ ।'

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सांसदका नामका दुई कार्यक्रम 'निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम' र 'निर्वाचन क्षेत्र विकास कार्यक्रम सञ्चालन' नियमावली बनाएको छ, जसले 'यो नियमावली नेपालको संविधानको धारा २९६ बमोजिम रूपान्तरित व्यवस्थापिका संसद्को कार्यकाल रहुन्जेल बहाल रहनेछ' भनेको छ । संविधानको धारा २९६ ले चाहिँ व्यवस्थापिका-संसद्को म्याद ७ माघ ०७४ सम्म किटान गरेको छ । यो व्यवस्थाले ७ माघअघि नै अहिलेको संसद् र सांसद दुवै अस्तित्वमा नरहने मात्र होइन, यी कार्यक्रम लागू गर्न बनाइएको नियमावलीसमेत स्वत: खारेज हुन्छन् ।

त्यति मात्र कहाँ हो र, अन्तरिम संविधान, २०६३ ले तोकेका र अहिले बजेट विनियोजन गरिएका २ सय ४० निर्वाचन क्षेत्र पनि घटेर ७ माघपछि १ सय ६५ मा सीमित हुनेछन् । संविधान अनुसार संसद्को संरचना र संख्या मात्र होइन, स्वरूपमै आमूल परिवर्तन भएको छ, जस अनुसार ७ माघपछि दुई सदनात्मक संघीय संसद् हुनेछ । त्यस्तै, सातवटा प्रदेशमा प्रदेश तहका संसद् हुनेछन् भने ७ सय ४४ स्थानीय तहमा त्यति नै संख्यामा स्थानीय संसद् बन्नेछन् । तर, मन्त्री महराले पुरानो संसदीय अभ्यास अनुसार नै बजेटलाई निरन्तरता दिएर संघीय प्रणालीको मर्ममै प्रहार गरेका छन् । "एकवर्षे कार्यकाल पनि म्याद नभएका ५ सय ९३ सांसदका नाममा बजेट विनियोजन गरेर तीन तहको संघीय संरचनालाई चुनौती दिइएको छ," संघीयतामा वित्तीय व्यवस्थापनविज्ञ खिमलाल देवकोटा भन्छन्, "पहिले नै खारेज हुनुपर्ने कार्यक्रमलाई फेरि निरन्तरता दिएर संघीय व्यवस्थालाई नै हास्यास्पद बनाउन खोजिएको छ, जसको कुनै औचित्य नै छैन ।"

०५४ मा प्रतिसांसद पाँच लाख रुपियाँबाट सुरु गरिएको सांसद विकास कोष कुनै नीति-नियम र मापदण्डबिना सांसदकै मनोमानीमा चल्यो । तर, ०५७ मा त्यसविरुद्ध सर्वोच्च अदालतमा रिट दायर भएपछि अदालतले कानुन बनाएर मात्र सांसद विकास कोष कार्यान्वयन गर्न आदेश दियो । त्यही आदेशका अनुसार ०५८ मा तत्कालीन स्थानीय विकास मन्त्रालयले जारी गरेको हो- निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली । त्यही नियमावली अनुसार कार्यान्वयन हुँदै आएको यो कार्यक्रममा ०७१ देखि फेरि नयाँ कार्यक्रम थपेर बजेट पनि बढाइएको छ । त्यसयता, सांसदका नाममा दुईवटा कार्यक्रम लागू गरिएको छ, एउटा निर्वाचन क्षेत्र विकास कार्यक्रम, जसका लागि ०७१ यता प्रतिसांसद ५० लाख रुपियाँ विनियोजन हुँदै आएको छ भने अर्को निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम, जसमा प्रतिनिर्वाचन क्षेत्र तीन करोड रुपियाँ ।

जथाभावी र हचुवामा खर्च गरिएको र विकृति बढेकाले विगतमा सार्वजनिक क्षेत्रबाट सांसद लक्षित यी दुवै कार्यक्रम खारेज गरिनुपर्ने आवाज उठेको थियो । विरोधकै बीचमा यो कार्यक्रमलाई खारेज होइन, सरकारले विस्तार गर्‍यो कार्यक्रम र बजेट दुवै थपेर । स्मरणीय छ, ३१ वैशाखमा स्थानीय तहको पहिलो चरणको चुनाव सम्पन्न भइसकेकाले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले चालू आर्थिक वर्षमा अर्थ मन्त्रालयमा कार्यक्रम तथा बजेट प्रस्ताव गर्दा यी दुई कार्यक्रमका लागि बजेट माग गरेको थिएन । तर, मन्त्री महराले विषयगत मन्त्रालयको प्रस्तावबिनै विवादास्पद यी दुवै कार्यक्रमलाई रकम छुट्याए । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको ग्रामीण विकास समन्वय शाखाका अधिकृत जनकराज शर्मा भन्छन्, "यो कार्यक्रमको औचित्य नै नभएकाले हामीले यो वर्षको कार्यक्रममा समेटेका थिएनौं तर बजेटमा यो कार्यक्रम यथावत् आउँदा आश्चर्य लागेको छ ।"

निर्वाचन क्षेत्र विकास कार्यक्रमका नाममा सबै सांसद (प्रत्यक्ष निर्वाचित, समानुपातिक र मनोनीत)लाई ५० लाख रुपियाँ दिइएकाले यो

कार्यक्रम सांसदले आफूखुसी चाहेको योजना र ठाउँमा खर्च गरिरहेका छन् । तर, निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमको तीन करोड रुपियाँका लागि भने सांसदहरूबीच कटाक्ष नै हुने गरेको छ । जस्तो : सुनसरी-२ को उदाहरण हेरौँ । यो कार्यक्रम कार्यान्वयन गर्न त्यस क्षेत्रबाट प्रत्यक्ष निर्वाचित सांसद रेवतीरमण भण्डारी कार्यक्रम निर्देशन तथा व्यवस्थापन समिति संयोजक छन् । उनी नेतृत्वको समितिमा त्यस क्षेत्रका चार जना समानुपातिक सांसद पनि सदस्य छन् । समितिका समानुपातिक सांसदले मागे अनुसार प्रतिसांसद १०-१० लाख रुपियाँ नदिई कार्यक्रम लागू नै गर्न नसकिएको स्वयं सांसद भण्डारी बताउँछन् । भन्छन्, “उहाँहरूले भनेको योजनामा पैसा नहाली अरू कुनै काम नै गर्न सकिँदैन । दबाब र धम्की दिएर पनि बजेट हात पार्नुहुन्छ ।” त्यसैले उनी निर्वाचन क्षेत्र विकास कार्यक्रमका नाममा लागू दुवै कार्यक्रमबाट दिक्क भएका छन् । अब स्थानीय निकाय गठन भइसकेकाले यो कार्यक्रमका नाममा विनियोजित रकम सोझै गाउँपालिका र नगरपालिकामा पठाउनु उचित हुने उनको सुझाव छ । भन्छन्, “यो काम सांसदले गर्ने होइन तर हामीलाई जबर्जस्ती गर भनिएको छ, के गर्ने ?”

समानुपातिक र मनोनीत सांसदले निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमको तीन करोड रुपियाँमा हालीमुहाली गर्न नपाएकाले केही समानुपातिक र मनोनीत सांसद बजेट आउनुअघि यो कार्यक्रमलाई खारेज नै गर्न अर्थ मन्त्रालय धाएका थिए । “कसैलाई तीन करोड अनि आफूहरूलाई चाहिँ ५० लाख दिएर भेदभाव भएको केही सांसदहरूको जोड यो कार्यक्रम खारेज गर्नुमा थियो तर त्यो गुनासो सम्बोधन भएन ।” व्यवस्थापिका संसद्को सुशासन तथा अनुगमन समितिका सदस्य जनकराज जोशी भन्छन्, “सांसदको काम पैसा बाँड्ने र योजना कार्यान्वयन गर्ने हुँदै होइन तर कतै नभएको जात्रा देखाइएको छ । त्यसैले दुवै कार्यक्रम खारेज हुनुपर्छ ।”

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले प्रस्ताव नगरी मन्त्री महराले निरन्तरता दिएका यी विवादित कार्यक्रम अब कसरी कार्यान्वयन गर्ने भन्ने संकटसमेत उत्पन्न भएको छ । यसअघि निर्वाचित सांसदले आफ्नो क्षेत्र अनि मनोनीत र समानुपातिक सांसदले सिफारिस गरेको जिल्ला र क्षेत्रमा यी कार्यक्रम कार्यान्वयन गरिन्थ्यो । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सांसदका योजना र मागबमोजिम बजेट निकासा दिने अनि सम्बन्धित जिल्ला विकास समितिमार्फत कार्यक्रम कार्यान्वयन गरिँदै आएका थिए । तर, अब जिल्ला विकास समिति नै खारेज भएकाले यो वर्ष घोषित कार्यक्रम कसले कार्यान्वयन गर्ने भन्ने टुंगो छैन ।

विडम्बना के भने यी दुवै कार्यक्रम कार्यान्वयन भए या भएनन् भनेर कसैले पनि अनुगमन गरेको छैन । निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम कार्यान्वयनका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्वाचन क्षेत्रमा संस्थागत संयन्त्र खडा गरे पनि निर्वाचन क्षेत्र विकास कार्यक्रमको प्रतिसांसद ५० लाख रुपियाँ कार्यान्वयन सांसदको मनोमानीमा हुने गरेको छ । मनोनीत र समानुपातिक सांसदले आफ्नो खल्तीका योजनामा बजेट हाल्ने प्रवृत्ति छ । त्यसैले त यी दुवै कार्यक्रमको बेरुजु झन्डै अर्बको हाराहारी पुगेको छ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको रेकर्ड अनुसार ०५४ देखि ०७३ सम्मको बेरुजु ८१ करोड १५ लाख ५७ हजार ६ सय ६८ रुपियाँ छ । बेरुजु शाखाका उपसचिव भरत पौडेल भन्छन्, “माननीयज्यूहरू आफैँ शक्तिशाली हुनुहुन्छ, हामीले जति ताकेता गर्दा पनि बेरुजु फर्स्योट गर्न नै कठिन भएको छ ।”

निर्वाचन क्षेत्र विकास कार्यक्रमका नाममा जाने सबै बजेट तथा कार्यक्रमको सार्वजनिक परीक्षण गर्ने भनिएको छ । तर, यी कार्यक्रमको सामाजिक तथा सार्वजनिक लेखा परीक्षण विरलै भएको छ । विकृति बढ्दै गएको र सांसदहरूले हचुवा र मनोमानी खर्च गर्ने प्रवृत्ति भएकाले नै यो कार्यक्रम खारेजीको आवाज उठेको हो । हुन पनि प्रतिसांसद वार्षिक ५० लाख रुपियाँ निकासा हुँदा ५ सय ९३ सांसदको नाममा २ अर्ब ९६ करोड खर्च हुन्छ भने प्रतिनिर्वाचन क्षेत्रमा तीन करोड रुपियाँ खर्च गर्दा वार्षिक ७ अर्ब २० करोड खर्च हुने गरेको छ । सांसद जोशी भन्छन्, “निर्वाचन क्षेत्र विकासको खोल ओढेर वर्षको करिब ११ अर्ब रुपियाँ लगानी गरेर संसद् र सांसदको दुवैको गरिमा र भूमिका क्षयीकरण गरिएको छ, यो रोकिनुपर्छ । हामी परियोजना व्यवस्थापक होइनौँ, विधायक हौँ ।”

जथाभावी योजनाका लागि रकम बाँड्ने एउटा थप काम दिएर जनप्रतिनिधिलाई परियोजना व्यवस्थापकमा झारिएको छ । यो उपक्रम चलेको २० वर्ष भइसकेको छ । राज्यको ढुकुटीबाट सांसदका नाममा बजेट विनियोजन गरेर सांसदले योजना बनाउने, बजेट माग्ने र वितरण गर्ने काम विधायकको हुँदै होइन । यसबाट संसद् र सांसदको भूमिका अन्यत्र मोडिएको मात्र छैन, संसद् र सांसदको विधायकी भूमिकासमेत विनाश भएको छ । संसद् र सांसदलाई विनाश गर्ने शृंखलाकै निरन्तरता हो, मन्त्री महराले सांसदहरूका नाममा विनियोजित गरेको रकम ।

सरकारले सांसदलाई बजेट दिनु भनेको उसलाई कार्यपालिकाप्रति बफादार बनाउनु हो । शक्ति सन्तुलन तथा पृथकीकरणको सिद्धान्त र लोकतान्त्रिक अभ्यासविपरीतका यी दुवै कार्यक्रम पनि नेपालमा सरकार गठन र विघटनमा सांसदहरूको खरिद-बिक्री उत्कर्षमा पुगेको बेला सुरु गरिएको हो । देवकोटा भन्छन्, “विकासका लागि सांसदले सरकारको ध्यानाकर्षण गराउन सक्छन् तर खल्तीमा योजना बोकेर पैसा बाँड्दै हिँड्ने कामचाहिँ गर्दैनन् ।” ◆

KMG
KANTIPUR MEDIA GROUP

Radio Kantipur
रेडियो राष्ट्रको

We are Radio Kantipur, Radio Rastrako

Transforming ourselves to flourish the bond connected from heart to heart. We have become the change to embellish every new relationship. Now, we'd like to strengthen our bond, embracing the changing time and circumstances.

आमाका पीडा

कम उमेरमा गर्भवती, रगत अभाव र अस्पताल टाढा हुँदा समस्या

तस्विरहरू : अर्जुन शाह

पाण्डुसेन, बाजुराका महिला

अर्जुन शाह/मार्तडी

बाजुराको विकट साप्पाटा, रुणीगाउँकी सुर्मादेवी धामी, ४०, पहिलाझैँ घरमै सुत्केरी भइहाल्लिन् भन्नेमा ढुक्क थियो, परिवार। तर, कुर्दाकुर्दै दोस्रो दिन बित्यो। सुर्मालाई भने व्यथाले च्याप्दै गयो। सास्ती बढ्दै गएपछि तेस्रो दिन बल्ल उनका पति कृष्ण धामीले छिमेकीलाई गुहार्दै स्वास्थ्य चौकी लैजाने सुरसार गरे।

रुणीबाट नजिकको स्वास्थ्य चौकी पुग्न तन्दुरुस्त मान्छेलाई कम्तीमा पनि ६ घन्टा लाग्छ। भिरको अनकन्टार बाटोमा व्यथाले च्यापेकी गर्भवती बोकेर राती अबेर स्वास्थ्य चौकी पुगे, उनीहरू। चौकीकी अनमि सबिता चौधरीले चेकजाँच गर्दा आफूले सम्हाल्न नसक्ने बताउँदै प्राथमिक स्वास्थ्य केन्द्र कोल्टी लैजान भनेपछि उनीहरू राती नै कोल्टीका लागि हिँडे। तर, बीच बाटोमै सुर्मा सुत्केरी भइन्। उनको कोखबाट दुई घन्टाको फरकमा दुइटा शिशु जन्मे। दोस्रो जन्मँदा पहिलोको मृत्यु भइसकेको थियो। "कोल्टीका लागि रातारात हिँड्यौं तर बाटैमा सुत्केरी भइन्," कृष्ण भन्छन्, "पहिलो बच्चा मृत भएकामा भन्दा पनि सुर्माको ज्यान तलमाथि पर्ला कि भन्ने चिन्ता थियो।"

बाजुराको बिच्छयाँका कुनै पनि गर्भवतीले हालसम्म स्वास्थ्य संस्थामा बच्चा जन्माएका छैनन्। गुम्बालगायत अधिकांश गाउँमा सुत्केरी व्यथा सुरु हुनेबित्तिकै गोठमा राख्ने चलन छ। "गुम्बाका कुनै पनि शिशु हालसम्म गोठबाहिर जन्मिएका छैनन्," गाउँकै छिरिङ लामा भन्छन्।

मुगु, हुम्लाका बासिन्दासमेतको उपचार गराउने मुख्य थलो बाजुराकै कोल्टीमा रहेको प्राथमिक स्वास्थ्य केन्द्र हो। केन्द्रमा कार्यरत चिकित्सक विजयकुमार साह भन्छन्, "४५ वर्षको उमेरसम्म बच्चा जन्माउने, कम उमेरमा गर्भवती हुने, गोठमा सुत्केरी राख्ने, नियमित गर्भजाँच नगराउने चलनले यस क्षेत्रका गर्भवतीहरूको जीवन ज्यादै असुरक्षित छ।"

बाजुराका ग्रामीण क्षेत्रमा धेरैजसो २० वर्ष उमेर नपुगेका गर्भवतीले सुत्केरी हुने बेला जोखिम उठाउनुपरेको छ। तोली स्वास्थ्य चौकीको तथ्यांक अनुसार गत वर्ष सुत्केरी गराउन आएकामध्ये ४० जनाको उमेर २० वर्षभन्दा कम थियो। कोल्टी स्वास्थ्य केन्द्रमा गत वर्ष सुत्केरी गराउन आएका २ सय ४७ मध्ये ९७ जना २० वर्षभन्दा कम उमेरका रहेको तथ्यांक छ।

स्वास्थ्य कार्यालयका रामचन्द्र यादवका अनुसार बाजुरा जिल्लाभरको तथ्यांक हेर्दा गत वर्ष कुल २ हजार २ सय ८८ गर्भवतीमध्ये ६ सय ८२ जनाको उमेर २० वर्षमुनि रहेको छ। ◆

रगत अभाव

आँटीचौर-८, नाइना गाउँकी दीर्घदेवी चँदारा, ३०, घरमै सुत्केरी भएको ६ दिनसम्म रक्तश्राव नरोकिएपछि परिवारले जिल्ला अस्पताल मार्तडी पुऱ्यायो। उनको हेमोग्लोबिन रिपोर्ट हेरेपछि उपचारमा संलग्न चिकित्सक अत्तालिए। दीर्घदेवीको शरीरमा हेमोग्लोबिनको मात्रा १ दशमलव ५ मात्रै थियो। जबकि, हेमोग्लोबिनको मात्रा ६ प्वाइन्टभन्दा न्यून भए खतरा हुन्छ।

डाक्टरले बिरामीका परिवारलाई रक्तदाता खोज्न भने। तर, बिरामीका परिवारले रक्तदाता जुटाउन सकेनन्। अस्पतालमा रहेका अन्य बिरामीका कुरुवाहरूलाई रक्तदानका लागि रातभर हारगुहार गरे। तर, कोही पनि रगत दिन तयार भएनन्। रक्तदान गर्दा शरीर कमजोर हुन्छ भन्ने भ्रम भएकाले रक्तदान गर्न अधिकांश स्थानीय तयार हुँदैनन्। केही उपाय नलागेपछि अस्पतालकै स्वास्थ्यकर्मीले रगत दिएर सुत्केरीको ज्यान बचाए।

बाजुराका अधिकांश ग्रामीण समाजमा महिलाहरूले चुलोचौकोदेखि मेलापातको सबै काम सम्हाल्नुपर्ने चलन बदलिएको छैन। पुरुषका लागि समाज खुला छ भने महिलाले गर्भवती र सुत्केरी हुँदा पनि कडा परिश्रमका काम गर्नुपरेको छ। महिला तथा बालबालिका कार्यालयकी महिला निरीक्षक बिन्दु बडाल भन्छिन्, "व्यवस्था फेरियो, जमाना फेरियो तर महिलाका कष्टका दिन फेरिएका छैनन् यहाँ।"

चुनाव, चुनाव, मात्र चुनाव

नवनिर्वाचित प्रधानमन्त्री देउवाको मूल कार्यभार स्थानीय, प्रदेश र केन्द्रको निर्वाचन

■ रामबहादुर रावल

बहालवाला प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को प्रस्तावमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा प्रमुख कार्यकारीमा निर्वाचित हुँदा मुलुक स्थानीय तहको निर्वाचनको मुडमा छ । प्रधानमन्त्रीका लागि निर्वाचन प्रक्रिया सुरु भइसकेपछि पनि प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले संसद्मा प्रश्न गरे, 'अहिले प्रधानमन्त्री परिवर्तन गर्नु के जरुरी थियो ?'

जवाफमा प्रधानमन्त्रीमा निर्वाचित हुँदै गरेका देउवाको व्यंग्योक्ति थियो, 'यस्तो चिन्ता पछि पनि गर्नुहोला ।' अर्थात्, आफू प्रधानमन्त्री भइसकेपछि गठबन्धनमा धक्का पुऱ्याउने र आफ्नो सरकार ढाल्ने काम एमालेले नगरोस् भन्ने उनको आशय थियो ।

देउवा तिनै हुन्, जसले एमाले अध्यक्ष ओली नेतृत्वको संयुक्त सरकारको प्रमुख घटक नेकपा माओवादी केन्द्रलाई प्रभावमा पार्न सफल भएका थिए । ओलीको गाथगादीमाथि देउवाको त्यो अचूक हमलापछि एमाले नेतृत्व घाइते बाघजसरी रन्थनिनुपर्ने अवस्थामा पुग्यो, जसको थोरबहुत धडधडी अझै छ ।

प्रचण्ड आफ्नो कार्यकाल सकेर देउवालाई बिनाकचिंगल सत्ता हस्तान्तरण गर्न त तयार भए तर यो गठबन्धन टिकाउन कतिन्जेल लागि पर्छन् भन्नेचाहिँ भविष्यकै गर्भमा छ । उही गठबन्धन भए पनि प्रचण्डको प्रधानमन्त्रित्व र देउवाको प्रधानमन्त्रित्वमा थोरै समानता र धेरै भिन्नता छ । तात्कालिक एजेन्डामा देउवाको प्रतिबद्धता र कार्यशैली, देउवाप्रति प्रचण्डको लगाव, प्रमुख प्रतिपक्षीको भूमिका र भूराजनीतिक आयामहरू यो गठबन्धनका आयु निर्धारक हुन् ।

सत्ताको भोक र चुनावी सहकार्य

देउवा लामो समय कांग्रेसमा गिरिजाप्रसाद कोइरालाको व्यक्तितन्त्रसँग लडे । उनलाई कहिल्यै जितेनन् तर कहिल्यै हार खाएनन् । सुशील कोइराला र रामचन्द्र पौडेलसँग पनि आमनेसामने भए । भिडेरै सही, उनले ४० प्रतिशतको भागबन्डालाई कांग्रेसमा संस्थागत नै गरे । निकै ठूलो संघर्षपछि उनले मुलुककै पुरानो, देशव्यापी संगठन सञ्जाल भएको र संसद्को सबैभन्दा ठूलो दलको नेतृत्व हात पारे, फागुन ०७२ मा सम्पन्न १३औँ महाधिवेशनबाट । ४० प्रतिशतका लागि संघर्ष गर्नुपर्ने ठाउँबाट अब उनी दिने ठाउँमा पुगे । कांग्रेसको नेतृत्व हात पार्ने मिसन सफल भएपछि उनको अर्जुनदृष्टि सत्तामा केन्द्रित भयो ।

३ असोज ०७२ मा संविधान जारी भएलगत्तै गठन भएको ओली नेतृत्वको सरकारको कमजोर कडी थिए, प्रचण्ड । देउवाले तिनैलाई तारो बनाए । प्रधानमन्त्रीको पासा फ्याँकेपछि उनी सिंहदरबार नजिक पुगे । प्रचण्डको हातमा सत्ताको कमान आए पनि बाहिरै बसेर देउवाले घुमाइरहे । यी दुई दुस्साहसी र महत्त्वाकांक्षी नेताको गठजोडकै कारण अप्रिय र कठोर कदमहरूसमेत चालिए ।

लोकप्रिय छवि भएकी बहालवाला प्रधानन्यायाधीश सुशीला कार्कीमाथि हठात् महाभियोग र न्यायालयलाई गिजोल्ने प्रयास सर्वाधिक जोखिमको खेल थियो । प्रहरी महानिरीक्षकमा आफूनिकटको व्यक्तिलाई जसरी पनि नियुक्त गर्नुपर्ने देउवाको दबाबपूर्ण प्रस्तावमा प्रधानमन्त्री प्रचण्डले मन्त्रिपरिषद्को छाप लगाइदिँदा कम्ता अबगाल बेहोर्नुपरेन । प्रधान्यायाधीशलाई महाभियोग लगाएर न्यायपालिकासँग प्रत्यक्ष द्वन्द्वमा सरकारलाई उतारियो । यो हदसम्मको जोखिम प्रचण्ड र देउवाबाहेक अरू राजनीतिक पात्रले सायदै लिन्थे ।

यी जे-जति कर्म गरे, प्रचण्डले आफू बसेको ड्राइभिङ सिट सुरक्षित गर्नका लागि गरे । देउवाले प्रचण्डलाई जे-जति सहयोग गरे, सक्दो चाँडो आफूले त्यो सिट पाउनका निम्ति गरे । एकले अर्काका निम्ति अपजस र आलोकप्रियताको भारी बोकिदिए । प्रचण्डले देउवालाई सक्दो खुसी पारे । अझ भन्दा देउवालाई गुनासो रहने ठाउँ नै दिएनन् उनले । देउवाको साथमा जोखिमभन्दा जोखिमका काममा समेत प्रचण्ड हात हाल्न तयार भए ।

यसबीचमा प्रचण्डले देउवाबाट पाउनुपर्ने जति धेरै हदसम्म पाइसके । आफैँले प्रधानमन्त्री बनाएका ओलीबाट वचन तोडेर अपमान झेलेका

तस्बिरहरू : भास्कर ओझा

देउवा सरकार

पुरानो गठबन्धनको निरन्तरता

- ०६३ को अन्तरिम सरकारपछि कांग्रेस–माओवादीको दोस्रो सरकार
- राजनीतिक शक्तिका दृष्टिले स्वाभाविक, पहिलो पार्टी नेतृत्वमा
- संसद्को ३८८ मत
- मधेसकेन्द्रित दलहरूको समर्थन
- मधेसकेन्द्रित दलहरू नरम, चुनाव र सम्झौतामुखी
- प्रतिपक्षी एमाले तुलनात्मक रूपमा नरम
- पहिलो चरणको चुनाव भइसकेको परिस्थितिमा देउवाको सत्तारोहण
- साढे सात महिना मात्र समयावधि बाँकी
- थोरै समयमा धेरै काम गर्नुपर्ने दबाव
- प्रचण्डले देउवाबाट हस्तान्तरणको अपेक्षा गर्ने ठाउँ छैन
- देउवा सरकार बनाइसकेपछि त्यसलाई टिकाउनु प्रचण्डले दायित्वका रूपमा नलिन सक्छन्
- प्रचण्डका कुरा देउवाले नकार्न पनि सक्छन्
- देउवा दिने ठाउँमा छन्, प्रचण्ड लिने ठाउँमा
- प्रधानमन्त्री मात्र कांग्रेस, अन्य निकायमा फरक दलका
- सत्ता पक्षको आत्मविश्वास बढेको छ, प्रतिपक्षको पारो घटेको छ
- अहिले चुनावको माहोल छ

दुई गठबन्धन सरकारका समानता

- उनै साझेदार
- उही समझदारी
- उही कार्यसूची
- उनै मूल पात्र
- उही प्रतिपक्षी
- मधेसकेन्द्रित दलहरूको भूमिका (सरकारलाई समर्थन तर सरकारबाहिर बसेर बार्गेनिङ)

प्रचण्डले देउवाबाट अनपेक्षित स्नेह पाए। त्यसैको फलस्वरूप नौ महिनासम्म सत्तामा रहे। पहिलो चरणको स्थानीय तहको निर्वाचनमा उल्लेख्य सिट कमाए। र, सबैभन्दा ठूलो गुन त प्रचण्डले आफ्नै पुत्रीका निम्ति देउवाको त्याग पाए। आफ्नो दलका कैयौं नेता-कार्यकर्ताको आलोचना खेपेर र चित्त दुखाएर पनि देउवाले प्रचण्ड-पुत्री रेणु दाहाललाई भरतपुर महानगरपालिकाको मेयर पदमा जिताउने प्रयासमा भरपूर साथ दिए। यद्यपि, मतगणना विवादित हुँदा अन्तिम नतिजा आइसकेको छैन। राजनीतिशास्त्रका प्राध्यापक कृष्ण पोखरेल भन्छन्, "देउवा यो गठबन्धन टिकाउन सम्भव भएसम्मका सबै उपाय लगाउँछन्। माओवादीको पनि हत्पत्ति एमालेतिर मन फर्केला जस्तो छैन। त्यसैले स्थानीय निर्वाचन मात्रै होइन, राष्ट्रिय निर्वाचन र त्यसपछिको अवस्थासम्म कायम राख्नका लागि हो यो गठबन्धन।"

मधेस कार्ड

संविधान जारी हुनुअघिदेखि नै मधेसलाई तताउने कोसिस एकथरीबाट भयो। तत्कालीन १६ बुँदे सहमतिप्रति असहमत पक्षहरू संविधान जारी हुँदासम्म आक्रोशको उत्कर्षमा थिए। प्रमुख तीन दल कांग्रेस, एमाले र माओवादी १६ बुँदे सहमतिका प्रमुख कर्ता थिए। संविधान जारी हुनेबित्तिकै कांग्रेस अर्को बाटो लाग्यो, प्रधानमन्त्रीमा सुशील कोइरालाको उम्मेदवारी दिएर। एमाले, माओवादीलगायतका दल सत्ताको सिँढी चढे।

संविधानप्रति असन्तुष्ट पक्षहरूको तारो एमाले बन्यो। तिनै असन्तुष्टका आवाजमा बल पुग्ने गरी कांग्रेसले बेलाबेला आलोचनाका मट्यांग्रा प्रहार गरिरह्यो। तत्कालीन सत्ता गठबन्धनबाट जब माओवादीलाई नै छुटाउन कांग्रेस सफल भयो, आक्रोशित बन्ने पालो एमालेको आयो। असन्तुष्टहरूको 'पोजिसन' हेरफेर भयो। पूर्व-पश्चिम राजमार्गको

आन्दोलन छाडेर उनीहरू सिंहदरबार केन्द्रित भए ।

मधेसकेन्द्रित दलहरूलाई 'इन्गेज' राख्न सरकारले पनि संविधान संशोधनदेखि स्थानीय तह पुनःसंरचना हेरफेर गर्नेसम्मका प्रक्रिया पालैपालो अगाडि बढायो । त्यतिखेर उसले संविधान पढेन । न्यायालयको मुड बुझेन । केवल मधेसकेन्द्रित दलहरूका मागलाई सरकारी कागजमा उतारियो । त्यसले प्रदेश-५ मा अर्को प्रतिक्रिया जन्मायो र केही समय तनावमा गुज्रियो मुलुक । त्यो प्रतिक्रिया कांग्रेस-माओवादीलाई थेगिनसक्नु भयो । र, सरकार प्रदेशको सीमा हेरफेर गर्ने प्रस्तावबाट पछाडि हट्यो । स्थानीय तहको संख्या थप्ने निर्णय पनि अदालतले रोकिदियो । यी सबै निर्णयबाट कांग्रेस र माओवादीलाई केही क्षति भएन । एमाले विरोधमै थियो, उसको जित भयो । फसात् पर्‍यो, मधेसकेन्द्रित दलका नेताहरूलाई । उनीहरूको निर्विकल्प उपाय थियो, प्रचण्ड सरकारलाई दिएको समर्थन फिर्ता लिनु, लिए ।

प्रचण्ड सरकारको मूल आधार कांग्रेस र मधेसकेन्द्रित दलहरूको मोर्चासँग भएको समझदारी थियो । समझदारीको एउटा पक्ष आफ्नो बाटो लागेपछि प्रचण्ड सरकारको राजनीतिक वैधता खस्कियो । गणित कायमै राख्न उनले विजयकुमार गच्छदारदेखि कमल थापा र प्रेमबहादुर सिंहसम्मको सहयोग लिए । जबकि, सुरुमा गच्छदार र थापालाई सिंहदबार भित्र्याउन देउवा अनिच्छुक थिए । पछि प्रचण्डको बाध्यता बुझेर सहमत भए ।

मधेस कार्डले प्रचण्ड र देउवालाई पालैपालो सत्तामा पुर्‍यायो । मधेस आन्दोलन मत्थर भयो । नाकाबन्दीदेखि प्रधानमन्त्रीको भ्रमणमा नोकझोँकसम्म पुगेको भूराजनीतिक सम्बन्ध लयमा आयो । उनीहरूका केही गुनासा सम्बोधन संविधानको पहिलो संशोधनबाटै भएका थिए । केही हुने क्रममा छन् । तसर्थ, मधेस कार्डको लाभ यस गठबन्धनले त लियो नै, ६ वटा मधेसकेन्द्रित दलहरूलाई समेत राष्ट्रिय जनता पार्टी, नेपाल नामको एउटै छातामुनि ल्याइदियो । यद्यपि, राजपाले चुनावमा गइहाल्ने निर्णय भने अझै गरिसकेको छैन । राजनीतिक विश्लेषक विष्णु सापकोटा भन्छन्, "अब राजपा निर्णायक शक्ति रहेन र असुरक्षाभावले ग्रस्त छ । उपेन्द्र यादव चुनावमा सामेल भएपछि त उसलाई झन् दबाब परेको छ ।"

वातावरण सहुलितपूर्ण तर समयको चाप

स्थानीय तहमा पहिलो चरणको चुनाव भइसकेको र दोस्रो चरणको निर्वाचन दुईपटक

प्रचण्ड सरकार

नयाँ गठबन्धन

- ०६३ को अन्तरिम सरकारपछि कांग्रेस–माओवादीको पहिलो सरकार
- राजनीतिक शक्तिका दृष्टिले अस्वाभाविक, तेस्रो पार्टी नेतृत्वमा
- संसद्को ३६३ मत
- मधेसकेन्द्रित दलहरूको समर्थन, बीचैमा फिर्ता
- मधेसकेन्द्रित दलहरू आन्दोलन र सर्तमुखी
- प्रतिपक्षी एमाले आक्रोशित
- चुनावको कुनै तयारी नभएको परिस्थितिमा प्रचण्ड प्रधानमन्त्री
- नौ महिना कार्यकाल पूरा
- तुलनात्मक रूपमा सुविधाजनक समय, काम थोरै सम्पन्न
- वाचा गरेको समयभित्र सत्ता पाउने देउवाको आशा
- प्रचण्ड सरकार र गठबन्धन टिकाउनु देउवाको समेत दायित्व
- देउवा अड्कनखटन गर्ने, प्रचण्ड मान्न बाध्य
- प्रचण्ड दिने ठाउँमा, देउवा लिने ठाउँमा
- राज्यका तीन निकायमा आफ्नै पार्टीका थिए, सभामुख, प्रधानमन्त्री र उपराष्ट्रपति
- सरकार बन्दा सत्ता गठबन्धन एकदमै अलोकप्रिय, प्रतिपक्षप्रति बढी सहानुभूति
- तराई मधेसमा आन्दोलन

सारिसकिएकाले अब टार्न र सार्न कुनै पनि बहाना बाँकी छैन । सरकारका नीति तथा कार्यक्रम र बजेट पनि सार्वजनिक भइसकेका छन् । दोस्रो चरणको निर्वाचनमा राजपालाई भाग लिने वातावरण बनाउन संसद्को नियमावलीका नियमित प्रक्रिया निलम्बन गरेर भए पनि निर्वाचन कानुन द्रूतमार्गबाट सच्याइसकिएको छ ।

तसर्थ, स्थानीय तहको बाँकी क्षेत्रको चुनाव आगामी १४ असारमा भएपछि देउवा सरकारको वास्तविक परीक्षा सुरु हुनेछ । र, उनको कार्यकालको सफलता-असफलता मात्रै होइन, चौथोपटक प्रधानमन्त्रीको शपथ वाचन गर्नुको औचित्यसमेत उनले प्रदेश र संघीय व्यवस्थापिकाका दुई चुनावको सफलताबाट स्थापित गर्नुपर्नेछ ।

३ असोज ०७२ मा जारी संविधानलाई संस्थागत गर्न र यसले परिकल्पना गरेका व्यवस्थाहरूलाई स्थायित्व दिन आगामी ७ माघसम्मको संक्रमण निर्णायक छ । राज्यका तीनवटै तहमा निर्वाचित प्रतिनिधिहरू आएपछि नै संघीयताको कार्यान्वयन हुनेछ । बाँकी दैनिक प्रशासन सञ्चालन, सवैधानिक निकायहरूसँगको सम्बन्ध र सुशासनका काममा कम्तीमा प्रचण्ड सरकारको अध्याय नदोहोरियोस् । लोडसेडिङ अन्त्यजस्तो जनजीवनलाई सहज बनाउने र समाजको सबै तप्कामा दीर्घकालीन छाप छाड्ने अर्को कुनै काम होस् । काम गर्ने हो भने मुद्दाको कुनै अभाव छैन । तर, ७ माघसम्मको साढे सात महिने संक्रमणलाई सम्झिँदा जोकोहीलाई देउवाको विगत बिर्सन मन लाग्छ । राजनीतिशास्त्री हरि शर्मा भन्छन्, "विगत हेरी भविष्य आश्वस्त पार्ने खालको नेतृत्व हामीसँग छैन । सैद्धान्तिक र व्यावहारिक धरातल सबैको कमजोर छ ।"

विपक्षीको भूमिका

अहिले विपक्षी मोर्चा केही कमजोर र तितरवितर भएको छ । सत्ताको समर्थनमा संसद्को दुईतिहाइ निकटको मत (२८८) जम्मा भएको छ । प्रचण्ड र देउवा दुवैलाई जोड्ने रसायन हो, एमालेलाई 'साइज'मा राख्ने उद्देश्य । यी दुईका दिमागमा यो रसायन उत्पादन भइरहेसम्म गठबन्धन कायम रहनेछ ।

संविधान संशोधनको स्पष्टतः विपक्षमा एमाले रहेको छ । र, ऊ सत्तामा पनि छैन । अरूको सत्ता लम्ब्याउन धेरै त्याग र लचकता अपनाउनु पनि छैन उसलाई । आफ्नो पक्षमा देखिएको जमात जोगाएर चुनावमा जानु उसको अहिलेको पहिलो प्राथमिकता हो । यति हुँदाहुँदै पनि यो गठबन्धनलाई सबैभन्दा ठूलो सहयोग एमालेले नै गर्नुपर्ने राजनीतिशास्त्री शर्मा बताउँछन् ।

"देउवा यो गठबन्धन टिकाउन सम्भव भएसम्मका सबै उपाय लगाउँछन् । माओवादीको पनि हत्पत्ति एमालेतिर मन फर्केला जस्तो छैन । त्यसैले स्थानीय निर्वाचन मात्रै होइन, राष्ट्रिय निर्वाचन र त्यसपछिको अवस्थासम्म कायम राख्नका लागि हो यो गठबन्धन ।"

● कृष्ण पोखरेल
राजनीतिशास्त्री

यहाँनिर उल्लेख्य के छ भने लगातार सदन अवरुद्ध गर्दै आएको प्रतिपक्षी एमालेले २२ जेठमा कांग्रेस र माओवादीसमेतलाई चारबुँदे प्रतिबद्धता गराएको छ र सदन अवरोध अन्त्य गरेको छ । यति मात्र होइन, एमालेले यसपटक देउवाविरुद्ध प्रधानमन्त्रीको उम्मेदवारीसमेत दिएन । स्थानीय तहको पहिलो चरणको निर्वाचनले पनि राष्ट्रवादको बाजा बजाएर मात्र जनमत उसप्रति आकर्षित नहुने रहेछ भन्ने देखाएको छ । बरू, सहरी क्षेत्रमा प्रधानन्यायाधीशविरुद्ध महाभियोग र महानिरीक्षक नियुक्तिमा हस्तक्षेपका कारण कांग्रेस-माओवादीप्रति विरक्तिभाव जनमतमा देखिएको पाइयो । त्यसैले आगामी निर्वाचनमा एमालेले आफ्नो भूमिका र रणनीति पुनःविचार गर्न सक्छ ।

यसको संकेत २५ जेठमा संसद्मा प्रस्तुत स्थानीय तह निर्वाचन ऐन, २०७३ मा पहिलो संशोधन विधेयक द्रूतमार्गबाट पारित गर्न ऊ लचक देखियो । "राजपालगायत शक्तिलाई भित्तामै पुर्‍याउने हाम्रो उद्देश्य होइन । उनीहरूलाई पनि राजनीतिमा स्पेस दिनुपर्छ भन्नेमा सचेत छौं," एमाले सचिव एवं प्रचार विभाग प्रमुख योगेश भट्टराई भन्छन्, "बरू, विगतमा कांग्रेस र माओवादी उक्साहट अनि वैदेशिक शक्तिको इन्जेक्सनमा राजपाले हामीप्रति भिन्न दृष्टिकोण

शेरबहादुर देउवा र केपी ओली

"विगत हेरी भविष्य आश्वस्त पार्ने खालको नेतृत्व हामीसँग छैन । सैद्धान्तिक र व्यावहारिक धरातल सबैको कमजोर छ । तर, अन्तिम समयमा निर्णय गर्ने र हतारमा काम गर्ने हाम्रो नेतृत्वको चरित्र छ । त्यसैले यिनैप्रति आश र भरोसा नगरी पनि सुख छैन ।"

● हरि शर्मा
राजनीतिशास्त्री

राख्यो । अब उनीहरू पनि चुनावमा आऊन् र चुनावको वातावरण बनोस् । हामी लचक बन्न तयार छौं ।"

भूराजनीतिक परिदृश्य

चिनियाँ राष्ट्रपति सी चिनफिङको गत असोजमा हुने भनिएको नेपाल भ्रमण नेपालको सत्ता परिवर्तनकै कारण सम्भव भएन । र, लामो समय चीन-नेपाल संवादहीनताले 'वान बेल्ट वान रोड' (ओबीओआर)लगायतका रणनीतिक मुद्दामा गृहकार्य हुन पाएन । अन्तिममा जाँदाजाँदै प्रचण्डले भारतलाई 'नचिढ्याईकन' ओबीओआरमा हस्ताक्षर गर्नेदेखि बूढीगण्डकी आयोजना चिनियाँ कम्पनीलाई र भारतको चासो रहेको काठमाडौं मधेस द्रूतमार्ग नेपाली सेनालाई निर्माण गर्न दिने निर्णय गरे । राजपा निर्वाचनका लागि तयार हुनु र देउवाको हातमा सहजै सत्ता हस्तान्तरण हुनु पनि भूराजनीति-निरपेक्ष घटनाक्रम होइनन् ।

गत वर्षको १९ कात्तिकमा देउवा भारतको गोवामा आयोजित कार्यक्रममा तिब्बतबाट निर्वासित दलाई लामाको सरकारका प्रतिनिधिसँगै भाषण गरेर आएपछि चीन उनीप्रति सशंकित छ । तर, देउवा सरकारका प्रमुख दुई मन्त्री माओवादीका छन्, उपप्रधान तथा परराष्ट्रमन्त्री कृष्णबहादुर महरा र गृहमन्त्री जनार्दन शर्मा । यो गठबन्धनविरुद्ध चीन कडा रूपमा प्रस्तुत नहोस् भनेर प्रचण्डले चलाखीपूर्वक यस खालको व्यवस्थापन गरेको जानकार स्रोतको भनाइ छ । त्यसो त प्रचण्ड नेतृत्वको गठबन्धन सरकार निर्माणताका यिनै महरा र शर्माको सक्रियता थियो । तसर्थ, यो गठबन्धनमा फुट आउने अवस्थामा चीनले मलजल गर्न सक्छ । यो गठबन्धन भत्काउन उसले सक्रिय भूमिका ननिभाए पनि यसभित्र गडबडी आउँदा उसका निम्ति सुखद समाचार बन्न सक्छ ।

यो गठबन्धन निर्माणमा भूमिका खेलेका एक माओवादी नेताका भनाइमा प्रचण्डका पालामा दक्षिणी छिमेकीका कतिपय चासोका निर्णय हुन सकेनन् र देउवा आगमनको सुनिश्चितताका लागि उसले नकारात्मक भूमिका पनि खेलेन । चीन-भारत मामिलाका जानकार रूपक सापकोटाका भनाइमा यी घटनाप्रति भारतले प्रतिक्रिया मात्र जनायो, क्रियात्मक रूपमा अगाडि आएन । भन्छन्, "अबको गृह र परराष्ट्र नेतृत्वले सुपुर्दगी सन्धि, जलस्रोतलगायतका भारतका परम्परागत एवं रणनीतिक चासोहरू सम्बोधन गर्न कत्तिको कौशल प्रदर्शन गर्छ, ती विषयलाई कसरी हेन्डल गर्छ र राष्ट्रिय हित सुरक्षित गर्छ भन्ने कुरामा पनि यो सरकारको सफलता र सुनिश्चितता निर्भर गर्ला ।"

कहिलेसम्म गठबन्धन ?

प्रचण्डप्रति आभार र आश्वस्तता प्रकट गर्न देउवा पनि आफ्नो शपथलगत्तै लाजिम्पाटस्थित प्रचण्डनिवास पुगे, २४ जेठमा । कांग्रेसले उदारतापूर्वक शक्तिशाली र आकर्षक मन्त्रालयहरू तेस्रो दल माओवादीलाई दिएको छ । यी दुई दलबीच शक्तिको साझेदारीमा खासै विवाद भएन । तैपनि, प्रचण्डप्रति देउवाको यो अनुग्रह र हार्दिकता कहिलेसम्म रहला भन्ने प्रश्न गर्ने ठाउँ प्रशस्तै छ । हिजो प्रचण्डमाथि देउवा हावी हुँदा प्रचण्ड सहनुपर्ने ठाउँमा थिए, आफ्नै कुर्सीका निम्ति सहे । फेरि पनि त्यही स्वभाव देउवाले देखाए र प्रचण्डले आफ्नो भागमा अपजस मात्र पाए भने उनको मन बदलिन सक्छ ।

हिजो आफ्नो पार्टीको स्वार्थ रक्षाका निम्ति कांग्रेसका तर्फबाट नेतृत्व गर्ने विमलेन्द्र निधिले जसरी भूमिका खेले, आगामी दिनमा महराले त्यो भूमिका खेल्न सक्छन् कि सक्दैनन्, ती कुरालाई देउवाले स्थान दिन्छन् कि दिँदैनन् भन्ने पक्षले समेत अर्थ राख्नेछ । किनभने, कतिपय शासन-प्रशासनका दैनिक मामिला यस्ता हुन्छन्, जो प्रचण्ड-देउवाबीच छलफल गर्न सम्भव हुँदैन । अझ गृहमन्त्री एवं पूर्वमाओवादी सैन्य कमान्डर जनार्दन शर्माको आफ्नै शैली छ, जसलाई देउवाले कसरी लिन्छन् भन्ने पनि प्रतीक्षाको विषय छ ।

जे होस्, मुलुकमा यस्तो गठबन्धनले निरन्तरता पाएको छ, जसका सूत्रधारहरू आफ्ना महत्त्वाकांक्षा पूरा गर्न जस्तोसुकै जोखिम मोल्न तयार छन् । तर, तत्कालका मुद्दा सम्बोधन गरी ७ माघसम्मको संक्रमणभित्रै मुलुकको विधि र व्यवस्थालाई लयमा हिँडाउने वचन हरेक अभिव्यक्तिमा देउवा-प्रचण्डले दिएका छन् । ढिलै भए पनि यसतर्फ केही सकारात्मक संकेत पनि देखाएका छन् । विगतमा तीनपटक प्रधानमन्त्री भएसकेका देउवाका कुनै पनि कार्यकाल मुलुकले सम्झनलायक भएनन् । यही कार्यकाललाई सम्झनलायक बनाउने पनि तीन तहका निर्वाचनको सफलता नै हुनेछन् । राजनीतिशास्त्री शर्मा भन्छन्, "तर, अन्तिम समयमा निर्णय गर्ने र हतारमा काम गर्ने हाम्रो नेतृत्वको चरित्र छ । त्यसैले यिनैप्रति आश र भरोसा नगरी पनि सुख छैन ।" ◆

सीताराम बराल

निवासको हालीमुहाली

शीर्ष पार्टीका शीर्ष नेताहरूको प्राथमिकतामा पार्टी कार्यालयभन्दा आफ्नो वासस्थान नै

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा अघिल्लो दिन (२३ जेठ) मात्र चौथो पटक सरकार प्रमुख निर्वाचित भएका थिए। तिनै देउवालाई बधाई दिन २४ जेठको बिहान जानेहरूको भीडले महाराजगन्ज-बूढानीलकण्ठ मूल सडकबाट एक किलोमिटर पूर्वतर्फ रहेको उनको निवासमा पुग्ने सडक जन्तीजस्तै लाग्ने गाडी र मानिसहरूको लस्करले छपक्कै थियो। लस्करमा सामेल हुने अधिकका हातमा बुके र खादा थिए । जतिसक्दो चाँडो पुग्ने, देउवाको गलामा खादा पहिऱ्याउने, बुके हस्तान्तरण गर्ने र बधाई दिनेको सूचीमा आफ्नो नाम दर्ज गराउने अचम्मको हतार तिनीहरूमा देखिन्थ्यो। निवासमा चाहिँ खादा र बुके लिएर उभिएका दर्जनौँ मानिस भेटघाट कक्षतिर जाने ढोका कहिले खुल्ला र बधाईका साथ देउवालाई खादा-बुके चढाउन पाइएला भन्दै अधीरतासाथ प्रतीक्षारत थिए।

यस्तो दृश्य अचेल देउवा निवासमा मात्र होइन, केपी शर्मा ओलीको भक्तपुर बालकोट र लाजिम्पाटस्थित पुष्पकमल दाहाल 'प्रचण्ड' निवासमा पनि देखिन्छ। माओवादी केन्द्रका धेरै बैठक प्रचण्ड निवासमै हुने गरेका छन्। प्रचण्ड प्रधानमन्त्री हुँदा होस् वा नहुँदा- महत्त्वपूर्ण बैठकका लागि समेत पार्टीका शीर्ष नेताहरूले प्रचण्ड निवास नै धाउनुपर्ने बाध्यता छ। पार्टीको बैठकबाट गरिएको निर्णय भनिए पनि धेरैजसो उनकै तजबिजमा हुने गरेका छन्।

खासमा कार्यकर्ताबाट निर्वाचित भएर आएका नेताहरूले निर्णयको थलो पार्टी कार्यालयलाई बनाउनुपर्ने हो । जनताबाट निर्वाचित भएपछि संसद्, सरकारजस्ता वैधानिक निकायहरूबाट निर्णय गर्नुपर्ने हो । तर, नेताहरूले निर्णयको थलो पार्टी कार्यालय र संसद्-सरकारजस्ता वैधानिक निकायलाई होइन, निजी निवासलाई बनाउने गरेका छन्। निवासबाटै व्यक्तिगत तवरमा निर्णय गर्ने, छलफलबिना आसेपासेहरूलाई अवसर प्रदान गर्ने प्रवृत्ति बढ्दै गएपछि कार्यकर्ता र शुभेच्छुकहरूमा पनि चाकडीका लागि नेताहरूको निवास धाउने आमप्रवृत्ति बन्न पुगेको छ।

झन्डाबिनाका दरबार

नेताले आफ्नो निजी निवासलाई 'दरबार' बनाउने वा कार्यकर्ता-समर्थकहरू दरबार मानेर नेताकहाँ जाने प्रवृत्ति नयाँचाहिँ होइन। नेपाल

तस्बिरहरू : भास्कर ओझा

एकीकरणदेखि नै भारदारका निवासमा पनि अहिले शक्तिमा रहेका नेताहरूका निवासमा जस्तै 'दरबार लाग्न' सुरु गरेको हो । पृथ्वीनारायण शाह जीवितै छँदा उनका भाइहरू शक्तिशाली बन्दै थिए, तिनले आफ्नो निवासलाई 'दरबार'मा परिणत गरेका थिए । यो क्रमले राणाकालमा मात्र होइन, गणतान्त्रिक नेपालमा पनि निरन्तरता पाइरहेको छ ।

राणा शासन र पञ्चायती व्यवस्थाको अन्त्यपछि नेताका निवासहरू 'दरबार'जस्तै बन्दै जानुमा केही व्यावहारिक कारण पनि छ । प्रतिबन्धित कालमा एकातिर राजनीतिक पार्टीहरूको संगठन र प्रभाव तीव्र रूपमा विस्तार भइरहेको थियो । अर्कोतिर, प्रतिबन्धित पार्टीका कार्यालय थिएनन् । भए पनि ती कमै खुल्थे, त्यो पनि थोरै समयका लागि । व्यवस्थित पार्टी कार्यालय नभएकाले शीर्ष कार्यकर्ताहरू भेटघाटका लागि नेताको घर पुग्थे । काठमाडौंमा बसोवासको प्रबन्ध नभएका ती कार्यकर्ताहरूको आश्रयस्थल पनि नेताकै निवास हुन्थ्यो ।

पञ्चायतविरुद्धको संघर्ष सफल भएपछि कांग्रेस, एमालेले कार्यालयलाई व्यवस्थित त गरे । तर, कार्यकर्ता-समर्थकलाई भने निजी निवासमै धाउन प्रोत्साहित गरिरहे । जहाँसम्म एमाले नेताहरूको प्रसंग हो, लामो भूमिगत जीवन व्यतित गरेर आएका महासचिव मदन भण्डारीलाई कांग्रेसले 'दुलोबाट निस्केको नेता' भनेर प्रचारित गरिदियो । अर्थात्, कसैले नचिनेको नेताका रूपमा कांग्रेसले महासचिव भण्डारीलाई प्रचारित गरिदियो । हुन पनि आमजनताले त परै जाओस्, स्वयं तत्कालीन मालेका कार्यकर्ताले समेत महासचिव भण्डारीलाई चिनेका थिएनन् ।

कांग्रेसले गरेको आक्रामक प्रचारका कारण एमालेका नेताहरूलाई पनि धेरै कार्यकर्ता-समर्थकले चिन्छन् भन्ने देखाउनैपर्ने बाध्यता आइलाग्यो । महासचिव भण्डारीविरुद्ध कांग्रेसले जसरी प्रचार गऱ्यो, त्यसको कारण एमालेका अरू नेताहरूमा नेता बन्ने हो भने घरमा र वरिपरि भीडभाड जम्मा गर्नुपर्ने रहेछ भन्ने पऱ्यो । र, त्यही संस्कार मौलाउँदै गएर ओलीको निवासले बालकोट, माधव नेपालको कोटेश्वर निवास पाइसकेको छ, भलै राणा र राजतन्त्रकालमा जस्तो त्यहाँ राष्ट्रिय झन्डा नफहराइएको होस् ।

बूढानीलकण्ठस्थित निवासमा शेरबहादुर देउवालाई बधाई दिन लामबद्ध कार्यकर्ता

कांग्रेसका हकमा चाहिँ गिरिजाप्रसाद कोइरालाकहाँ नै भीड जम्मा हुन्थ्यो । जीवित छँदा बीपी कोइराला तारिणीप्रसाद कोइरालाको जयवागेश्वरीस्थित निवासमा जान्थे । प्रतिबन्धित भएकाले पार्टी कार्यालय थिएन । देशभरिबाट काठमाडौं आइपुगेका नेता-कार्यकर्ता बीपीलाई भेट्न जयवागेश्वरी पुग्थे । बीपीको निधनपछि पार्टी संगठनमा गिरिजाप्रसाद कोइराला प्रभावी भए पनि पार्टी केन्द्रीय कार्यालयमा चाहिँ सभापति कृष्णप्रसाद भट्टराई प्रभावी थिए । त्यसैले पार्टीभित्र आफ्नो प्रभाव थप विस्तार गर्न कोइरालाले आफू समर्थक नेता-कार्यकर्तालाई पार्टी कार्यालयमा होइन, आफ्नो निवासमा आउन प्रेरित गर्न थाले । पार्टी कार्यालयभन्दा नेताको निवास बलियो बन्ने क्रम त्यहीँबाट सुरु भयो ।

जहाँसम्म प्रचण्डको प्रसंग हो, माओवादी केन्द्रको सांगठनिक पद्धति र प्रचण्डको स्वभावका कारण पनि पार्टी कार्यालयमा होइन, प्रचण्डको निवासमा भीड लाग्ने गरेको हो । अघिल्लो साता प्रधानमन्त्री रहुन्जेलसम्म त्यो भीड प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमै जम्मा भइरहेको थियो । माओवादी केन्द्रका एक नेताको भनाइमा, पार्टी पंक्तिले उनैलाई हेडक्वार्टर मान्ने र आफैँ पनि व्यक्तिवादी स्वभावका भएकाले पार्टीका अधिकांश निर्णय व्यक्तिगत तवरले निवासबाटै गरिदिने गरेका छन् । नेतृत्वको आलोचना गर्ने प्रवृत्ति अझै विकसित भई नसकेकाले पनि पार्टीका निर्णय निवासबाटै गर्न प्रचण्डलाई सहज भएको छ ।

पार्टी कार्यालयबाट निर्णय गर्दा छलफलबाट गर्नुपर्ने हुन्छ । निर्णयअघि प्रस्तावको पक्ष-विपक्षमा बहस हुन्छ । पार्टी कार्यालयबाट हुने निर्णयमा पारदर्शिताको मात्रा पनि धेरै हुन्छ । सामूहिक आधारमा निर्णय हुने हुँदा पार्टी कार्यालयबाट हुने निर्णयले नेताको कतिपय निजी चाहनामा अंकुश लगाइदिन्छ । पार्टी कार्यालयबाट हुने निर्णयमा पारिवारिक स्वार्थ र दबाबहरूको भूमिका पनि न्यून हुन्छ । एमाले उपमहासचिव घनश्याम भूसाल भन्छन्, "यही कारण पनि नेताहरू

सकभर पार्टीबाट निर्णय गराउनु नपरोस् भन्ने ठान्छन्, पार्टी कार्यालय होइन, निवासबाट गर्न चाहन्छन् ।"

समाज पनि उस्तै

सांस्कृतिक-धार्मिक रूपमा पनि नेपालीले शक्तिपीठहरूमा पूजा गर्ने भएका कारण अध्येताहरू नेपाली समाजलाई शक्तिपूजक समाज भन्न रुचाउँछन् । शक्तिको पूजा गर्नु भनेको खासमा शक्तिमा रहेकाहरूको चाकडी गर्नु हो । यही कारण पार्टीका कार्यकर्ता-समर्थकहरू पनि जो शक्तिमा छन्, तिनैको नजिक हुन चाहन्छन् । नेताहरूको ध्याउन्नचाहिँ शक्ति आर्जन गरेर सत्तामा पुग्नु हुन्छ । यसका लागि भीड सहायक हुन्छ । त्यसैले उनीहरू पनि निवासमा कार्यकर्ता/समर्थकको भीड जम्मा गर्न चाहन्छन् । नेता र कार्यकर्ता-समर्थक दुवैको स्वार्थ मिलेकाले चाकडीका लागि भीड लाग्ने गरेको छ ।

नेपाली समाजको शक्तिपूजक प्रवृत्ति काठमाडौंमा मात्र होइन, गाउँघरमा पनि देख्न पाइन्छ । आफूकहाँ जति ठूलो भीड जम्मा गर्न सक्यो, स्थानीय ठालूहरू आफूलाई शक्तिशाली महसुस गर्छन् । राणाकालदेखि नै हामीकहाँ आफूप्रति बफादारिता प्रकट गर्नेलाई अवसर र पुरस्कार दिने प्रचलन छ । र, बफादारिता प्रकट गर्ने उत्तम अवसर नेताहरूका पुगेर गरिने स्वस्ति हो । राजनीतिशास्त्री कृष्ण पोखरेल भन्छन्, "मप्रति बफादार छ र त फलानो मलाई स्वस्ति गर्न आयो भन्ने ठान्छन् नेताहरू । र, अवसर तिनै स्वस्ति गर्नेले पाउँछन् । नेताकहाँ लाग्ने भीड खासमा त्यही अवसर प्राप्तिका लागि हो ।"

हामीकहाँ चाकडी परम्पराले जरा गाड्नुको मूल कारण योग्य-अयोग्य छुट्याउने मापदण्ड नभएकाले पनि हो । शैक्षिक योग्यता वा अनुभवलाई मापदण्ड मान्न नसकिने त होइन । तर, त्यसको गणना विरलै हुने गरेको छ । त्यसको साटो कुनै व्यक्ति कतिपटक आफूकहाँ आयो, त्यसैका आधारमा शक्तिमा पुगेकाहरूले अवसर दिने गरेका छन् । मानवशास्त्री प्राध्यापक डिल्लीराम दाहाल भन्छन्, "कसैलाई चाकडी गर्नु भनेको म तपाईंको भक्त हुँ भनेर चिनाउनु पनि हो, मान्छे चिन्ने एउटा प्रभावकारी माध्यम हो चाकडी । आफूलाई चिनाउनकै लागि मानिसहरू शक्तिमा रहेका नेताहरूकहाँ धाउने गरेका हुन् ।"

खासमा राजनीति सत्ता र शक्तिको खेल हो । सत्ता पक्षको नेतालाई शक्ति आर्जन गर्नु छ, विपक्षीलाई शक्ति प्रदर्शन गरेर तर्साउनु छ र प्रतिस्पर्धामा अगाडि देखिनु छ । यसैका लागि उनीहरू आफ्नो निवासमा भीड जम्मा गर्छन् । उता नेताको चाकडीमा जानेहरूको स्वार्थचाहिँ आफूलाई नेताको नजिक देखाएर अतिरिक्त लाभ लिने हुन्छ । शक्तिमा रहेका नेताको घर धाएर पहुँच बनाउन सक्दा गाह्रो-साह्रो पर्दा नेताको सहयोग पाउने त छँदै छ, यो सम्बन्धका आधारमा उसले अरूबाट समेत मानमनितो पाउन सक्छ, अप्ठ्यारो परेका बेला प्रहरी-प्रशासनको सहयोग पनि पाउन सक्छ । चाकडी गर्ने र खोज्ने दुवैको स्वार्थ मिलेकाले पनि नेताका निजी निवासमा भीड लाग्ने गरेको हो ।

निवासमा भीड जम्मा गर्न सक्दाको लाभ बुझ्न गणेशमान सिंह र गिरिजाप्रसाद कोइराला वा शेरबहादुर देउवा र शैलजा आचार्यको नियति हेरे पुग्छ । कोइराला आफ्नो निवासमा अपार भीड जुटाउन सफल थिए । उनको निवासमा पुग्ने कार्यकर्तालाई लाभ र अवसर पनि दिए । यस्तो अवसर सिंह र भट्टराईले दिन सकेनन् । त्यसैले उनीहरूलाई विस्थापित गरेर पार्टीलाई नै आफू मातहत बनाए । आचार्य आदर्श, संघर्ष र बौद्धिकताका दृष्टिले देउवाभन्दा अब्बल थिइन् । तर, भीडमा विश्वास नगर्ने आचार्य कांग्रेसबाट त्याज्य बनिन् । भीड जम्मा गर्न सकेका देउवा चार-चारपटक प्रधानमन्त्री र सभापति बन्न सफल भएका छन् ।

जहाँसम्म राणा र राजतन्त्रजस्तो सामन्ती व्यवस्थाविरुद्ध संघर्ष गरेका नेताहरू आफैं किन 'राजा' हुन र निजी निवासलाई दरबारजस्तो बनाउन खोज्छन् भन्ने प्रसंग हो, आफू अनुकूलको निर्णय गर्न पाइनुका अलावा नेताहरूको वर्गीय धरातल र चिन्तनको सीमाका कारण यस्तो भएको हो । सामन्तवादविरुद्धको हरेक संघर्षमा सामन्ती सत्ता-संरचनाभित्रैका मानिसहरू ईर्ष्या-डाह र विभिन्न स्वार्थका कारण सामेल भए । जस्तो : राणा शासनविरुद्ध राणा परिवारकै सदस्यहरू । त्यसैले राणा शासनको पतनपछि त्यो ठाउँमा आफूहरू पुगेको ठाने । र, उही व्यवहार देखाए । राजतन्त्रविरुद्धको संघर्षमा लागेका नेताहरूले पनि उनीहरूकै सिको गरे ।

खल्तीमा पार्टी

२३ जेठका दिन प्रचण्डले बहुजन शक्ति पार्टीका वरिष्ठ उपाध्यक्ष राधेश्याम पासवानसहितको समूहलाई माओवादी केन्द्रमा प्रवेश गराए भने बेलौरी (कञ्चनपुर) नगरपालिकाका कांग्रेसका नगर सभापति रामलाल राना र सचिव विक्रम चन्दलगायतलाई २५ जेठमा माओवादीमा भित्र्याए । कार्यक्रम थियो, माओवादी केन्द्र

बालकोट, भक्तपुरस्थित आफ्नो निवासमा केपी ओली कार्यकर्ताका साथ

नवप्रवेशी

कोइरालाको सिको

बहुदलीय व्यवस्था पुनःस्थापनापछि पार्टी र राजनीतिमा आफूलाई स्थापित गर्न निवासमा कार्यकर्ताहरूको भीड जम्मा गर्ने कार्यको व्यवस्थित सुरुआत नेपाली कांग्रेसका तत्कालीन महामन्त्री गिरिजाप्रसाद कोइरालाले गरेका थिए। पार्टी केन्द्रीय कार्यालय र अन्य निकायमा सभापति कृष्णप्रसाद भट्टराईको प्रभाव रहेका कारण कोइरालाले महाराजगन्जमा छुट्टै सम्पर्क कार्यालय स्थापना गरे, जसको उद्देश्य सभापति भट्टराईलाई कमजोर बनाएर पार्टीमा आफ्नो वर्चस्व स्थापित गर्नु थियो।

पार्टी केन्द्रीय कार्यालय आफ्ना लागि सुविधाजनक नठानेपछि कोइरालाले त्यो कदम चालेका थिए, जहाँ पार्टी कार्यालयमा भन्दा धेरै अर्थात् १० जना कर्मचारीका साथै आवश्यक टेलिफोन र फ्याक्स लाइन मात्र होइन, प्रेससमेत राखिएको थियो। सम्पर्क कार्यालयको मुख्य जिम्मेवारी सुशील कोइरालामाथि थियो, जो पछि पार्टी सभापति र पछि प्रधानमन्त्रीसमेत भए।

पार्टी संगठनमा पकड जमाएका कोइराला निवासमा त कार्यकर्ताहरूको भीड लाग्थ्यो नै, सम्पर्क कार्यालयको स्थापनापछि कार्यकर्ताहरू पार्टी कार्यालयको साटो त्यतै जम्मा हुन थाले। पार्टीले गर्नुपर्ने महत्त्वपूर्ण निर्णयमा कोइराला निवास र उनको सम्पर्क कार्यालयको भूमिका महत्त्वपूर्ण हुन थाल्यो। किनभने, गिरिजाप्रसादमाथि सम्पर्क कार्यालयका प्रमुख बनाइएका सुशील कोइराला हावी थिए। पछि, सम्पर्क कार्यालय बन्द गरियो। तर, कोइरालाले जस्तै अभ्यास कांग्रेस र अरू पार्टीका नेताहरूले पनि गर्न थालिसकेका थिए। र, आजपर्यन्त गरिरहेका छन्।

प्रवेशको। तर, कार्यक्रम स्थलचाहिँ प्रचण्ड निवास रोजियो। पहिलोको कार्यक्रम बालुवाटारस्थित प्रधानमन्त्री निवासमा गरिएको थियो भने दोस्रो कार्यक्रम लाजिम्पाटस्थित निवासमा। पार्टी प्रवेश कार्यक्रम खासमा पार्टी कार्यालयमा गरिनुपर्ने हो तर कांग्रेस-एमालेका नेताहरूले समेत यस्तो कार्यक्रम निजी निवासमा गर्ने गरेका छन्।

बहुदलीय व्यवस्थामा राज्य चलाउने वैधानिक मञ्च भनेका राजनीतिक दलहरू हुन्, जसले प्राप्त जनमतका आधारमा यो जिम्मेवारी वहन गर्छन्। राज्य चलाउने जिम्मेवारी राजनीतिक दललाई भएकाले पार्टी संयन्त्र बलियो र व्यवस्थित बनाइनुपर्ने हो। तर, व्यक्तिगत स्वार्थमा धक्का पुग्ने भएकाले नेताहरू पार्टी होइन, आफूलाई बलियो बनाउन चाहन्छन् किनभने पार्टीभन्दा आफू बलियो हुँदा आफ्नो तजबिजमा निर्णय गर्न पाइन्छ।

निर्णय गर्ने पार्टीका औपचारिक अंगभन्दा नेता निवास बलियो भएको पछिल्लो उदाहरण हो, स्थानीय निकाय निर्वाचनमा भएको टिकट वितरण। एमालेमा हेरौँ, पहिलो चरणमा निर्वाचन भएका चारवटा महानगरको मेयरको टिकट ओलीले आफ्नो गुटकालाई मात्रै दिए। काठमाडौँ र ललितपुर महानगरका उपमेयरको टिकट माधव नेपाल-झलनाथ खनाल समूहलाई दिनु नपरोस् भनेर ओलीले राप्रपासँग तालमेल गरिदिए। यति मात्र होइन, गृह जिल्ला झापाको दमक नगरपालिकामा आफ्नै भतिज रोमनाथ ओलीलाई मेयरको टिकट दिलाए। जबकि, उनको नाम तल्लो कमिटीबाट सिफारिससमेत भएको थिएन।

कार्यकर्तालाई स्वागतका क्रममा आफ्नो निवासमा पुष्पकमल दाहाल 'प्रचण्ड'

सत्तारुढ कांग्रेस र माओवादी केन्द्रभित्रको अवस्था पनि यसभन्दा भिन्न छैन। माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले छोरी रेणु दाहाललाई भरतपुर महानगरपालिकाको टिकट दिलाए भने उम्मेदवारी दर्ता हुने दिन (१९ वैशाख)मा देउवाले दिनेश कोइरालालाई उम्मेदवार बनाएर पठाए। भरतपुरमा कांग्रेस-माओवादी केन्द्रबीच तालमेल गर्ने निर्णय पनि प्रचण्ड-देउवाको तजबिजमा भयो, पार्टी निर्णयका आधारमा होइन। देउवाले पार्टीका उम्मेदवार कोइरालाको उम्मेदवारी फिर्ताको निर्णय पनि निजी तजबिजमा गरे।

यसबाहेक राजदूत चयन होस् वा संवैधानिक अंगका पदाधिकारीहरूको नियुक्ति अथवा राजनीतिक भागबन्डाका आधारमा हुने नियुक्तिसमेतमा पार्टीमा कुनै छलफल हुँदैन। अधिकांश निर्णयहरू नेताले आफ्नै तजबिजमा गर्छन्। प्रधानन्यायाधीश खिलराज रेग्मीलाई मन्त्रिपरिषद्को अध्यक्ष बनाउने निर्णय होस् वा लोकमानसिंह कार्कीलाई अख्तियार प्रमुख बनाउने निर्णय- यति महत्त्वपूर्ण नियुक्तिका विषयमा समेत कुनै पार्टीमा औपचारिक छलफल भएका थिएनन्। कांग्रेस, एमाले, तत्कालीन एमाओवादीका शीर्ष नेताहरूले निजी तवरमा रेग्मीलाई सरकार प्रमुख र कार्कीलाई अख्तियार प्रमुख बनाउने निर्णय गरेका थिए।

यी यस्ता निर्णय र प्रवृत्ति हुन्, जसले पार्टी कार्यालयभन्दा निवासमै बैठक र निर्णयहरू भएको पुष्टि गर्छन्। कांग्रेस होस् या एमाले वा माओवादी, सबैले आफ्ना नेता प्रधानमन्त्री भएका बेला प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमै पार्टीका धेरै खालका बैठक र निर्णय गराएका छन्। यो भनेको पार्टीभन्दा नेता ठूलो रहेको प्रमाण हो। यस्तो संस्कारले व्यक्तिकेन्द्रित पद्धति मात्रै बसाउँछ, संस्थाकेन्द्रित होइन। र, हामीकहाँ भइरहेको पनि यही नै छ। ♦

विश्लेषण

॥ केशव दाहाल

अस्थिरताको गोलचक्कर

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले नयाँ प्रधानमन्त्रीका रूपमा चौथो पटक सत्तारोहण गरे । उनी ०६३ पछिका १०औँ प्रधानमन्त्री हुन् । उनको सत्ता आरोहण कुनै चमत्कारी राजनीतिक उथलपुथल वा निर्वाचनबाट नभई पार्टी सिन्डीकेटबाट सम्भव भएको हो । २० वर्षअगाडि प्रधानमन्त्री भइसकेका देउवाको यो सत्ता प्राप्ति नेपाली राजनीतिमा मौलाएको यथास्थितिवाद, नेतातन्त्र र पार्टी सिन्डीकेटको सबैभन्दा लाजमर्दो उदाहरण हो । यसले हाम्रो लोकतन्त्रको जमिन कति कमजोर छ, स्पष्ट गर्छ ।

विसं ००७ यता हामीले ६७ हिउँद र वर्षा बितायौँ । राजनीतिक आन्दोलनमा हाम्रो तीन पुस्ताले भाग लियो । यो निकै लामो समय हो । यस अवधिमा हामीले चार दर्जन सरकार र अनेकौँ अनुहारका प्रधानमन्त्री देख्यौँ । सत्ता संघर्षबाट सरकार बनेका र ढलेका अनेकौँ घटनाका प्रत्यक्षदर्शी भयौँ । तर, दुःखद र रोचक पक्ष के भने यी वर्षमा कुनै पनि सरकार (०४६ पछिको अन्तरिमबाहेक)ले पूर्ण अवधि काम गरेनन् । त्यसैले भन्न सकिन्छ कि हामी करिब सात दशकदेखि राजनीतिक संक्रमणमा नै छौँ । राजनीतिक अस्थिरताको यति लामो कालचक्र सायदै कतै देखिएला । यो, हाम्रो राजनीतिकै सबैभन्दा दुर्भाग्यपूर्ण गोलचक्कर हो ।

००७ सालयताका ६७ वर्षमा ४९ वटा सरकार बने । तिनको हिसाब निकाल्दा सरदर एउटा सरकारले डेढ वर्ष मात्र काम गरेको देखिन्छ । जबकि, निर्वाचनको म्यान्डेट अनुसार एउटा सरकारले पाँच वर्ष काम गर्नुपर्ने हो । गणतन्त्र स्थापनापछिका १० वर्षमा १० वटा सरकार बन्नु भनेको एक वर्षमा एउटा सरकार बन्नु हो । र, हरेक वर्ष नयाँ प्रधानमन्त्रीले सत्तारोहण गर्नु अस्थिरता र सत्ता स्वार्थबाहेक केही पनि होइन ।

यस्तो किन भयो ? किन ००७ सालयताको नेपाली राजनीति सत्ता संघर्षको अँध्यारोबाट बाहिर निस्कन सकेन ? कारण हो, हामी राजनीतिक अहंकारको सिकार भयौँ । कहिले व्यक्तित्वको अहंकार, कहिले सिद्धान्तको अहंकार, कहिले कुल र वंशको अहंकार । यही अहंकारले राजनीतिलाई व्यक्तिकेन्द्रित बनाइदियो । अन्ततः देश र जनताको हितमा सोच्ने सामूहिक र स्वर्णिम अवसरहरू गुमे ।

निराशाजनक विगत

एक पटक अस्थिरताका ऐतिहासिक तथ्यहरूलाई सम्झौँ । ००७ को प्रजातान्त्रिक आन्दोलनपछि बनेको मोहनशमशेर राणाको सरकार आन्दोलनकारीको पूर्ण सरकार थिएन । त्यसैले त्यो सरकारसँग न राजनीतिक स्थायित्वको योजना थियो, न क्षमता, न त चाहना नै । त्यो महासंक्रमणको समय थियो । जहाँनिया शासनबाट प्रजातन्त्रतिर आउन जुन सचेत राजनीतिक प्रयत्न आवश्यक हुन्थ्यो, त्यसतर्फ केही प्रगति भएन । परिणाम, हामी भारतको नियोजित हस्तक्षेपको सिकार भयौँ ।

मोहनशमशेरपछि मातृकाप्रसाद कोइराला प्रधानमन्त्री भए । बीपी कोइरालालाई कमजोर पार्ने प्रयत्न प्रारम्भ भयो । दक्षिणको नियत, राजाको अकर्मण्यता, राणाहरूको पूर्वाग्रह र दलहरूभित्रको द्वन्द्वले फेरि हात लाग्यो त अस्थिरता नै । संविधानसभाको निर्वाचन त टाढाकै कुरा भो, व्यवस्थापिकाकै निर्वाचन पनि समयमा हुन सकेन । मातृका सरकार एक वर्ष पनि टिकेन ।

जनता ००७ सालपछि लोकतन्त्र पनि मजबुत होस् र राजनीतिक स्थायित्व पनि होस् भन्ने चाहन्थे । सीमित मान्छेहरूको सपनाबाट मुलुकले मुक्ति पाओस् र आर्थिक-सामाजिक परिवर्तन होस् भन्ने नागरिक चाहना थियो । सत्ता मात्र परिवर्तन हुने खेलमा कुनै चासो र रुचि थिएन । थाहै छ, ००७, ०२८, ०३६, ०४६, ०५१ र ०६३ का सबै आन्दोलनको मूल अपेक्षा यही नै थियो । तर, हात लाग्यो अस्थिरता नै । ००७ देखि ०१५ सम्मको अन्तरिम कालमा आठवटा सरकार बने । ती नौ वर्षमा दर्जनौँ सत्ता संघर्ष भए । हाम्रो एउटा पुस्ताको अपेक्षा त्यहीँ तुहियो ।

तत्कालीन अस्थिरताबाट फाइदा लिँदै राजा महेन्द्रले ०१७ को 'कू' सम्भव बनाए । तर, उनले पनि स्थायित्व दिन सकेनन् । पञ्चायती कालरात्रिका ३० वर्षमा पटक-पटक १५ वटा सरकार बने । यो अवधिमा राजा महेन्द्र र वीरेन्द्रका दर्जनौँ परीक्षण असफल भए । तुलसी गिरीदेखि मरीचमान सिंहसम्मका प्रयोगले पञ्चायतलाई गतिशील बनाउन सकेन । सबै सरकार या त दरबारको शक्ति संघर्षको कारण ढले,

या त पञ्चहरूको गुट, भूमिगत गिरोहको षड्यन्त्र, व्यक्तित्वको टकराववाट सकिए। राजाले आफैं मन्त्रिपरिषद्को अध्यक्षता गर्नेदेखि आफ्ना असल चाकरहरूको मनोनयन गर्ने वा निर्वाचन गर्ने सबै खाले प्रयोग नगरेका होइनन्। राजाको पञ्चायत असफल हुनुको मुख्य कारण राजनीतिक अस्थिरता नै थियो।

०४६ देखि ०६३ सालसम्म आइपुग्दा १६ वटा सरकार बने। यो समय नेपाली राजनीतिलाई जनताबीच स्थापित गर्ने र विकासको तीव्र लहर ल्याउने स्वर्णिय समय थियो। ०४८ को निर्वाचनबाट नेपाली कांग्रेसले पूर्ण बहुमतको सरकार बनाउने युगीन अवसर पाएकै हो। तर, फेरि पनि त्यो अवसरलाई कांग्रेसले आफ्नै कारण गुमायो। सायद त्यस बेला संसद् विघटन हुँदैनथ्यो त आजको राजनीति फरक हुने थियो। कांग्रेसले पूर्ण समय सरकार दिन्थ्यो त नेपाली राजनीति अर्कै दिशामा मोडिने थियो। तर, सत्ताको उन्माद चढेपछि महान् नेताहरूले पनि होस गुमाउँदा रहेछन्। त्यही राजनीतिक बेहोसीको सिकार हामी भयौं। ०४८ पछि न त कांग्रेसले आफ्नो बहुमतको सरकार टिकाउन सक्यो, न त ०५१ पछिको एमाले सरकारलाई नै टिक्न दियो। अझ कांग्रेसले आफ्नै पार्टीका संस्थापक नेता कृष्णप्रसाद भट्टराईलाई प्रधानमन्त्रीबाट राजीनामा गर्न बाध्य पार्‍यो। त्यसपछि सुरु भयो, पञ्चायतका असफल नायकहरूसँगको सत्ता साझेदारी।

नेकपा एमालेको नौ महिने सरकारलाई पूर्ण समय काम गर्न दिएको भए पनि इतिहास अर्कै बन्ने थियो। सायद हामीले माओवादीको १० वर्षे हिंसात्मक विद्रोह देख्न पर्दैनथ्यो। अथवा आजको राजनीतिक शक्ति सन्तुलन फरक हुने थियो। तर, प्रजातान्त्रिक कालमा पनि समन्वय र सहकार्य सम्भव भएन। बरू, षड्यन्त्रको चक्रब्यूहमा पो फसियो। यसले एकातिर द्वन्द्व बढायो भने अर्कोतिर राजा ज्ञानेन्द्रको सत्ताकांक्षा पनि चुलियो। राजाले आफ्नो शासन अवधिको तीन वर्षमा पाँचवटा सरकार बनाए। र, उनी आफैं अस्थिरतामा फसे। अन्ततः उनी पनि असफल भए।

नयाँ युग तर उही अस्थिरता

निश्चय नै ०६३ बाट हामी फेरि नयाँ युगमा प्रवेश गर्‍यौं। यो नयाँ आशा, अभ्यास र अनुभूतिलाई संस्थागत गर्ने अवसर थियो। तर, पुनः उही भयो। स्थायित्व मृगतृष्णा मात्रै हुन पुग्यो। लोकतान्त्रिक गणतन्त्रमा पनि लोकतन्त्र कम र पार्टी सिन्डीकेट ज्यादा हाबी भयो। जसले फेरि सरकार गठन र विघटनको सिलसिलालाई निरन्तरता दियो। लोकतन्त्रको भयानक हुर्मत यसभन्दा धेरै के हुन सक्छ ?

एउटा तथ्य स्पष्ट छ, चाहे राजा होस् या त नेता, निर्वाचित सरकारको पटक-पटक विघटन सत्ता उन्माद, अहंकार, अधैर्य र सामन्ती मनोविज्ञानकै उपज हो। कम्तीमा निर्वाचित सरकारलाई पूर्ण समय चल्न दिनु आवश्यक हुन्थ्यो। चित्त नबुझे अर्को निर्वाचनबाट ठेगान लगाउन सकिन्थ्यो। यस्तो विधि लोकतान्त्रिक पनि हुन्थ्यो। तर, पर्खिने र हेर्ने धैर्य कसैमा भएन। बरू, दुई वा तीन जना नेता मिल्ने र लोकतन्त्रलाई लाजतन्त्र बनाउने काम जारी रह्यो।

थोरै निर्वाचन र धेरै सरकार लोकतन्त्र र स्थायित्वका लागि उल्टो यात्रा हो। त्यही भएर हाम्रा छिमेकीहरू विकासको शिखरमा पुगे पनि हामी भने गरिबीको महासंकटमा नै गोलचक्कर मारिरहेका छौं।

विगतमा हामी यतिसम्म अराजनीतिक प्रवृत्तिको सिकार भयौं कि सत्ता राजनीतिसँग साइनो नै नभएका वा हारेकाहरूको सरकार बनाउनेसम्म खेलहरू भए। सरकार परिवर्तनका नाममा सांसद खरिदबिक्रीको अभ्यास गरियो। प्राडो र पजेरो काण्ड सामान्य हुन पुगे। नेताहरू यतिसम्म बेइमान भए कि पुरुष सांसदले पनि सुत्केरी भत्ता लिए। यसले लोकतान्त्रिक राजनीतिलाई हदैसम्म बदनाम गर्‍यो। राजनीति यति अनैतिक, पतित र मैलो भयो कि नयाँ पुस्तामा यसप्रतिको आकर्षण द्रुत रूपले घट्यो। जनता निराश भए। राजनीतिप्रतिको जनविश्वास कम भयो। सरकारमा जाने लोभमा पार्टीहरू विभाजित भए वा विभाजित गरिए। आजका दर्जनौं पार्टी तिनै विकृत राजनीतिक अभ्यासका परिणाम हुन्। जसले आज पनि नजानेरै राजनीतिक अस्थिरताका लागि वातावरण बनाइरहेका छन्। यस्तो अभ्यासलाई संस्थागत गर्दै छ, राजनीतिक सिन्डीकेटले।

यदि राजनीतिक स्थायित्व र स्थिर सरकार हुन्थ्यो त ००७ यता मात्र १३ वटा निर्वाचन र १६ वटा मात्र सरकार बन्ने थिए तर हामीले सातवटा निर्वाचनको मात्र मुख देख्यौं भने सरकारचाहिँ चार दर्जन नै बेहोर्‍यौं। थोरै निर्वाचन र धेरै सरकार लोकतन्त्र र स्थायित्वका लागि उल्टो यात्रा हो। त्यही भएर हाम्रा छिमेकीहरू विकासको शिखरमा पुगे पनि हामी भने गरिबीको महासंकटमा नै गोलचक्कर मारिरहेका छौं। यसको क्षतिपूर्ति गर्ने बेलामा पुरानै अभ्यास दोहोरिनु दुःखद कुरा हो।

स्थिर सरकार र विश्वासपूर्ण राजनीति विकासका महत्त्वपूर्ण सर्त हुन्। अन्यथा विकासको सपना राजनीतिक भ्रम मात्र हुन्छ। यिनै सर्त कार्यान्वयन गर्न आवधिक निर्वाचनको अभ्यास हुने हो। दलहरूले आफ्नो राजनीतिक प्रस्तावका आधारमा जनअभिमत पाउने हो। बहुमत प्राप्त गर्ने दलले सरकार बनाउने र त्यो नभए ठूलो दल सरकारको पहिलो हकदार हुने हो। कुनै आपत् वा भयंकर त्रुटि नहुँदासम्म उसले आफ्नो कार्य अवधि गुजार्न पाउँछ। अनि, फेरि अर्को अवधिका लागि निर्वाचन हुन्छ। जनताले नयाँ फैसला दिन्छन्। शासन सत्ताको स्थायित्व र विकास योजनाहरूको निर्वाध कार्यान्वयनका लागि यो प्रक्रिया निरन्तर चलिरहन्छ। यो नै राजनीतिक स्थायित्व र विकासको आधार हो। संसदीय लोकतन्त्रको मूल चरित्र पनि हो।

स्थिर र सन्तुलित राजनीतिबिना विकास असम्भव रहेछ। हामीले भन्ने गरेको आर्थिक क्रान्ति, उत्पादन वृद्धि, रोजगारी प्रवर्द्धनजस्ता विषयहरूसमेत राजनीतिक स्थायित्व र स्थिर सरकारसँग सम्बन्धित छन्। सधैं बबाल खडा गर्ने र राजनीतिलाई अस्थिर बनाउने प्रवृत्तिले हामीलाई कतै पुर्‍याउँदैन। त्यसैले स्थिर राजनीति चाहिएको हो। हामीले संघर्षका ७० वर्ष पूरा गर्‍यौं। अब स्थायित्व र निर्माण आवश्यक छ। नेपाली राजनीतिको सात दशकले सिकाएको राजनीतिक शिक्षा यही हो। यसका लागि जनताले निकै महँगो मूल्य तिरेका छन्। अब बोलौं, सत्ता स्वार्थ र पार्टी सिन्डीकेटबाट हाम्रो लोकतन्त्रले कहिले मुक्ति पाउँछ ? ◆


Association of International NGOs in Nepal

11 April 2017

Honourable Minister
Kumar Khadka
Ministry of Woman Children and Social Welfare
Singhadurbar

Subject: AIN's position regarding CPAC (Central Project Advisory Committee) and DPAC (District Project Advisory Committee) meetings for coordination of INGO's work in Nepal

Respected Sir,

On behalf of the Association of International NGOs (AIN), we would like to kindly share and propose our position on the CPAC and DPAC practices, based on the discussions with you held on 6 March 2017 and the SWC Member Secretary on 4 April 2017.

We would like to bring into your notice that over the past years, within the AIN membership, increasing concerns have been raised with regard to the procedures and practices related to the CPAC and DPAC processes. Concerns were raised with regard to CPAC meetings being out of office hours, having increasing cost (meeting cost, food, transport etc.) attached to it and that these meetings were held too often to be effective, particularly for longer term and multiple projects. There did not seem to be standard regulations with regard to the CPAC meetings. AIN believes that it is the regular duty of SWC and concerned Ministries to coordinate and facilitate INGOs as part of their regular job mandate.

Members of AIN have agreed by vote in the 11 April, 2017 Plenary that effective from 12 April, 2017:

- Hold all CPAC meetings during office hours
- Hold the meetings at either the SWC premises or the INGO premises; if both are not available an outside venue can be found and hired by the INGO
- Reduce the number of CPAC meetings to once a year
- Reduce the number of participants to the CPAC meetings
- In terms of transport allowances, if the meeting is held outside of the SWC premises, it is assumed that government provided transport will be used and therefore no transport allowances will be paid
- No meeting allowances will be paid to the participating officials

This way, a stronger and more effective CPAC process can be formed, benefitting both the Government of Nepal as well as the INGOs. We believe that the Ministry would take affirmative steps and facilitate to make this proposal implemented at the earliest in coordination with SWC.

Thanking you.

Yours sincerely,

Dr Prabin Manandhar
AIN Chairperson

Cc: - Social Welfare Council
- Ministry of Finance
- International Development Partners Group (IDPG)
- United Nations Resident Coordinator (UNRC)
- 145 AIN Member INGOs

आफ्नै कल्याण

अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्थाको अनुगमन र मूल्यांकन समाज कल्याण परिषद्का पदाधिकारी, कर्मचारीका लागि आम्दानीको बाटो

सुरेशराज न्यौपाने

बेलायती पत्रिका *गार्जियन*को ६ वैशाखको संस्करणमा नेपालमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (अगैसस)हरूलाई उद्धृत गर्दै परियोजना स्वीकृत र अनुगमन गराउन समाज कल्याण परिषद्का कर्मचारीहरूलाई अतिरिक्त घुस खुवाउनुपरेको र परियोजनाहरू अनावश्यक रूपमा ढिलो हुने गरेको सामग्री प्रकाशित भयो । त्यसमा भूकम्पबाट पीडितहरूलाई दिने भनिएको रकमको ठूलो हिस्सा परियोजना स्वीकृति, अनुगमन र मूल्यांकनका लागि खर्च भइरहेको उल्लेख छ ।

पछिल्लो समयमा परिषद्बाट परियोजना तथा कार्यक्रम स्वीकृतिमा हुने ढिलाइ तथा अनुगमन र मूल्यांकनको आडमा त्यसका अधिकारीबाट लिइएका 'अतिरिक्त लाभ'का कारण परिषद् विवादमा तानिएको छ । त्यसैको प्रमाण हो, *गार्जियन*मा प्रकाशित यो सामग्री ।

यस्ता विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगदेखि संसद्को सार्वजनिक लेखा समितिसम्म उजुरी परेका छन् । र, परिषद्का पदाधिकारीदेखि कर्मचारीहरूमाथि आफ्नै मात्र कल्याणमा लिप्त रहेको आरोप लागेको छ । कानुनले तोकेको शुल्कबाहेक पनि साधारण र परियोजना सम्झौता गर्नुअघि परिषद्का अधिकारीहरूले अतिरिक्त लाभका लागि दबाब दिने गरेको गुनासो नौलो होइन ।

काठमाडौँस्थित एक अगैससका प्रमुख विदेशी सहयोगलाई नियमन र अनुगमन गर्ने नाममा अनावश्यक झमेला खडा गर्ने र आफ्नो स्वार्थ पूर्तिका लागि दबाब दिने गरेको र भनेको नमानेमा महिनौँसम्म पनि फाइल अघि नबढाउने गरेको गुनासो गर्छन् । गैसस र अगैससहरूलाई आफ्नो नियन्त्रणमा राख्न परिषद्का अधिकारीहरूले 'तपाईंको संस्थाविरुद्ध त निकै उजुरी छ, प्रधानमन्त्री कार्यालयबाट समेत निकै गुनासो आएको छ' भन्दै थर्काउने गरेको पनि उनको भनाइ छ । तर, परिषद्का सदस्य-सचिव डिल्ली भट्ट भने यसलाई नियोजित प्रचार बताउँछन् ।

परिषद् गठनको उद्देश्य र कार्यादेश आफूले स्वीकृत गरेका कार्यक्रमहरूको अनुगमन र मूल्यांकन गर्नु हो । मुलुकभरका गैसस, अगैसस र दाताहरूको अनुदान, सहयोग, परियोजनाहरूको स्वीकृति, सम्झौता, अनुगमन र नियमन समाज कल्याण परिषद्को क्षेत्राधिकारभित्र पर्छन् । देशभरका करिब ४८ हजार गैसस परिषद्मा आबद्ध छन् भने २ सय ५९ भन्दा बढी अगैसस । जिल्ला प्रशासन कार्यालयमा दर्ता भएर सञ्चालनमा रहेका गैससले विदेशी अनुदान लिन पर्दा अनिवार्य रूपमा परिषद्को स्वीकृति लिनुपर्छ । त्यसरी स्वीकृति लिने गैससको संख्यामा दुई हजारको हाराहारीमा छ । यी सम्पूर्ण संस्थाको

समाज कल्याण परिषद्

एआईएनको पत्र र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको उजुरी

अनुगमन, नियमन र कार्यक्रमको समीक्षा गर्ने जिम्मेवारी परिषद्को हो (हेर्नुस्, बक्स)।

कार्यालय परिसर र समयमा बैठक नराखेर परिषद्का अधिकारीहरूले भत्ता र अनावश्यक दबाब दिने गरेको अगैससहरूको अनुभव छ। त्यति मात्र होइन, सकेसम्म काठमाडौंका महँगा होटल र रेस्टुराँमा बैठक राख्न लगाउने र कर्मचारीहरूको अनावश्यक भीड लगाउने गरेको आरोप पनि परिषद्का अधिकारीहरूमाथि छ। साथै, परिषद्का पदाधिकारीहरूले आफ्ना सहायक र ड्राइभरसम्मलाई भत्ता दिनका लागि दबाब दिने गरेको एक अगैससका निर्देशक बताउँछन्। *गार्जियन*ले पनि बैठक बाहिर राख्नुको प्रमुख उद्देश्य नै 'आर्थिक लेनदेन'का लागि भएको र त्यसै कारणले कर्मचारीले परिषद्मै बैठक राख्न आनाकानी गर्ने गरेको लेखेको छ। त्यति मात्र होइन, बैठकमा अनुपस्थित रहेका एक अधिकारीले बैठकको माइन्युट र भत्ता कार्यालयमा पठाउन निर्देशन दिएको गुनासो समेत ती निर्देशकले गरेका छन्। परिषद्का सदस्य-सचिव भट्ट भने यसलाई गलत बताउँछन्।

सास्ती बढ्दै गएपछि परिषद्को काम-कारबाहीविरुद्ध अख्तियारमै पनि उजुरी परेको छ। २३ फागुन ०७३ मा परेको उजुरीमा परिषद्ले के-कसरी गैसस र अगैससलाई सास्ती दिइरहेको भन्ने उल्लेख छ। अनुगमन, नियमनको आडमा परिषद्बाट अनावश्यक दुःख पाउने गरिएको बेहोरा उल्लेख गर्दै आयोग, संसद्को सार्वजनिक लेखा समितिलगायतका निकायलाई सम्बोधन गर्दै उजुरी परेको थियो। उक्त उजुरीमा परिषद्का अधिकारीहरूले गैससलाई विभिन्न नाममा आर्थिक सहयोगका लागि दबाब दिने गरेको खुलाइएको छ। गैससमार्फत सञ्चालनमा रहेका करोडौंका कार्यक्रम सुचारु गराउन परिषद् अधिकारीले जे-जति भत्ता र सुविधा भन्छन्, तिर्नुपर्ने बाध्यता छ। अनुगमनका बेलाको यातायात, आवास, खाना व्यवस्था संस्थाले नै गर्नुपर्छ। जबकि, त्यसबापतको शुल्क परिषद्ले परियोजना सम्झौता गर्दा नै लिएको हुन्छ।

त्यसअघि २९ चैतमा अगैससको छाता संस्था एसोसिएसन अफ इन्टरनेसनल एनजीओज इन नेपाल (एआईएन)ले तत्कालीन महिला, बालबालिका तथा समाजकल्याण मन्त्री कुमार खड्कालाई सम्बोधन गर्दै एउटा पत्र लेखेको थियो। नेपालमा कार्यरत करिब २ सय ५० मध्ये १ सय ४६ अगैसस एआईएनका सदस्य छन्। उक्त पत्रमा सेन्ट्रल प्रोजेक्ट एडभाइजरी कमिटी (सिप्याक)को बैठकमा सहभागीहरूको संख्या बढी हुने गरेको, बैठक भत्ताको व्यवस्था हटाउनुपर्ने र बैठक सकेसम्म परिषद्कै परिसरमै गर्नुपर्ने लगायतका विषय उल्लेख थिए।

यही चिट्ठीले हो, परिषद्प्रतिको असन्तुष्टि औपचारिक रूपमा पहिलो पटक बाहिर ल्याएको। त्यसपछि परिषद्का अधिकारीहरूले एआईएनका पदाधिकारीहरूलाई छलफलका लागि बोलाए। छलफलमा परिषद्का अधिकारीहरूले सिप्याकको बैठक कार्यालयभित्र गर्न सकिने तर कार्यालय समयभित्र गर्न नसकिने बताए। तर, कार्यालयमा बैठक राखे पनि हल भाडाबापत प्रतिबैठक २० हजार रुपियाँ भने सम्बन्धित संस्थाले तिर्नुपर्नेमा परिषद्का पदाधिकारीहरूको जोड रह्यो। यसले पनि सरकारी अधिकारीहरूको ध्याउन्न आफ्नो जिम्मेवारी पूरा गर्न र गराउन भन्दा पनि आर्थिक स्रोतमा बढी नै रहेको प्रस्ट हुन्छ। एआईएनका अध्यक्ष प्रवीण मानन्धर भने कतिपय विषयमा छलफल र संवाद नहुँदा समस्याजस्तो देखिएको बताउँछन्। भन्छन्, "नियम-कानुन ल्याउने र कार्यान्वयन गराउने काम सरकारको। कसैले पनि मान्दिनँ भन्न पाउँदैन। तर, कानुन र निर्देशिकामा भएका प्रावधानहरूलाई प्रस्ट र पारदर्शी बनाउने जिम्मेवारी परिषद्को पनि हो।"

यस सन्दर्भमा महत्त्वपूर्ण प्रश्न त के छ भने अगैसस र गैससबाट रकम असुलेर तिनैको अनुगमन र मूल्यांकन गर्ने विधि कति र कसरी स्वतन्त्र एवं निष्पक्ष हुन सक्छ? ◆

यस्तो छ, अनुगमन प्रक्रिया

अगैससले कुनै पनि कार्यक्रम सञ्चालनमा ल्याउनुअघि परिषद्सँग साधारण सम्झौता र परियोजना सम्झौता गर्नुपर्छ। साधारण सम्झौता गरेपछि कार्यक्रमको उद्देश्य, क्षेत्र, अवधि र बजेटसहितको प्रस्ताव पेस गर्नुपर्छ। उक्त प्रस्तावलाई परिषद्को अनुगमन तथा मूल्यांकन विभागले सिफारिस गरेपछि त्यसलाई सदस्य-सचिवले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको सहजीकरण समितिमा पठाउँछन्। त्यो समितिले सिफारिस गरेपछि मात्र परिषद्ले परियोजना सम्झौता गर्छ। त्यसपछि मात्र कार्यक्रम सञ्चालनको बाटो खुल्छ।

त्यसरी स्वीकृति लिएर सञ्चालनमा रहेका कार्यक्रमहरूको अनुगमन र मूल्यांकन पनि परिषद्ले नै गर्ने गर्छ। गैससले सञ्चालन गर्ने कार्यक्रमको मूल्यांकन एकपटक मात्र हुन्छ भने अगैससले सञ्चालनमा ल्याउने कार्यक्रमको अवधि हेरेर गरिन्छ। तीन वर्षभन्दा कम समयका कार्यक्रमको एकपटक मात्र अनुगमन, मूल्याकन र सुपरिवेक्षण हुन्छ भने त्यसभन्दा बढी अवधिका कार्यक्रमको मध्यावधि र अन्तिम गरी दुईपटक गरिन्छ। यसबाहेक अगैससहरूले सञ्चालन गरेको कार्यक्रमको जिल्ला र केन्द्रमा गरी वर्षमा दुईपटक सल्लाहकार समितिको बैठक हुन्छ। केन्द्रमा हुने सेन्ट्रल प्रोजेक्ट एडभाइजरी कमिटी (सिप्याक) र जिल्ला तहमा हुनेलाई डिस्ट्रिक्ट एडभाइजरी कमिटी (डिप्याक)को बैठकमा परियोजनाको सञ्चालनको प्रगति र पछिल्लो अवस्थामाथि छलफल हुन्छ र सुझाव लिने/दिने गरिन्छ।

परिषद्ले आफूसँग पर्याप्त स्रोतसाधन नभएको भन्दै संस्थाहरूबाटै अनुगमन र मूल्यांकनका लागि परियोजना सम्झौता गर्दा नै अनुगमन, मूल्यांकनका लागि अग्रिम शुल्क लिँदै आएको छ। त्यो शुल्क कार्यक्रमको बजेट हेरी तय हुन्छ। त्यसरी उठेको शुल्कमध्ये सरकारको कर कट्टा गरेपछि बाँकी रहेमध्येबाट दुई प्रतिशत साझा कोषमा र १० प्रतिशत संस्था सुदृढीकरण कोषमा जम्मा हुन्छ। बाँकी रकम अनुगमन र मूल्यांकन टोलीले पाउँछ। चार सदस्यीय टोलीमा दुई जना स्वतन्त्र विज्ञ, एक जना नेपाल सरकारका प्रतिनिधि र एक जना समाजकल्याण परिषद्का अधिकृत हुन्छन्। अनुगमन टोलीका लागि कर्मचारीहरूको 'रोस्टर' नै तयार गरिएको छ। र, त्यही अनुसार कर्मचारीहरू पालैपालो खटिन्छन्। यसबाहेक वर्षको दुईपटक हुने सिप्याकको बैठकको अध्यक्षता परिषद्का सदस्य-सचिवले गर्ने र योजना, कार्यक्रम, अनुगमन तथा मूल्यांकन महाशाखाका प्रमुख सदस्यका रूपमा रहने कानुनी व्यवस्था छ। सिप्याकको बैठकको खर्च पनि सम्बन्धित संस्थाहरूले नै बेहोर्ने गरेका छन्।

६ वैशाख ०७४ मा *गार्जियन*मा प्रकाशित समाचार

supporter subscribe search

otball opinion culture business lifestyle fashion environment tech travel

ent europe US americas asia australia africa middle east cities

Aid agencies accuse Nepal government of hampering their work

NGOs say their projects face lengthy delays and they have to pay the government hundreds of thousands of dollars in fees to get them approved

Volunteers unload relief supplies after the 2015 earthquake. NGOs say the approvals system has become more difficult to negotiate since the quake Photograph: Philippe Lopez/AFP/Getty Images

तस्बिर : भास्कर ओझा

भूकम्पअघिको काष्ठमण्डप

सम्पदा

काष्ठमण्डपको जगभित्र लुकेको कथा

भूकम्पपछिको उत्खननले काष्ठमण्डपको ऐतिहासिकताको नवीन अध्यायको खुलासा

गोकर्ण गौतम

काष्ठमण्डप पुन:निर्माणका लागि अभियानले पिगननीमा वृद्धवृद्धाहरूबाट कथा सुन्ने कार्यक्रम राख्यो, १० जेठमा । त्यही कार्यक्रममा एक जनाले काष्ठमण्डपबारे रोचक कहानी सुनाए- मरुहिटीको मुहान जोगाउन काष्ठमण्डप बनाइएको थियो । त्यहाँ सुत्यो भने मध्यरातमा पानीको कलकल आवाज आउँछ । उनी आफैँले त्यस्तो आवाज सुनेका थिए । र, यो कथा उनले आफ्ना पूर्वजबाट सुनेका हुन्, बाल्यकालमै ।

यसको सत्यता पुष्टि गर्ने आधार छैन, अहिलेका लागि । तर, स्थानीयवासी र सम्पदाप्रेमीहरू भने यसको खोजमा लागेका छन् । किनभने, हिजोअस्तिसम्म बेवास्ता गरिएका काष्ठमण्डपसम्बन्धी कति किंवदन्ती अहिले तथ्यमा परिणत भएका छन् । जस्तो : संस्कृतिविद् यज्ञमानपति बज्राचार्यले *लीलावज्र : काष्ठमण्डप निर्माता* नामक पुस्तकमा काष्ठमण्डप आठौँ शताब्दीमा निर्माण भएको दाबी गरेका थिए तर कसैले पत्याएनन् । १२औँ शताब्दीमा काष्ठमण्डप बनेको इतिहासकारहरू बताउँथे । सबैका लागि सत्य यही थियो तर १२ वैशाख ०७२ को भूकम्पपश्चात् जसै यसको उत्खनन भयो, यज्ञमानको दाबीमा सत्यता रहेको पुष्टि भयो । त्यो पनि नेपाल, बेलायतलगायतका देशका गिनेचुनेका पुरातत्त्वविद्हरूले गरेको काष्ठमण्डपको जग उत्खननबाट ।

टोलीमा संलग्न पुरातत्त्वविद् कोषप्रसाद आचार्य भन्छन्, "हाम्रो उत्खननले काष्ठमण्डपको प्राचीनता धेरै अगाडि लग्यो । यहाँ जिजस क्राइस्टको समयदेखि नै बसोवास थियो भने संरचना नै सातौँ र नवौँ शताब्दीमा पटक-पटक बनेको प्रमाणित भयो ।" पुरातत्त्व विभागका पूर्वमहानिर्देशक आचार्यका अनुसार अँगार र बालुवाको कणको परीक्षणबाट काष्ठमण्डप निर्माणको मिति पत्ता लागेको हो । बेलायतको स्टर्लिङ विश्वविद्यालयमा पठाएर यसको वैज्ञानिक परीक्षण गरिएको थियो । उत्खननमा बेलायतकै डुर्‍याम विश्वविद्यालयका विज्ञहरू पनि सामेल थिए ।

यी हुन्, नयाँ तथ्य

मूर्त सम्पदा मात्र होइन, काष्ठमण्डपसँग जोडिएका अमूर्त सम्पदाबारे समेत नवीन प्रमाणहरू फेला परेका छन् । काष्ठमण्डपको संरचनाकै इतिहास १ हजार ३ सय वर्ष पुरानो हो भनेर थाहा पाउन हामीलाई भूकम्प र त्यसपछिको उत्खनन कुर्नुपर्‍यो । जबकि, १२औँ शताब्दीभन्दा पहिले नै यसको अस्तित्व

तस्विर : संजोग मानन्धर

भूकम्पपछिको काष्ठमण्डप

रहेको भनेर म्यारी सल्सर र गौतम बज्राचार्यले सन् १९७४ मै एक अनुसन्धान लेखमा इंगित गरिसकेका थिए । गुठीका सदस्यमार्फत काष्ठमण्डप उल्लेख गरिएको सन् १०९० को 'अष्टसहश्रीका-प्रज्ञापारमिता' हस्तलिपि देखेको तर फोटो खिच्न नपाएको सल्सर र बज्राचार्यको भनाइ थियो । यो हस्तलिपि अमेरिकाको सान डियगो आर्ट म्युजियममा छ अहिले । लुसियानो पेटेकको पुस्तक *मिडियभल हिस्ट्री अफ नेपाल*मा पनि काष्ठमण्डपबारे यस्तै उल्लेख गरिएको छ । यसको ऐतिहासिकता र पुरातात्त्विक महत्त्वबारे अध्ययन गरिरहेकी पुष्पाञ्जली कोजू भन्छिन्, "तर, उहाँहरूले ठ्याक्कै स्रोत दिन सक्नुभएको छैन । आफूले देखेको मात्र भन्नुभएको छ । तैपनि, अहिले उत्खननले यसलाई प्रमाणित गरेको छ ।"

अर्कोतिर भूकम्पभन्दा पहिले काष्ठमण्डपको संरचना मण्डप शैलीको थियो भन्ने थाहा थिएन । उत्खननका क्रममा नौवटा कुण्ड (मण्डप बनाउन खनिने खाल्डो) पाइयो । डुर्‍याम विश्वविद्यालयको रिपोर्टमा सुरुमा चारवटा मात्र खम्बा राखेर सत्तल बनाइएको उल्लेख छ । खासमा तिब्बत र भारतको व्यापार मार्गको ठ्याक्कै बीचमा पर्थ्यो यो भूभाग । पवित्र भूमि हुनुको नाताले धार्मिक यात्रीका लागि पनि प्रिय थियो यो क्षेत्र । 'नुन-तेलको दरभाउ समान हुनुपर्छ' भन्ने प्रसंगले काष्ठमण्डप बजारको केन्द्रका रूपमा रहेको पुष्टि हुन्छ । सोही कारण आराम गर्ने ठाउँका रूपमा यहाँ सत्तल बनाइएको थियो । जुन सबैभन्दा पुरानो र ठूलो सत्तल भन्नेमा कुनै सन्देह रहेन अब । मन्दिरमा बाहिरबाट देखिने बुट्टामा बुद्ध जन्मनुअघि र पछिका विभिन्न कथा कुँदिएको थियो । त्यस्तै, इन्द्र, पार्वती, शिव, गणेशजस्ता हिन्दु भगवान्का चित्र पनि त्यहीँ थिए । यसले उति बेलैदेखिको धार्मिक सहिष्णुतालाई प्रतिविम्बित गर्ने विज्ञहरू बताउँछन् ।

धेरैलाई ख्यालै थिएन, काष्ठमण्डपलाई अष्टभैरवले घेरेको छ भनेर । चार दिशामा मात्र होइन, प्रत्येक दिशाको मझधारमा भैरव छन् । जसको धार्मिक अर्थ हुन्छ, काष्ठमण्डपलाई सुरक्षा गरिरहेको । र, ती प्रत्येक भैरवको आ-आफ्नै विशेषता र महत्त्व छ । जस्तो : पूर्वतिर भएको अंसिटंगा भैरवको पूजा गर्नाले सिर्जनात्मक क्षमता बढ्छ भन्ने विश्वास छ भने उत्तरको भिसना भैरवले नकारात्मक भावबाट जोगाउँछ । तर, दुर्भाग्य ! यतिबेला अशोक विनायकको सिंहको छेउ र भीमसेनस्थान जाने बाटोमा रहेको भैरव पुरिएको छ । काष्ठमण्डप पुनःनिर्माणका लागि अभियानका संयोजक वीरेन्द्रभक्त श्रेष्ठ पुनःनिर्माणका क्रममा आठै भैरवको उचित सम्भार र संरक्षण गरिने बताउँछन् ।

काष्ठमण्डपको उत्खननकै क्रममा श्वेतभैरव पनि भेटिएको छ । काष्ठमण्डपको जात्रापर्वजस्ता अमूर्त सम्पदाको अध्ययनमा अग्रसर स्थानीय तन्नेरी सन्देश मुनिकारका अनुसार यहाँ वर्षको एकचोटि पिचास चतुर्दशीको मध्याह्नमा बेलविवाह र व्रतबन्ध नगरेका कुमार/कुमारीलाई चौरासी व्यञ्जन खुवाउने प्रचलन रहेछ । उनलाई यो कुरा ऊबेला चौरासी व्यञ्जन खाएकी स्थानीय वृद्धाले बताएकी थिइन् । यसको प्रामाणिकता र थप परम्परा खोज्न लागिपरेका मुनिकार भन्छन्, "काठमाडौंमा जति पनि जात्रा हुन्छन्, ती सबै प्रत्यक्ष/अप्रत्यक्ष रूपमा काष्ठमण्डपसँग जोडिएकै हुन्छन् तर कतिपय लोप भएका छन् । अब हामी ती अमूर्त सम्पदाको खोजी र जगेर्ना गर्दै छौं ।" पर्व, जात्रा, उत्सव र परम्पराबिना काष्ठमण्डप ठड्याइयो भने त्यो आत्माबिनाको शरीर मात्र हुनेछ । संस्कृतिविद्हरू यस्तै भन्छन् । त्यही कारण स्थानीयवासी काष्ठमण्डप पुनःजागरणमा जागरुक भएका छन् । "काठमाडौंको नामै काष्ठमण्डपबाट आएको हो । अनि, काठमाडौंको मुटुमा छ काष्ठमण्डप । अथाह पुरातत्त्व र ऐतिहासिक गाथा बोकेको छ । तर, सधैं बेवास्तामा पर्‍यो," अभियान संयोजक श्रेष्ठ भन्छन्, "अब त्यस्तो हुन दिँदैनौं ।"

स्थानीय समुदाय यति सचेत र सक्रिय हुनुको पनि आफ्नै कथा रहेछ । त्यसभन्दा पहिले प्रत्येक शताब्दीको महाभूकम्प झेल्दै आएको काष्ठमण्डप यस पटकचाहिँ किन ढल्यो ? त्यो थाहा पाउनु जरुरी छ । पुरातत्त्वविद् आचार्यको टोलीले दुई सिजनमा ६-६ हप्ता लगाएर गरेको अध्ययनबाट के पत्ता लाग्यो भने काष्ठमण्डपको पूरै जग अहिले पनि सातौं शताब्दीमा झैं जस्ताको त्यस्तै छ । तर,

चारमध्ये एउटा थाम राम्रोसँग नठड्याइएकाले सन्तुलन बिग्रिएको र भत्किएको अनुमान छ । यो गडबडी भएको थियो, ४८ वर्षअघि मर्मत-सम्भार गर्दा । त्यतिबेला कमचलाउ हिसाबमा थाम नराखिएको भए सम्भवतः यस पटकको भूकम्पले पनि काष्ठमण्डपलाई ढाल्न नसक्ने ड्याम रिपोर्टको ठम्याइ छ । त्यसैले फेरि त्यस्तो हबिगत हुनबाट जोगाउन स्थानीयवासीको प्रत्यक्ष भूमिका आवश्यक रहेको संयोजक श्रेष्ठ बताउँछन् ।

प्राचीन निर्माण पद्धतिमा जगमा गाह्रो लगाइएको हुन्छ, जहाँ खोपिल्टो भएको ढुंगा राखिएको हुन्छ । अनि, काठको थाममा चुकुल बनाएर त्यही खोपिल्टोमा अड्काइन्छ । भूकम्प आउँदा हल्लिन्छ तर भाँचिँदैन । फेरि ढुंगामा राख्नुको उद्देश्य जमिनको ओसले काठ नबिगारोस् भन्ने पनि हो । तर, त्यतिबेला मर्मत गर्दा ढुंगा र थामको यो तालमेल मिलाइएन । हचुवाका भरमा थाम बिसाइयो । यसो गर्दा माथिबाट आएको तौल त थेग्यो तर भूकम्पले सजिलै ढालिदियो । क्षतिको अर्को कारणचाहिँ काष्ठमण्डपमा प्रयोग भएका काठको समयमै मर्मत नगरिनु हो । यहाँ पनि फेरि त्यही ४८ वर्षअघिकै मर्मतको प्रसंग आउँछ । "समय-समयमा आलसको तेल लगाएर काठको आयु बढाउन सकिन्थ्यो । त्यसो पनि गरिएन । न होम नै हुन्थ्यो । अनि, काठ कमजोर हुने भइहाल्यो," सम्पदा संरक्षणकर्मी रवीन्द्र पुरी भन्छन्, "तैपनि, हाम्रो परम्परागत निर्माण सामग्री र प्रविधि एकदमै विश्वसनीय र भरोसायोग्य छ भन्ने फेरि प्रमाणित भएको छ ।"

तर, अहिले काष्ठमण्डप जगभित्र लुकेर बसेको इतिहासको नवीन अध्याय खोतलिएन मात्र, किन भत्किएको रहेछ भन्ने तथ्य पनि पत्ता लागेको छ । त्यसैले पुनःनिर्माणमा ती गल्तीलाई नदोहोऱ्याउँदै प्राचीन र पुरातात्त्विक महत्त्वलाई निरन्तरता दिनु मुख्य चुनौती हो । तर, काष्ठमण्डपका रहस्यका सबै पोकाहरू खोलिए भन्नेचाहिँ होइन । जस्तो : काष्ठमण्डपको सवालमा एउटा कथा छ, यो पूरै एउटै रूखको काठले बनेको हो । अझ काष्ठमण्डप बनाएर बाँकी रहेको सोही वृक्षको काठले दक्षिणतिर कविनपुर र सिंह सत्तल पनि बनाइएको हो, जसलाई नेवारीमा सिःलेउ दबुः भनिन्छ । यसको अर्थ हो, बचेको काठ भण्डार गर्ने । के यो सत्य होला त ? पुरातत्त्वविद् आचार्य भन्छन्, "हामीले काठको नमुना परीक्षणका लागि बेलायत पठाएका छौँ । त्यसको रिपोर्ट आउन बाँकी छ । हामीलाई आशा छ, काठसँगै काष्ठमण्डपसम्बन्धी अन्य नयाँ तथ्य पनि पत्ता लाग्नेछ ।" ◆

यसरी हुँदै छ, पुनःनिर्माण

काष्ठमण्डप भत्कियो । नयाँ ऐतिहासिक तथ्यहरू खुले तर अबको मुख्य चासो भनेको काष्ठमण्डपको पुनःनिर्माण कसरी हुन्छ भन्ने हो । के यसको संरचना र स्वरूपले प्राचीन स्वरूपलाई आत्मसात् गर्ला त ? करिब नगर्ने अवस्था आइसकेको थियो किनभने पुरातत्त्व विभागले यस्तो खाका कोरेको थियो, जहाँ फलामे नटबोल्टको प्रयोग हुन्थ्यो । जबकि, यो विभागकै निर्देशिकाको खिलापमा छ । त्यति मात्र होइन, विभागको ड्इङमा काष्ठमण्डपको पश्चिमपट्टि एक जोडी सिंह राखिएको छ, जुन त्यहाँ छँदै थिएन । लचिलो शैलीको परम्परागत निर्माण पद्धतिभन्दा विपरीत थियो । यो कुरा स्थानीयवासीलाई पचेन र जागे । सोही कारण अब प्राचीनता र यसको ऐतिहासिक महत्त्वलाई प्राथमिकतामा राख्दै पुनःनिर्माणको गृहकार्य सुरु भएको छ । यसका लागि काष्ठमण्डप पुनःनिर्माणका लागि अभियान, काठमाडौँ महानगरपालिका, पुरातत्त्व विभाग र पुनःनिर्माण प्राधिकरणबीच सम्झौता भइसकेको छ । अभियानका संयोजक वीरेन्द्रभक्त श्रेष्ठ भन्छन्, "ढिला होला तर काष्ठमण्डपको मूर्त र अमूर्त दुवै सम्पदालाई ज्यूँका त्यूँ राख्ने छौँ ।" श्रेष्ठकै नेतृत्वमा काष्ठमण्डप निर्माणको ठेक्का रोकिएको थियो भने अब स्थानीयवासी आफैँ काष्ठमण्डपको पुनःनिर्माण क्रियाशील भएका छन् र यो कार्यले गति पनि लिन थालेको छ ।

काष्ठमण्डपको पुनःनिर्माणको प्राविधिक टोलीको संयोजन गरिरहेका छन्, सम्पदा संरक्षण अभियन्ता रवीन्द्र पुरी । अहिले उनको टोली यसको संरचना र बनोटको सूक्ष्म शैलीमा अध्ययनका साथै ड्इङलाई अन्तिम रूप दिन व्यस्त छ । उनी पुनःनिर्माणमा काठ, इँटा, माटो, ढुंगा र झिँगटीको मात्र प्रयोग हुने बताउँछन् । काठ पनि पुगेसम्म पुरानै प्रयोग गरिनेछ । काष्ठमण्डपले '९० सालको भूकम्पभन्दा पहिलेको पनि प्रत्येक शताब्दीमा महाभूकम्प थेग्यो तर भत्किएन । यो सबलतालाई जगबाटै निरन्तरता दिने प्रयास गरिँदै छ, यसपटक । पुरी भन्छन्, "परम्परागत आर्किटेक्चर जुन अवस्थामा हाम्रो हातमा परेको हो, भावी पिँढीलाई सोही अवस्थामा सुम्पनु हाम्रो दायित्व हो । काष्ठमण्डपमा हामी त्यही गर्दै छौँ ।"

काष्ठमण्डपलाई घेरेका अष्ट भैरव

NEXT | LAUNCHPAD

NEXT VENTURE CORP

Congratulations to the entrepreneurs who are ready to take their ventures to the **NEXT** level

Danfe Solution

Eton Technology

Farm To Finger

Home Automation Nepal

Margo Nepal

Nepal Packaging And Cool Storage

NEXT IS YOU

The next step in Nepal's entrepreneurial ecosystem begins as these innovative businesses start their journey towards accelerated growth through NEXT Launchpad.

Knowledge Partner: the kathmandu post

Banking Partner: Prabhu Bank

General Insurance Partner: Shikhar Insurance Happysurance

Agribusiness Partner: Janata Bank

Education Partner: LBEF Campus A Student Capital since 1998

Driving Partner: Ford Go Further

Tourism Promotion Partner: NTB Nepal Tourism Board www.welcomenepal.com

Corporate Partner: Kantipur Television Network (P) Ltd.

Movers & Shakers

www.mnsnext.com

@mnsnext

आजीवन

व्यक्तिचित्र

राजकुमार बानियाँ

तस्बिरहरू : रवि मानन्धर

एसिया महाद्वीपकै उत्कृष्ट १० स्थानमा आउँछ, चितवन राष्ट्रिय निकुञ्ज । नेपालको यो पहिलो निकुञ्जको जन्मकुण्डली दिने एक्लो व्यक्ति हुन्, रामप्रीत यादव, ७२, । निकुञ्जसँग सालनाल जोडिएका रामप्रीतले यसकै सेरोफेरोमा ४७ वर्ष बिताइसकेका छन् । सहरबजारमा रमाउनै नसक्ने उनलाई जंगल घरजस्तो लाग्छ, गैंडा-बाघ-गोही पारिवारिक सदस्य ।

जन्मथलो सिरहा, तेनुवापट्टीभन्दा कर्मथलो चितवन निकुञ्ज नै प्रीतम लाग्छ उनलाई । 'रोयल चितवन नेसनल पार्क' उनको जिन्दगीकै गजुर हो । निकुञ्जमा 'रोयल' शब्द छुटेकामा कताकता खिन्नता हुन्छ उनलाई । "रोयल राजा-महाराजाभन्दा पनि विशेष भन्ने अर्थमा हो," उनलाई खेद छ, "बदलिँदो परिस्थितिमा त्यसको महत्त्व नकारिएको छ । तर, रोयलको गरिमा बेग्लै छ ।"

प्रसंग ०२७ को हो । भीमफेदी (मकवानपुर)मा वन विभागको डिमार्केसन-कोर्स गरिरहेका थिए, रामप्रीत । राष्ट्रिय निकुञ्ज स्थापनाका लागि सरकारले विश्वनाथ (बीएन) उप्रेतीको अध्यक्षतामा कर्ण शाक्यलगायतको सर्वे समिति बनायो । पार्क कन्सल्ट्यान्ट थिए, जोन ब्लोर । त्यसमा कर्णले फिल्ड सहयोगीका रूपमा थपे रामप्रीतलाई ।

कर्णसित रामप्रीतको साइनो थियो, गुरु-चेला । वनविज्ञान क्याम्पस हेटौंडामा पढाएका कर्णले नै उनलाई राष्ट्रिय निकुञ्जतिर नसनाता जोडिदिए । त्यतिबेला सौराहा, गैंडाचोकनेर जम्मा एउटा चियापसल थियो रामकाजी श्रेष्ठको । थारु जमिन्दार मल्लु महतोको इँटाको घरबाहेक अरू घाँसपातले छाएका देखिन्थे । त्यहींको चौतारामा बीएन, कर्ण शाक्यलगायतको टिम पाल गाडेर बस्यो । "टेन्ट कति ठूलो भने बोक्नै तीन-चार जना चाहिन्थ्यो," उनी भन्छन्, "नेपाली घुर्छन् कि भनेर जोन ब्लोर एक्लै सुते । म जनावरले मार्छ भन्ने डरले रातभरि सुत्नै सकिनँ ।"

खासमा नुन लिन ठोरी जाने बाटो थियो, सौराहा । चुरेको डाँडानेर सिस्ने ठाँटीमा बास बसेको पनि उनलाई छर्लंग सम्झना छ । नवलपरासी, मुहानखोलापारिको मैदानी भूभागमा हजारौं बस्तुभाउ, गाग्राका गाग्रा दूध, दही र घिउको छेलोखेलो, चार-पाँच सय गाउँले उल्टिएर माछा मार्न आएको अनि हाँगाबिँगाले खोला नै फर्काइदिएको अपूर्व दृश्य ।

जंगलमा

काठमाडौंको टिम केही दिन बसेर फर्किहाल्यो । रामप्रीतचाहिँ सुक्खा सिजनमा कम्पास चेनबाट बगरैबगर फित्ता लतारेर सिमाना लगाउँथे अनि बर्खामा खोलानाला बढ्दा गैंडा गस्तीतिर लाग्थे । गैंडा गस्ती राणाकालीन नाम हो । १९८४ मै टिकौलीमा पोस्ट खडा गरेर गैंडा गस्ती सुरु भएको रहेछ ।

३ सय ६० वर्गमाइल सिमाना लगाउन एक-डेढ वर्ष लाग्यो रामप्रीतलाई । उत्तरी सिमाना राप्ती, पश्चिमी नारायणी, पूर्व नेपाल-भारत सीमा ठोरी पैरेवास, दक्षिण माडीसम्म । पछि पूर्व-पश्चिम सिमाना बढाएर ९ सय ३२ वर्ग किलोमिटर बनाइएको छ । रामप्रीतले सिमाना मात्र लगाएनन्, बाटाघाटो बनाए र सुरक्षा पोस्ट पनि खडा गरे ।

सन् १९७३ अर्थात् ०२९ मा 'पार्क हेडक्वाटर' बन्यो कसरा दरबार । सन् १९३९ मै बनेको नेपालकै पहिलो कङ्क्रिट भवन कसरा दरबार खासमा बेलायती सम्राट जर्ज छैटौंका लागि बनेको 'हन्टिङ प्यालेस' हो । कति बलियो भवन भने गोरखा भूकम्प झेलेर पनि दुरुस्तै छ । ब्रिटिस डिजाइनरले बनाएको यो भवनमा जर्ज आएनन्, भाइसराय आए ।

पहिलो निकुञ्जको पहिलो वार्डेन (संरक्षण अधिकृत) भए तीर्थमान मास्के । सहायक वार्डेन उनै रामप्रीत । दुर्लभ वन्यजन्तु संरक्षणको अवधारणा कसको हो ? "निकुञ्जको रोलमोडल त अफ्रिकी वाइल्ड लाइफ पार्क नै हो," उनी भन्छन्, "राजा महेन्द्रले अफ्रिकामा राष्ट्रिय निकुञ्ज बनाएका जोन ब्लोरलाई बोलाए ।"

कस्तो बेला निकुञ्ज बन्यो भने गैंडाको संख्या नौ सयबाट घटेर एक सय पनि थिएन । गैंडा गस्ती भन्नु मात्र । गस्तीवालासँग पड्किने बन्दुक थिएन । थोत्रो थ्रीनट्थ्रीको भर, न रासन न युनिफर्म । एन्टी पोचिङ गाडी दिए गजानन्द वैद्यले । गस्ती गर्दागर्दै १०-१५ वटा गैंडा मारिए ।

राजा वीरेन्द्रको चासोमा ०३२ सालमा सेना उतारिएपछि गैंडा र बाघको संख्या ह्वात्तै बढ्यो । यसरी सबैभन्दा पछि बनाएको निकुञ्जले एकदमै चाँडो प्रख्याति पायो । अहिले गैंडा ६ सय ४५ पुगेका छन् भने पाटेबाघ १ सय ९८ । त्यसैले विदेशी संरक्षणकर्मीले उनलाई पटक-पटक सोध्छन्, 'यसको रहस्य के हो ?'

तीर्थमान मास्के पढ्नलाई देशबाहिर गएपछि कायममुकायम वार्डेन भए रामप्रीत । एकाध वर्षपछि उनी पनि पार्क म्यानेजमेन्टको थप डिग्रीका लागि न्युजिल्यान्ड गए । त्यसमा प्रथम सगरमाथा आरोही सर एडमन्ड हिलारीको सहयोग उनी बिर्संदैनन् । त्यतिबेला हिलारीले तीन शेर्पासहित उनलाई पढ्ने मेसो मिलाइदिएका थिए ।

खासमा रामप्रीतको सम्पूर्ण परिचय संरक्षण शिक्षामै छ । पहिले राष्ट्रिय निकुञ्ज आयो भनेर सराप्नेहरू अहिले राष्ट्रिय निकुञ्ज-जिन्दावाद भन्न हिचकिचाउँदैनन् । उनलाई सिकारीले त रुचाएनन् नै, समुदायले पनि उतिसारो रुचाएन । गैंडाका निम्ति गाउँलेको सुविधा हरेको बात झेले उनले ।

रामप्रीतले घाँस-दाउरा र चरिचरण रोकिदिए । अझ कान्जी हाउसमा बस्तुभाउ थुनेर पाँच रुपियाँ जरिवाना गरिदिए । हँसिया-बन्चरो खोस्नुको मूल्य कति चर्को पर्‍यो भने गैंडा मारिँदा मुचुल्का उठाउन र सर्जमिन गर्न पनि साथ नपाउने । एकपटक त उनलाई गाउँलेले घेराउ नै गरे । सिपाही कुटिए । गाउँलेले कब्जा गरेका हँसिया-बन्चरो फिर्ता दिने सर्तमा राती उनलाई छाडिदिए । "म दुई-तीन महिना त्यो बाटै हिँडिनँ," उनी भन्छन्, "हँसिया-बन्चरा क-कसका हुन्, कसरी फिर्ता गर्ने ?"

एक जना नेता उनलाई किचकिच गरिरहन्थे, 'गैंडा ठूलो कि मान्छे वार्डेन सा'प ?' गलत सवाल कति दिन सहने ? उनले मुखभरिको जवाफ दिए, 'गैंडा-बाघ हेर्न हजारौं डलर तिरेर पर्यटक आउँछन्, तपाईंको अनुहारलाई त कसैले पाँच पैसा पनि तिर्दैन ।' त्यसपछि ती नेताले अझै पानीखेदो गरे, 'मान्छेलाई जनावरभन्दा पनि तल खसाल्यो वार्डेनले ।'

कानुनमा गैंडा मार्नेलाई पाँच हजारदेखि एक लाख रुपियाँसम्म जरिवाना र पाँचदेखि १५ वर्ष जेल सजाय तोकिएको थियो । उनले जहिल्यै एक लाख जरिवाना र १५ वर्ष जेल तोके । "वन्यजन्तु प्रकृतिका उपहार हुन्," उनी दाबी गर्छन्, "आफ्नै इष्टमित्र मार्नेलाई कसरी थोरैतिनो सजाय गर्ने ?"

गैंडाको चोरीसिकारी कसरी हुन्छ ? त्यो रहस्य पनि थाहा पाए उनले । काठमाडौंबाट आएका पाहुनालाई गैंडा देखाउनुपर्‍यो उनले । माउ गैंडा बच्चासहित तालमा बसेको रहेछ । उनी सुस्तरी नजिकै गए । उनले के थाहा पाए भने गैंडाको 'आई-साइट' कमजोर हुँदो रहेछ । बरू, ४० मिटरसम्म सुन्ने क्षमता हुँदो रहेछ ।

रामप्रीतले स्वाँस्वाँ गरेको गैंडाले थाहा पाइहाल्यो । उनी बेतोड भागे । "सिकारीहरूले नजिकै गएर पछाडिबाट राइफल हानेर खाग लैजाँदा रहेछन्," उनी सुनाउँछन्, "गैंडा शाकाहारी हो । बच्चासँग भएका बेला या समागमका बेला मात्र उसले झम्टन्छ ।"

फोटो मात्र देखेकाले पनि बाघको बदनाम गरिरहेको देख्दा रामप्रीतलाई उदेक लाग्छ । "बाघ एकदमै शान्तिप्रिय, सुन्दर र बलिष्ठ अनि भद्र र

लजालु जनावर हो, नरभक्षी हुँदै होइन। उसका आहारा त जरायो, लगुना, चित्तल हुन्," उनी बाघमा महानता देख्छन्, "डिस्टर्ब भयो या प्राइभेसीको ख्याल गरिएन भने बाघुझापु लगाइदिन्छ। मान्छेलाई मर्का परिहाल्छ।"

उनको खुसीको दिन भनेकै पाटेबाघसँग जम्काभेट हो। ९० सीसीको हिरोहोन्डा मोटरबाइकमा एक्लै गुडिरहँदा उनले पहिलोचोटि बाघको दर्शन पाए। बाघ अगाडि-अगाडि, वार्डेन पछाडि-पछाडि। खुसीमा उनको ढुकढुकी कति बढेर गयो भने कतिलाई सुनाए, सुनाए। "विदेशी बाघ देखेर रमाउने, हामी बाघको नामै सुनेर ज्वरो निकाल्ने?" उनी प्रतिप्रश्न गर्छन्, "विदेशी २० लाख रुपियाँ खर्चेर बाघको दर्शनका लागि आउने, हामीचाहिँ उल्टै बाघको बदनामी गर्दै हिँड्ने?"

गैँडा र बाघ मात्र नभएर गोहीका पनि साथी हुन्, रामप्रीत। कसरामा घडियाल प्रोजेक्ट (विसं ०३४) 'ए टू जेड' उनकै सपना हो। चार वर्ष 'फुलटाइम' घडियाललाई नै दिए। नारायणीका घडियाल अहिले राप्तीमा समेत छन्। घडियाल माछा खाने र सफा बगुवा पानीमा बस्ने जलचर हो।

रामप्रीतको जंगल-जिन्दगी रोमाञ्चक छ। राजा वीरेन्द्रले हुकुम प्रमांगीबाट चिफ वार्डेन बनाइदिएका दुई जनामध्ये एक हुन्, रामप्रीत। "म जहिल्यै जंगलमा कुदेको देखेर होला, मेरो तारिफ राजासम्म पुगेछ," उनी भन्छन्, "०४२ मा हुकुम प्रमांगीबाट म चिफ वार्डेन भएँ।"

चितवन बसुन्जेल रामप्रीत दसैँमा समेत घर गएनन्। गोहीको अन्डा जोगाउनु सजिलो थिएन। प्रायः टीकाको भोलिपल्ट राजा वीरेन्द्र टुप्लुक्क आइपुग्थे। हरेक सवारीमा उनलाई बोलावट हुन्थ्यो। "वीरेन्द्र शान्तिप्रिय, अल्प तर मिष्ठभाषी राजा थिए, म उनको खानपिन र जंगल सफारीमा साथै हुन्थेँ," उनी अतीततिर फर्किन्छन्।

सौराहा र उनको सम्बन्ध मीठो छ। दिनहुँजसो सौराहा नआई उनलाई चित्त बुझ्दैन। आजको व्यस्त पर्यटकीय थलो सौराहा गैँडा-बाघकै देनजस्तो लाग्छ उनलाई। सौराहा यति भव्य होला भनेर उनले कल्पेका पनि थिएनन्। उनले पुरानो सौराहामा जमिन्दार मल्लु महतोलाई सम्झाएका थिए, 'पर्यटकलाई कमसेकम कोक-फ्यान्टा खुवाउने व्यवस्था गर।' रैथाने युवकहरूलाई उनले नेचर गाइड तालिम लिन हौसाएका थिए।

उनले हेर्दाहेर्दै सौराहाको विस्तार हुँदै गयो। हात्ती क्याम्प, गैँडा वाइल्डलाइफ क्याम्प खुले। पहिलो वर्ष ०२९ मा २६ पर्यटक सौराहा आएको उनलाई हिजोजस्तै लाग्छ। हात्ती सफारी, डुंगा शयर, जिप सफारी, जंगल वाक आयआर्जनका माध्यम भए। अहिले होटल नै १ सय ५ वटा पुगेका छन्। "सौराहामा जमिन्दारको ज पनि बाँकी छैन," उनी ठट्यौली भावमा भन्छन्, "तर, व्यक्तिले नै एक करोड दरका ६० वटा हात्ती पालेका छन्।"

मलेरियाविरुद्ध डीडीटी छर्किएपछि सौराहामा बाहिरियाको आगमन बढ्यो। बस्ती योजना अन्तर्गत एक रुपियाँको टिकट टाँसेर पाँच बिघा जग्गा सित्तैँमा पाउने भएपछि सौराहाको कायकल्प नै भयो। रमाइलो के भने ५० हजार रुपियाँमा १० कट्ठा जग्गा दिँदा पनि उनले लिन सकेनन्। ०५२ मा क्यान्सर अस्पतालको गेट नम्बर-१ नजिक आफ्नै ड्राइभरसँग दुई लाखको एक कट्ठा जग्गा लिएर एकतले घर बनाए। "अहिले पनि कतिपय चिफ वार्डेनको घर भनेर अरूकै घरतिर जान्छन्," उनी भन्छन्, "मलाई एकतले घरमै परमानन्द छ।"

संरक्षण क्षेत्रका महारथी रामप्रीतका निम्ति असली जीवन भनेकै प्रकृति हो। उनको नारा नै छ- नो लाइफ विद्आउट वाइल्डलाइफ। समुदायलाई संरक्षण बुझाउने क्रममा नाच्न सिके उनले। राष्ट्रिय निकुञ्जको क्याप्टेन भएर हात्तीपोलो च्याम्पियन भए, १० पटक। लाइफटाइम कन्जरभेसन अवार्ड पाए, ग्लोबल ५०० पनि पाए। "जागिर मात्र खाने मान्छे संरक्षणमा काम लाग्दैन, आत्मादेखि नै संरक्षणकर्मी हुनुपर्छ," उनी गर्व गर्छन्, "मेरो काम हुकुम प्रमांगी या बढुवा केहीका लागि पनि थिएन।"

दौडेको दौड्यै छन्, रामप्रीत। धन्न संरक्षणमा लाग्नु पहिल्यै बिहे गर्न भ्याइसकेका थिए। १८-१९ वर्षको उमेरमा सिरहाकै कन्यासित बिहे गरेका उनका दुई छोरा छन्, २० वर्षे जन्मान्तरका। जेठा सिरहामै खेतीपातीमा छन् भने कान्छा भर्खर बीबीए पढ्दै छन्। उनीसँग परिवारको एउटै गुनासो छ, समय नदिएको। आफ्नो कर्मप्रति किञ्चित् खेद छैन उनलाई।

सिरहाको यादव परिवारका चार दाजुभाइमा रामप्रीतको रोल नम्बर २ हो। गाउँमै अक्षरारम्भ गरेपछि थप शिक्षाका लागि छिमेकी भारतको मधुवनी डिभिजन अन्तर्गत जनता चेथ्रु केशवलाल (जेसीकेएल) हाई स्कुल खजेडिहा जानुपर्ने बाध्यता थियो उनमा।

प्रशस्त दूध-घिउ खाने अनि पहलवानीमा जाने चलन थियो परिवारमा। उनका दाजुभाइ अहिले पनि खेतीकिसानीमै रमाइरहेका छन्। बाल्यकालमै जंगल, वन्यजन्तु र चराचुरुंगीमा चाख बस्यो उनलाई। उनलाई लाग्यो, 'म वनमै काम गर्छु।' नभन्दै त्यस्तै भयो।

जहाँ-जहाँ गैँडा मारिए, त्यहाँ-त्यहाँ पुगे रामप्रीत। चितवन राष्ट्रिय निकुञ्जपछि बर्दियामा साढे तीन वर्ष चिफ वार्डेन भए। शुक्लाफाँटामा एक वर्ष बसेर पर्सामा दुई वर्ष चिफ वार्डेन। वर्षको १५ वटासम्म गैँडा मारिन्थे, द्वन्द्वकालमा ३५ वटा मारिए। गैँडा धेरै मारिन थालेपछि फेरि चितवनै आए। सगरमाथा, कोसीटप्पु, लाङटाङ, रारासित पनि उनको थोरबहुत सम्बन्ध छ।

लाङटाङमा सिमाना लगाउन जोन ब्लोरसँग ४५ दिन हिँड्दा नौ किलो घटेछन् रामप्रीत। "जोन स्लिपिङ ब्याग, चस्मा, औषधि लिएर गएका थिए, मैले पनि थोत्रो चस्मा लगाएकै थिएँ," उनी सम्झन्छन्, "बिचरा भरियाले हिउँबाट जोगिन गोल पिँधी आँखामा कालो धर्सा कोरेर ज्यान जोगाए।" पहिलो प्लेन यात्रा त्यहीँ गरे उनले। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा समेत काम गरेका रामप्रीतले ३४ वर्षे जागिरे जीवन ०५७ मा बिसाए।

अवकाशपछि पनि उनको दौडधूप सकिएको छैन। डब्लूडब्लूएफको चार जिल्लाको समुदायमा आधारित तराई भूपरिधि परियोजना (ताल प्राजेक्ट)को संरक्षण शिक्षामा जुटिरहेकै छन्। "छालाको शान जिउँदो बाघमा हुन्छ, खागको शान जिउँदो गैँडामा हुन्छ," उनका कुरा ऐजन-ऐजन हुन्, "जंगलमा मानिस एक सय प्रतिशत सुरक्षित हुन्छ भने सहर-बजारमा दुई सय प्रतिशत असुरक्षित।" ◆

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG
KANTIPUR MEDIA GROUP

बम्पर उपहार १ किलो सुन

साथमा हरेक महिना १० तोला सुन र हरेक हप्ता १ किलो चांदी

अनि स्क्र्याच गरी जित्नुहोस् लाखौंका उपहारहरू

* शर्तहरू लागू हुनेछन् ।

एल.इ.डी टि.भी. | ल्यापटप | स्मार्टफोन | पावरबैंक | घडी | वाटर प्युरिफायर | गिफ्ट भौचर | रू २०० देखि रू २५०० सम्मको नगद छुट

ग्राहक अवधि बाँकी रहेकाहरूले पनि समय बढाएर यस योजनामा सहभागी हुन पाउनुहुनेछ ।

"जति छिटो ग्राहक बन्नुहुन्छ त्यति नै धेरै जित्ने मौका ।"

थप जानकारीको लागि
एन.टि.सि.: 16600122222, 9851216800
एनसेल: 9801572222, 9801016850

उपत्यका भित्र: 9841166784 (शिशिर), 9851098944 (राम कृष्ण), 9851005217 (ध्रुब)
उपत्यका बाहिर: 9856044140 (शंकर)
SMS SUB to 38080

कान्तिपुर राष्ट्रिय दैनिक वा **The Kathmandu Post** को वार्षिक ग्राहक बन्नुहोस् र पाउनुहोस् हरेक महिना १० तोला सुन, हरेक हप्ता १ किलो चाँदी लगायत लाखौंका उपहारहरू जित्ने मौका । एक जना भाग्यशाली विजेताले जित्नुहुनेछ बम्पर उपहार १ किलो सुन ।

आजै कान्तिपुर राष्ट्रिय दैनिक वा The Kathmandu Post को वार्षिक ग्राहक बन्नुहोस् ।

संसद्-सञ्चार सम्बन्धको समीक्षा

रामबहादुर रावल

नेपालको पहिलो निर्वाचित संसद् २०१६ सालमा गठन भयो र त्यो संसद्को रिपोर्टिङ गर्ने पत्रकार भैरव रिसाल अहिले पनि हामीलाई आफ्ना अनुभव बाँडिरहेका छन् । यसबाट के स्पष्ट हुन्छ भने हामीकहाँ न संसदीय व्यवस्था धेरै पुरानो भएको छ, न त संसदीय रिपोर्टिङ नै । असार ०१६ मा गठित संसद् पुस ०१७ मा राजा महेन्द्रको कूसँगै विघटित भयो। त्यसपछिका ३० वर्ष पञ्चायतका नाममा भारदारी सभामा परिणत भयो, संसद् । ०४६ को परिवर्तनपछि तीन पटक संसद्को निर्वाचन भयो र फेरि राजा ज्ञानेन्द्रको महत्त्वाकांक्षाको कोपभाजनमा पर्‍यो, संसदीय व्यवस्था। यद्यपि, ०४८ पछिका संसद्हरूले कार्य सञ्चालन पद्धतिदेखि सञ्चारसँगको सम्बन्धमा केही मानक स्थापित गरे । संसद् र पत्रकारको सम्बन्धलाई आधुनिक दृष्टिकोणबाट परिभाषित गर्ने काम भयो। तीमध्ये कतिपय मान्यता र प्रचलनलाई अहिलेसम्म पछ्याइँदै छ ।

संसदीय रिपोर्टिङमा अभ्यस्त पत्रकारहरूकै पहलमा प्रकाशित पुस्तक *संसदीय पत्रकारिता*ले नेपालको संसदीय व्यवस्थाका तीन चरणमा संसदीय गतिविधिलाई पत्रकारहरूले कसरी नियाले भन्ने झल्को दिन्छ । पहिलो संसद्को अनुभवमा पाका पत्रकार भैरव रिसालले रमाइलो चित्रण गरेका छन् । सभामुख कृष्णप्रसाद भट्टराई नै पत्रकार पृष्ठभूमिका भएकाले संसद् र पत्रकारबीचको सम्बन्ध सहज भएको उनको अनुभूति छ। सभामुखकै कारण तत्कालीन संसद् सचिवालय र अन्य सांसदहरूले पनि पत्रकारसँग हार्दिकतापूर्वक सम्बन्ध राखेको उनको भनाइले हाम्रो संसदीय पत्रकारिताको सुखद आरम्भको अनुभव गराउँछ। अझ रोचक प्रसंग, त्यतिबेला सांसद/मन्त्रीहरू पत्रकारहरूसँग सहज रूपमा बोल्न सक्दैनथे। बोलेमा आफ्ना कुरा दरबारमा पुग्छन् र कारबाहीमा परिएला भन्ने डर प्रायःलाई हुन्थ्यो । त्यसमा पनि अगाडि टेप रेकर्डर राखेर कुरा गर्न त कोही पनि तयार नहुने अवस्था रहेछ ।

हरिबहादुर थापाले ०४८ पछिको संसदीय पत्रकारिताका रोचक घटनाक्रम राखेका छन् । सार्वजनिक लेखा समितिका गतिविधिले संसदीय पत्रकारिताको ग्ल्यामर बढेको उनको अनुभव छ। ठूलठूला भ्रष्टाचार, अनियमितता र राष्ट्रलाई हानि पुग्ने गतिविधिमा संसदीय समितिहरूको निगरानीले पत्रकारका लागि पनि खुराक मिल्न थालेको र सार्वजनिक जवाफदेहितामा संसद्–सञ्चारबीचको अघोषित सहकार्य फलदायी भएको उनको निष्कर्ष छ। तर, पछिल्ला दिनमा संसद् केवल पस्किने ठाउँ मात्र बनेको, खिचडी बाहिरै पाक्न थालेको प्रति भने उनको टिप्पणी छ, 'शीर्ष नेतृत्वले संसद्-संसदीय समितिलाई राजनीति र नीतिगत निर्णयको वैधानिक थलो बन्न नदिने झेली खेल भित्र्याएको छ । वैधानिक राजनीतिक निर्णयका हिसाबले संसद् मूल थलो बन्नुपर्नेमा परिदृश्यहरू बालुवाटार-बूढानीलकण्ठ-बालकोट-बोहराटारकेन्द्रित भएका छन् ।'



संसदीय पत्रकारिता

सम्पादक : राजेन्द्र फुयाल
प्रकाशक : संसदीय मामिला पत्रकार समाज
पृष्ठ : १९८
मूल्य : उल्लेख छैन

०६३ मा पुनःस्थापित प्रतिनिधिसभा, अन्तरिम विधायिकादेखि संविधानसभा–१ र २ सम्म आइपुग्दा संसद्का गतिविधि धेरै हदसम्म पारदर्शी छन् । सञ्चारकर्मी-मैत्री भएका छन् । तर पनि बेलाबेला संसदीय समिति र संसद् सचिवालयमा सञ्चारकर्मीप्रति वक्रदृष्टि नपलाएको होइन। लोकमानसिंह कार्की संसदीय समितिमा आउँदा उनलाई गरिएको विशेष सम्मानसँगै सञ्चारकर्मीलाई बैठक कक्षबाट बाहिरै थुनियो । जबकि, राष्ट्रिय सुरक्षासम्बन्धी केही बैठकबाहेक प्रायः संसद् र संसदीय समितिका छलफलमा सञ्चारकर्मीले पाएको पहुँचप्रति असन्तुष्टहरू बेलाबेला सलबलाउन खोज्छन् । यस्तो अपारदर्शी र प्रेसविरोधी सोच कार्यपालिकाबाट बेलाबेलामा व्यवस्थापिका र न्यायपालिकामा सर्ने गर्छ ।

जनताबाट प्रत्यक्ष निर्वाचित संसद् र सांसदका लागि प्रेस कति महत्त्वपूर्ण पक्ष हो भन्ने दृष्टान्तमा प्रा पी खरेलले ०१६ सालकै उदाहरण दिएका छन् । त्यतिबेलाका सांसदहरू सभामुखलाई सम्बोधन गर्ने तर प्रेस ग्यालरीतिर फर्केर भाषण गर्ने भएपछि सभामुख भट्टराईले बारम्बार आफूतिर फर्केर भाषण गर्न रुलिङ गरेका रहेछन् ।

अरूका गतिविधिको आलोचना र समीक्षा गर्ने सञ्चारकर्मीले आफ्नो कार्यव्यापार जोडिएका अन्य पक्षको नजरमा आफ्नो छविछाया कस्तो देखिँदो रहेछ भन्नेसमेत यसबाट थाहा पाउन सक्छन् । हालसम्मका सभामुखहरूमध्ये रामचन्द्र पौडेल, तारानाथ रानाभाट, दमननाथ ढुंगाना, सुवास नेम्वाङ र ओनसरी घर्तीमगरका अनुभव पनि पुस्तकमा समेटिएका छन्। त्यसै गरी संसद् सचिवालयका पूर्वकर्मचारीका विचार एवं अनुभवले संसदीय पत्रकार र पत्रकारिताप्रति सचिवालयको दृष्टिकोण बुझ्न सकिन्छ । स्वयं पत्रकार र पत्रकारिताका गुरुहरूको समेत समकालीन संसदीय पत्रकारिताप्रतिको आलोचनात्मक दृष्टिकोण यसमा पढ्न पाइन्छ । तसर्थ, यो पुस्तक संसदीय पत्रकारिताका विभिन्न कालखण्डका अनभुवको अभिलेखीकरण त हो नै, साथसाथै आत्मसमीक्षाको दस्तावेजीकरणसमेत मान्न सकिन्छ ।

पछिल्लो दशकमा संसद् र संसदीय गतिविधि जसरी उदार र पारदर्शी हुँदै आएका छन्, त्यसको भरपूर उपयोग हामीले गर्न सक्यौं कि सकेनौं भन्ने प्रश्न मननीय छ। त्यसमा पनि संसद्का पदाधिकारी र कर्मचारी प्रशासनसँगको अत्यधिक हिमचिम र कतिपय अवस्थामा हिस्सेदारीसमेत खोज्ने प्रवृत्तिले संसदीय पत्रकारितालाई स्वतन्त्र, व्यावसायिक र आलोचनात्मक रहन दिएको छ कि छैन भनेर पनि आत्मसमीक्षा गर्न सक्नुपर्छ। त्यो पक्षमा कलम नचल्नु वा त्यो दृष्टिकोणलाई स्थान नदिनु यस पुस्तकको कमजोरी हो । ♦

सामान्य ज्ञान

पदमसिंह कार्की

नेपाल र नेपालीसम्बन्धी रेकर्ड्सको संग्रह हो, *बुक अफ रेकर्ड्स नेपाल* । यो पुस्तक ज्ञानको मनचिन्ते झोला मात्र होइन, नेपालबारेको सूचनाको विशाल भण्डार पनि हो । विभिन्न नेपालीले बनाएका विश्व रेकर्ड्स यसमा सविस्तार उल्लेख गरिएको छ । घटनाका आधिकारिक तिथिमिति पनि यसमा समाविष्ट छन् ।

पुस्तकमा नेपालका आर्थिक-सामाजिक सूचकांकदेखि धार्मिक रीतिथिति र संस्कारको पनि उल्लेख गरिएको छ । सञ्चारदेखि खेलकुदसम्मका सूचना पनि यसमा संगृहीत छन् । कृष्णप्रसाद कोइरालाका तीन छोरा मातृका, विश्वेश्वर र गिरिजाप्रसाद कोइराला नेपालका प्रधानमन्त्री भए । दोलखाका एउटै बाबुआमाका सात भाइ छोराहरूले पटक-पटक गरेर सगरमाथा आरोहण गरे । नेपालको हिम शृंखला विश्वकै लागि अद्भुत सम्पदा हो । आठ हजार मिटरभन्दा अग्ला थुप्रै हिमालले विश्व रेकर्ड कायम गरेका छन् । सोलुखुम्बुका तेन्जिङ शेर्पाले एडमन्ड हिलारीसँगै सगरमाथा चुमेको रेकर्ड छ । आप्पा शेर्पाले २१ पटक सगरमाथा चढेर रेकर्ड बनाए भने संखुवासभाकी लाक्पा शेर्पाले सात पटक आरोहण गरेर अर्को रेकर्ड कायम गरिन्, महिला आरोहणमा ।



बुक अफ रेकर्ड्स नेपाल

सम्पादक : शिवहरि सापकोटा
प्रकाशक : इतोसी बुक्स
पृष्ठ : ३५८
मूल्य : ६०० रुपियाँ

पुस्तकमा विश्व रेकर्ड्स सूचनाको खात नै छ । विश्व साइकल यात्री पुष्कर शाहले १ सय ५० देशका झन्डा सन् २०१० मा सगरमाथा पुर्‍याए भने काठमाडौंकी मुनी मुलेपतिले त सगरमाथालाई साक्षी राखेर सोलुका पेमदोर्जे शेर्पासँग विवाह नै गरिन् । विश्व सम्पदा सूचीमा परेको सगरमाथामा संसारकै अग्ला ठाउँमा बनेका होटल, हस्पिटल र एयरपोर्ट छन् ।

पाटनको महाबौद्धका नौ हजार इँटामा बुद्धको चित्र कुँदेको जानकारी छ । कलाकार लैनसिंह बाङ्देललाई फ्रान्स सरकारले दिएको पुरस्कार पुस्तकमा उल्लेख छ । यस पुस्तकमा विभिन्न २५ क्षेत्रका एक सय उपक्षेत्रका सूचना छन् । १ हजार ५ सयभन्दा बढी तथ्य र आधिकारिक रेकर्ड यसमा संकलित छन् । हाम्रो राष्ट्रिय झन्डा विश्वकै एक मात्र पृथक् त्रिकोणात्मक झन्डा हो । *गोरखापत्र*ले २५ भन्दा बढी भाषामा परिशिष्टांक निकालेर अद्भुत रेकर्ड राखेको छ ।

पुस्तकमा नेपालको इतिहास, पर्यावरण, शिक्षा, स्वास्थ्य, पर्यटन, सञ्चारका पर्याप्त जानकारी छन् । तर, कतिपय जानकारी भने प्रामाणिक छैनन् । विश्व रेकर्ड्स भनिएका कतिपय प्रसंग अद्यावधिक गरिएको पनि छैन । यद्यपि, पुस्तक सामान्य रूपले पढ्न कामलाग्दो छ । यो सामान्य ज्ञानको पुस्तक हो । ◆

नेपाल
KMG
नेपाल राष्ट्रिय साप्ताहिक
nepal.ekantipur.com
75,000+
fb.com/nepalmagazine
45,000+
@nepalmagazine

विधान आचार्य

एकादेशका बा

एकादेशमा एक जना बा थिए । छन त बाका बा पनि थिए, तर आफू सानै छँदा बाका बा परलोक गएपछि यी बा साह्रै नियास्रिए । यी बाका भागमा घरभरि दुहुना भए पनि मोही पर्‍यो । पढाइलेखाइप्रतिको आफ्नो उत्कट अभिलाषा आली-हिलोमा पोख्नु पर्‍यो ।

बाको सानैमा बिहे भयो । अनि, तिनीहरू बाआमा भए । एउटीका बाआमा भएर नपुगेर अर्को तयारी चल्दै थियो, बालाई सहिनसक्नु भयो । बा अमिलिए । आफ्नै परिवारमा दोस्रो दर्जाको नागरिक ? एक दिन, दिन होइन एक रात छोरी, आमा र उनको कोखमा हुर्कंदै गरेकोलाई चटक्क छोडेर बा परदेसिए ।

बा नभएका समयमा आमा भने नोकर्नी आमा भइन् । लोग्ने नभएपछि घर कहाँ घर भइराख्छ र ? घर, मालिक भयो । आमा सेविका भइन् । पानीले गिज्यायो र पिठ्यूँभरि त्यसैका धारा बगिरहे । आधा दर्जन सासूहरू मालिक अवतारमा उनीमाथि खनिए । सासू नभएकाहरू पनि सासूजस्तै बने । सबैका लुगा समेटेर आफ्ना आङका लुगा पनि बिर्सिइन् उनले ।

बालाई परदेशले हन्डर खुवायो । घरदेशमा आफ्ना अनुपस्थितिमा जन्मेर हुर्केको छोरो ठूलै भएपछि समाजले बालाई सम्झ्यो । भाइ बाले बालाई खोजखन्तर गरे ।

बा फर्के । तर, उनका परदेशमा आफ्नो अधिकार र अस्तित्व गुम्ला भन्ने डरले नतमस्तक हुँदाहुँदा आमा खोक्री भइन् । खोक्री भए पनि उनले आफ्नो शरीरलाई भरिलो बनाएर बालाई समर्पित गरिराखिन् । बा फेरि बा भए ।

◆◆◆

पहिला सायद बा थाहै नपाई बा भए । अर्को बा हुने बेला बा घरमै भएनन् । बाले बा हुनुको वास्तविक अनुभव बल्ल गरे होलान् । तर, बाको बिथोलिएको मन, परिवारमा भएको बाप्रतिको असहज अवस्थाले बालाई सामान्य बा हुन दिएन । फर्केर आउनासाथ, आ-आफैं गरिखाने भनी छुट्याइएका बाका भागमा रोजी अरूले राखेर छोडी परेको सम्पत्ति र आफू नहुँदा सास्ती खेपेर रोगी भएकी आमा पनि साथै थिइन् । आफू हुँदाहुँदै त कति थोक एकाएक अलप हुन्छन् भने आफू नभएपछि बाका धेरै कुरा अलप भए ।

घर ठूलो, सम्पत्तिको मात्रा ठूलो । बाका भागमा भने पकाउने र खाने भाँडा पनि आमाले माइतीबाट ल्याइन् । बा डिलमा बसेर हेरिरहे ।

◆◆◆

नेमी थियो नाम उसको, जसले बालाई रहरको बा बनाएको थियो । रहरको नभएर बिस्तारै कहरको बा बनाएजस्तो भयो ।

सयौं योद्धाहरूका प्रहारले पहिल्यै आहत भएको रथ युद्धका करकापले मात्र कृष्णले जोगाएका थिए । कृष्णले छोड्नासाथ रथ जसरी भष्म भयो, त्यसै गरी आफ्नो अस्तित्व र अधिकारै जाला भनी बा घरमा नहुँदा ज्यान दिएर सेवा गरेकी आमाको शरीर पनि चकनाचूर भएको थियो । बा आएपछि बाका काखमा घोप्टेर आमा रोएकी थिइन् । आमाको रुवाइ प्रीतमा परिणत भयो ।

मनले मात्र ज्यान धानिँदैन, शरीर धानिन दरिलो तन नै चाहिन्छ । आमाको शरीरले एक दिन मुखबाट रगत निकालेर बिलौना गर्‍यो । लुकाउन खोजिन्, लुकेन । पन्छाउन खोजिन्, पन्छिएन । उमेरमा बाले छोडेर गएका थिए । अहिले उमेरमा उनले छोडौंलाझैं पो गरिन् ।

अकस्मात् आफ्नो घर चलाउने आफ्ना सन्तानकी आमा रगतका आँसुमा आएपछि भने बा हडबडाए । बाँकी एउटी दिदी थिइन् । दिदीले हौसला दिइन् । उपचारका लागि आमा नेपाल सहरमा बसेपछि भने बामे सर्ने नेमी पनि आमासितै पुग्यो । तर, अस्पतालले बच्चा राख्दैनथ्यो । चारखुट्टे नेमी दुईखुट्टे हुन नपाउँदै धेरै हन्डर खायो । भर्‍याङबाट लडाइयो । घरि आमासित राखियो, घरि छुटाइयो ।

उता बा पश्चिम पहाडमा लहरोजेउरो गरेर घर धान्दै थिए भने यता आमा नेपाल सहरमा आफ्नो शरीर र सन्तानका लागि संघर्षरत थिइन् । बाका अनुपस्थितिमा जन्माएको बाको बीउ उनका लागि सबैभन्दा प्रिय थियो । नेमी त थियो तर नेमीभन्दा पनि उनको प्राण उसैमा थियो । दुःखमा उसले आमा भनेर काखमा बसेर गाला मुसार्दै 'नरुनु आमा' भनेको सम्झेर उनी भक्कानिन्थिन् । बालाई हुन त उनले फेरि फेरि बा र बा बनाइराखिन् । तर, आमा हुनुको गौरव उनलाई उही पहिलो छोरोबाट भयो । किनभने, उसलाई उनले एक्लै र अद्वितीय संघर्षसाथ हुर्काएकी थिइन् ।

◆◆◆

आमाबेगर मर्ला कि भनेको नेमी, आमाको सान्निध्यका लागि भनेर सहरमा राख्दा झन् बिनाकामको सिकार भयो । ऊ इच्छाइएको पात्र थिएन । अर्घेलो थियो । बा घरदेशमा थिए, आमा अस्पतालमा थिइन् । बालाई खबर गयो, नेमीको बेहाल छ । 'बा भाइलाई ल्याउनू', दिदी र दाजुले पनि आँखा भिजाए । बा नेपाल सहर पुगे ।

घुतुमुने नेमी कालो र ख्याउटे भएको थियो । बाले चिन्न पनि नसकिने अवस्थामा थियो । मन छोयो । एकातिर आफ्ना सन्तानकी आमा अस्पतालको बिछ्यौनामा, अर्कातिर छरिएका छोराछोरी बटुल्दै थिए बा । बालाई पहिलोपटक सायद घर छोडेर नहिँडेको भए म पनि अरूका सामु केही बन्न सक्थें भन्ने लाग्यो ।

बा, बा थिए । त्यत्रो टुकुटुकु हिँड्ने बच्चोलाई पनि एउटा ठूलठूलो झोलामा हाले । काँधमा बोके । नेपाल सहरदेखि पश्चिमको तीन नम्बर चार दिनको बाटो थियो । बा, बा थिए । चल्लालाई माउले लिएर हिँडेझैं बाबुछोराको यात्रा चल्यो ।

◆◆◆

'बाबु के खान्छस् ? बिस्कुट ?'

नेमी 'अँ'मा टाउको हल्लाउँथ्यो । बा एउटा बिस्कुट किनेर खोलेर झोलामा हालिदिन्थे । ऊ कुपुकुपु खान्थ्यो ।



बाटामा भेटिएका एक हूल भेडालाई देखेर ऊ रोमाञ्चित हुन्थ्यो । बा एकछिन उसलाई झोलाबाट बाहिर निकालेर नदी, भेडा र सँगै हिँडेका बटुवाहरूको लस्कर देखाउँथे । घरि ऊ पनि झोलाबाट बाहिर निस्केर हिँड्छु भन्ने जिद्दी गर्थ्यो । बा ऊतिर हेर्थे । मुस्कुराउँथे । फेरि कन्याककुरुक पारेर उसलाई झोलामै हाल्थे । काँधमा बोकेर हिँड्थे । साँझमा पुग्नुपर्ने बासले बाबुछोरालाई बोलाउँथ्यो ।

ढुंगाको चुलोमा ढाक्रेहरूसितै पाक्थ्यो भात । शिरमाथि मडारिएको धर्म र संस्कृतिको बादलले बालाई आफैं पकाउन बाध्य पार्थ्यो । नेमीका लागि बटुको थापेर पसलबाट दूध लिएर आउँथे । अँगेनाको दाउरामा झुक्किएर कुल्चिँदा दाउराले उछिट्याएर चुलामा बसालेको गुन्द्रुक घिप्लिक्क पोखिन्थ्यो । बा आखिर बा थिए । छोरालाई खुवाएपछि निस्तो भातले पनि बाको पेट भरिन्थ्यो ।

बाको झोला नेमीको घर थियो । बिसौनीमा थकाइ मारेर उठ्नासाथ लौ जाने बेला भयो भन्ने ठानी नेमी झोलाछेउ आइपुग्थ्यो ।

घर पुग्ने पुग्ने बेला हुँदै आएपछि आफ्नै गाउँ आइपुग्न लागेको थियो । चिन्ने-जान्नेहरू पनि बढ्दै गए । चिन्नेहरूले झोलामा चिचिलो नेमीलाई देखेर भावुक भए । कति रुन थाले । प्रायः सबैका मनमा के आएछ भने, 'आमाचाहिँ गइछन् र बाले दुब्लो र टीठलाग्दो भएको छोरालाई मात्र लिई आएछन् ।' बाले पहिले त खालि छोराका कारण मात्र गाउँलेहरू भावुक भएका भनी ठाने तर पछि छोराकी आमा नै नरहेकी शंका आयो भन्नासाथ बा फेरि एक गाउँसम्म फर्की आमा बितेर छोरालाई ल्याएको होइन है भन्ने स्पष्टीकरण दिए । आमाबारे गाउँलेले नानाभाँती शंका गरेपछि बाले छोरालाई एक चौतारामा राखेर छातीमा च्यापे । आमाबारे गरिएको शंका मात्रले पनि बालाई एकैछिनमा भावुक र पूर्ण बा बनायो । बाका पनि आँखामा आँसु आए ।

◆◆◆

बा साँच्चैका बा थिए । धेरै वर्षसम्म बाले नेमीलाई बोकेर लगेको झोला दलिनमा झुन्डिरह्यो । नेमीहरूका पढाइमा बा साह्रै चिन्तित हुन्थे । आफूले चाहेजति पढ्न नपाएको दुःख बाका आँखामा सधैं रौद्ररस बनेर आयो । कहिले कसले के सुरमा भन्यो, बाले बताएनन् तर भन्थे, 'तँ गोठालो होस्, तेरा छोरा पनि गोठालै हुन्छन् भनेको आवाज मेरा कानमा होइन, मुटुमा छ ।' त्यसैले आली-हिलो, घाँसकुँडो बाले गरे, कहिल्यै छोराछोरीलाई लगाएनन् ।

कलेज पढ्ने, जागिर खाने र कालान्तरमा आफैं अर्को पुस्ताको बा हुँदासम्म पनि नेमीहरूका जीवनमा बा हमेसा बा नै भइरहे । पहिले बाको जीवनप्रति खिल्ली गर्ने र उनलाई पशुवत् व्यवहार गर्नेहरू बाको जीवनसित डाहा गर्थे । कारको अघिल्लो सिटमा पेटी बाँधेर मधेस-पहाड गर्दा वा दसैंमा टीका लगाउन हिँड्दा बाका आँखामा सन्तोष आउँथ्यो । त्यति बेलासम्म पनि ६-६ जनामध्ये कुनै सन्ततिका काम गराइमा अलिकति तलमाथि देखियो भने बा तुरुन्तै गरम दलका नेता भइहाल्थे । आफैं बा भएका छोराहरू बाले बोलाउनासाथ तु हाजिर हुन्थे, तत्काल आदेश पालना हुन्थ्यो । बा कडा हाकिम थिए । यस्तो लाग्थ्यो कि छोराहरूका प्रत्येक प्रमाणपत्र र नियुक्तिका कागजमा अरू कसैको नभएर खालि बाकै मात्र हस्ताक्षर थिए ।

> मनले मात्र ज्यान धानिँदैन, शरीर धानिन दरिलो तन नै चाहिन्छ । आमाको शरीरले एक दिन मुखबाट रगत निकालेर बिलौना गर्‍यो । लुकाउन खोजिन्, लुकेन । पन्छाउन खोजिन्, पन्छिएन ।

◆◆◆

बा आफ्ना सन्ततिका लागि मात्र होइन, गाउँलेहरूका पनि बा थिए । जवानीमा घर छोडेर बाहिर हिँड्दा खाएको हन्डरले कुनै बेला बाका हातमा इन्जेक्सन थमाएको रहेछ । त्यसको पूरापूर उपयोग बाका गाउँलेहरूले गरे । गाउँ पञ्चायतमा अलिक समाजसेवी किसिमको कोही वडा सदस्य (अहिलेको अध्यक्षजस्तो) चाहियो, बाको नाम अघि आउँथ्यो । स्कुलको काम गर्ने कोही चाहियो, फेरि बा । गाउँघरमा केही तलमाथि भयो कि बा । जन्ती जानपर्‍यो बा । मलामी जानपर्‍यो बा । त्यति मात्र नभएर बाले समाजका सुख-दुःख दुवै काममा छोराहरूलाई कि सँगै लगे, कि 'जा' भनेर पठाए । अनि, सानैदेखि उनीहरूलाई पनि जिउँदोमा जन्ती र मर्दा मलामी हुन सिकाए । बा, बा थिए ।

◆◆◆

बा जति बाँचे, सधैं बा नै भएर बाँचे । बाका प्रत्येक अनुमान र प्रक्षेपण सत्यका साह्रै नजिक हुन्थे । जीवनका ८८ हिउँदबर्खा बाले बिताउँदासम्म जसले जहाँ गम्भीर भएर बोलायो बा खुसीसाथ उसकहाँ गए । सानोठूलो भन्ने भेद राखेनन् । आफूभन्दा सानाले बोलाए पनि उनले, तैं मलाई भेट्न आइज भनेनन् । सधैं सिकाए, मान गर अनि बल्ल मान पाइन्छ । अरूको अपमान गर्नेले कि आफ्नो जीवनकालमै, नत्र मरेपछि भए पनि त्यस अपमानको बदला तिर्नुपर्छ । बाले उदाहरणसाथ सिकाए । बा, बा थिए ।

◆◆◆

बा, बा थिए । सबैले बोलाएका ठाउँमा जाने बालाई एक दिन अस्पतालले पनि बोलायो । बा गए । अस्पतालका शय्यामा बाले भने, 'गंगासागरबाट मलाई लिन आए । दूतहरूले शंख फुके, म जाने बेला भयो । तिमीहरू पीर नगर । कसैलाई दुःख नदेऊ । सक्दासम्म आफैं काम गर । जीवनमा उचित समयमा उचित निर्णय लिन न लम्पकाऊ !'

सधैं बालाई शंका लाग्थ्यो, मेरा अन्तिम समयमा तिमीहरू को कता हुन्छौ कुन्नि ! बाको चिन्ता एक मात्र विषयमा हुन्थ्यो, अरूको उदाहरण दिएर भन्थे, आफूले जन्माएका सन्तान आफ्नो अन्त्यकालसम्म र खास गरी प्राण त्याग गर्दा साथै भएनन् भने यस जुनीमा केही पुण्य नपुगेको हुन्छ । मेरो अन्त्य अवस्थामा तिमीहरू तीनै भाइ छोरा सँगै भए हुन्थ्यो ।

बा, बा थिए । बाको इच्छा नपुग्ने कुरै थिएन । आर्यघाटमा तीनै छोराको प्रदक्षिणा लिएर बाको चिता जल्यो । बा कसैको ऋण राख्दैनथे । सापटी लिएर बाँचेका आफूभित्रका माटो, पानी, आगो, वायु र आकाश तिनैलाई बुझाएर बा अनन्तको यात्रामा चले ।

◆◆◆

नेमीका मनमा भने बाले दिएको पाठ, उनले उसलाई बोकेर नेपाल सहरदेखि पहाडको गाउँसम्म पुर्‍याएको झोलामा पुग्यो । बाले बा भएर त्यो झोलामा उठाएको बोझ नेमी भएको छ । बा, बा थिए । आउँदो पुस्ताका लागि त्यो झोलाको बोझ कति उठाउन सकिएला ? केही मात्र सकिएला, त्यति त कुन्नि ? बा पो बा थिए । हामी खोइ ? ◆

यस्तो हुनेछ आईओएस–११

एप्पलले हालै आईओएस-११ का केही मुख्य फिचरबारे मुख खोलेको छ । आईफोन एट बजारमा आउनुभन्दा केही अगाडिबाट प्रयोगकर्ताले आईओएस-११ प्रयोग गर्न पाउनेछन् ।

एप्पलको आर्टिफिसियल इन्टेलिजेन्स एप सिरी अब अझ स्मार्ट बन्नेछ । प्रयोगकर्ताका मेल, म्यासेज र इन्टरनेट ब्राउजरका आधारमा उनीहरूको रूचि बुझी त्यही अनुसारको सुझाव यसले दिनेछ । सिरीको आवाज अझ प्रस्ट र मान्छेको जस्तै हुनेछ र यसले अब अंग्रेजीबाट चिनियाँ, स्पेनिस, जर्मन, फ्रेन्च र इटालियन भाषामा अनुवाद गर्न सक्नेछ ।

यसको लाइभ फोटो फिचरमा पनि केही रोचक इफेक्ट थपिएका छन् । डू नट डिस्टर्ब वाइल ड्राइभिङ यसको अर्को अलग फिचर हो । गाडी चलाउँदा प्रयोगकर्ताले यो मोड अन गर्नुपर्छ । त्यसपछि कसैले कल गर्दा उसले गाडी चलाइरहेको र तत्काल फोन उठाउन नसक्ने जानकारी दिन्छ । तर, कल गर्नेले अर्जेन्ट भनेर कल गर्न सक्ने सुविधा पनि रहनेछ ।

यसबाहेक ब्याट्री खपत कम गर्न डार्क मोड अन गर्ने फिचर पनि छ । आईओएस-११ ले यसअघिका ओएसभन्दा कम मेमोरी ओगट्ने छ । यी नयाँ थपिएका फिचरले आईफोनलाई झन् सशक्त र प्रयोग गर्न सजिलो बनाउने अनुमान छ ।



यू युरेका ब्ल्याक

माइक्रोम्याक्सले चार जीबी र्‍याम भएको यू युरेका ब्ल्याक स्मार्टफोन भारतमा लन्च गरेको छ । पाँच इन्चको फुल हाई डेफिनेसन (एचडी) स्क्रिन भएको यू युरेका ब्ल्याकको मूल्य नौ हजार भारतीय रुपियाँ छ ।

यो स्मार्टफोनको आन्तरिक मेमोरी क्षमता

नयाँ स्कोडा अक्टिभा

भारतमा स्कोडाले अक्टिभाको फेसलिफ्ट बजारमा ल्याउने तयारी गर्दै छ । र, यो सम्भवतः अर्को महिनासम्ममा बजारमा आइपुग्नेछ । पहिला नै बजारमा आइसकेका गाडीका डिजाइन वा फिचरमा हुने हल्का परिवर्तन वा अपडेटलाई फेसलिफ्ट भन्ने चलन छ ।

अक्टिभाको फेसलिफ्ट डिजेल वा पेट्रोल दुवै इन्जिनमा उपलब्ध हुनेछ । तर, इन्जिन अनुसार यसमा फिचर भने फरक हुनेछन् । पेट्रोलमा १ हजार ४ सय र १ हजार ८ सय सीसीको इन्जिन हुनेछ । १ हजार ८ सय सीसीमा मात्रै अटोमेटिक ट्रान्समिसन फिचर रहनेछ । तर, दुवैमा गियर भने ६ वटै हुनेछन् ।

डिजेल भर्सनमा दुई हजार सीसी क्षमताको इन्जिन छ । र, यसमा सातवटा गियर छन् । डिजेल भर्सनमा पनि अटोमेटिक ट्रान्समिसन फिचर छ । सेडान वर्गमा पर्ने यो कारको माथिल्लो भेरिएन्टमा ६ वटा एयरब्याग र एन्टिलक ब्रेकिङ सिस्टम पनि छन् । यसको मूल्य १७ देखि २२ लाख भारतीय रुपियाँसम्म पर्ने अनुमान छ ।

३२ जीबीको छ । र, यसमा १ सय २८ जीबीसम्मको मेमोरी कार्ड प्रयोग गर्न मिल्छ । यू युरेका ब्ल्याकमा १३ र आठ मेगापिक्सेलका दुई क्यामेरा छन् । यो स्मार्टफोनको होम बटनमै फिङ्गरप्रिन्ट स्क्यानर राखिएको छ । तीन हजार एमएएच क्षमताको ब्याट्री भएको यू युरेका ब्ल्याक एन्ड्रोइडको मार्समेलो अपरेटिङ सिस्टमबाट चल्छ । र, यसमा फोर जी पनि चलाउन सकिन्छ ।

वाट्सएपमा अपडेट



वाट्सएपमा अहिले एल्बम फिचर थपिएको छ । तर, यो फिचर हालका लागि आईओएस प्रयोगकर्ताका लागि मात्रै उपलब्ध छ । प्रयोगकर्ताले वाट्सएपबाट कसैलाई म्यासेजसँगै फोटो वा भिडियो पठाउँदा एल्बम बनाएर पठाउन सक्नेछन् । यसअघि यसमा जति फोटो पठाए पनि ती सबै छुट्टाछुट्टै फोटोको रूपमा जान्थे ।

अब पाँच वा सोभन्दा बढी फोटो अथवा भिडियो एकैचोटि पठाउँदा त्यो एक एल्बमका रूपमा जानेछ । पाँच वा त्यसभन्दा बढी फोटो/भिडियो हुनासाथ यसलाई एल्बम भनेर छुट्याउने काम वाट्सएप आफैँले गर्नेछ ।

वाट्सएपमा म्यासेज रिप्लाइ गर्ने कामलाई पनि छोट्याइएको छ । अब म्यासेजमा दायाँ स्वाइप गरेर रिप्लाइ गर्न सकिनेछ । यसका साथै वाट्सएपमा फोटो, भिडियो वा जीआईएफमा थुप्रै किसिमका फिल्टर पनि प्रयोग गर्न मिल्छ । यो फिल्टर तत्काल खिचिएको वा पहिला नै फोनमा रहेको फोटो/भिडियोमा प्रयोग गर्न मिल्छ । यसका लागि पहिला त्यो फोटो, भिडियो वा जीआईएफ खोलेर माथि स्वाइप गर्नुपर्छ । त्यसपछि त्यहाँ उपलब्धमध्ये जुनसुकै फिल्टर पनि प्रयोग गर्न सकिन्छ ।

अब गुगलक्रोममै एड ब्लकर

अचेल इन्टरनेट चलाउँदा केही वेबसाइटमा अनावश्यक एड आउँछन्, जसले प्रयोगकर्तालाई दिक्क बनाउँछ । पप-अप एड, आफैं प्ले हुने भिडियो, स्टिकी एड आदिका कारण प्रयोगकर्ताका डाटा पनि खर्च हुने गरेको छ । अचानक डेस्कटपमा देखा पर्नेलाई पप-अप एड र जति स्क्रोल गरे पनि नहट्नेलाई स्टिकी एड भनिन्छ ।

गुगलले यस्ता एडबाट छुटकारा दिलाउन क्रोम ब्राउजरमै एड ब्लकर राख्न लागेको छ । अर्को वर्षसम्म आइपुग्ने एड ब्लकरसहितको क्रोमले अनावश्यक एडलाई आफैं पहिचान गरी ब्लक गर्नेछ ।

गुगलको यो कदमले एडबाट जबर्जस्ती पैसा कमाउन चाहने वेबसाइटलाई ठूलै धक्का दिनेछ । र, यो कदमलाई *गुगलले* कडा रूपमा लागू गर्ने बताएको छ । प्रयोगकर्तालाई दिक्क बनाउने गरी इन्टरनेट विज्ञापन नीतिको निर्धारित स्तर कायम नगर्ने जुनसुकै वेबसाइटमा आफ्नै एड भए, त्यसलाई पनि यसले ब्लक गर्ने *गुगलले* जनाएको छ ।

संयोजन : ज्ञानेन्द्र आचार्य

लाठी नाच

सुरविन्द्रकुमार पुन

रुकुम, मुसिकोटको थर्पुस्थित डिग्रे साइकुमारी भगवती मन्दिर परिसरमा लाठी नाच र दर्शकको बाक्लो उपस्थिति देख्दा लाग्छ, यस क्षेत्रको महामेला नै हो यो । मगर सगालहरूको लाठी नाचले डिग्रे साइकुमारी देवीको सुरक्षा प्राप्त हुने धार्मिक जनविश्वास छ । दमाहा, ट्याम्को र झ्यालीको तालमा हरियो दाउराको लाठी प्रदर्शन गर्दै यो नाच नाचिन्छ । भीड र घुँइचोका कारण केही घाइते समेत हुने गरेका छन् । हाल यस नाचमा मगरहरू मात्र नभई त्यहींकै अन्य जाति पनि मिसिएर नाच्ने गर्छन् । राप्ती क्षेत्रमा प्रख्यात यस लोकनाचले एउटा विशिष्ट सांस्कृतिक पहिचान बोकेको छ । ◆

सुस्ताइन् रिमा

केकी अधिकारी, बेनिशा हमाल र रिमा विश्वकर्माले एकसाथ फिल्मी करिअर सुरू गरेका हुन् । उनीहरूको दोस्ती पनि निकै झांगिएको थियो । यतिबेला केकी सबभन्दा अगाडि छन् । फाट्टफुट्ट भए पनि बेनिशा फिल्ममा देखिन्छिन् तर रिमा भने अलपजस्तै । साँच्चै भन्दा न उनले कहिल्यै मुख्य भूमिका पाइन्, न उनका कुनै फिल्म सम्झनलायक नै छन् । झन् विवाहपश्चात् त उनी फिल्मवृत्तबाट ओझेल परेको हो कि भन्ने भान परेको छ । तर, यही बेला उनी अभिनीत नयाँ फिल्म *ब्ल्याक समर*को टिजर प्रदर्शन भएको छ । जसले रिमालाई थोरै सही राहत दिएको छ । तर, दुःखको कुराचाहिं न टिजरले अपेक्षाकृत चर्चा पायो, न फिल्ममा उनीबाहेक कोही चिनिएको अनुहार नै छ । त्यसमाथि प्रदर्शनको पनि पत्तो छैन । बल्लबल्ल खेलेको फिल्मको यस्तो हालत भएपछि रिमाको मन कति पोल्दो हो कुन्नि !

तस्बिर : महेश प्रधान

न नाफा, न घाटा

१९ जेठमा मेनुका प्रधान अभिनीत दुई फिल्म रिलिज भए, *जालो* र *रातो घर* । त्यसको अघिल्लो साता उनकै अभिनय रहेको *हिटलर* प्रदर्शन भएको थियो । यसरी आफ्नो फिल्म भटाभट चल्दा मेनुकाको मुहारमा मुस्कान नाच्नुपर्ने हो तर त्यस्तो छँदै छैन । कारण, यी फिल्मले बक्स अफिसमा कुनै कमाल मच्चाउन सकेनन् । आए अनि गए । फेरि फिल्म फ्लप हुँदा मेनुकालाई जति पीर पर्नुपर्ने हो, त्यो पनि छैन किनभने उनलाई कामको भ्याइनभ्याइ छ । थिएटर हुँदै फिल्ममा फड्को मारेकी यी अभिनेत्री यतिबेला *महानगर* नामक फिल्मको छायांकनमा व्यस्त छिन् । अर्को फिल्म *लालपुर्जा* रिलिजको पखाईमा छ । अनि त अब्बल अभिनयको पहिचान बनाएकी मेनुकालाई फिल्म हिट र फ्लप हुनुसँग के मतलब !

नम्रतालाई धक्का !

गत वर्ष नम्रता श्रेष्ठको हाइहाइ भयो, फिल्म क्लासिकबाट । राष्ट्रियसहित एक दर्जन अवार्डमा एकछत्र राज गरिन् । यही ख्यातिलाई निरन्तरता दिने दाउमा थिइन्, *पर्वबाट* । किनभने, यस फिल्मलाई *क्लासिककै* निर्देशक दिनेश राउतले निर्देशन गरेका हुन् । थ्रिलर जनराको यस फिल्मको मुख्य भूमिकामा थिइन् उनी । प्रमोसनमा पनि दिलोज्यान दिएर लागिन् । तर, *पर्वले* उनको करिअरमा उत्साह ल्याउन सकेन । कारण, १४ जेठमा प्रदर्शित यस फिल्मले न पैसा कमायो, न प्रशंसा । त्यति मात्र होइन, नम्रताकै अभिनय रूचाउने दर्शकको पनि खडेरी लाग्यो । पर्वको कमजोर व्यापारले नम्रताले किन पनि धक्का महसुस गरेकी छन् भने यति बेला उनको हातमा कुनै फिल्म छैन । जबकि, उनीभन्दा पछि आएका प्रियंका कार्की, साम्राज्ञीराज्यलक्ष्मी शाहलाई भ्याइनभ्याइ छ ।

घोषणाको हतारो

फिल्मलाई निर्देशकको माध्यम भनिन्छ । निर्देशकबिना फिल्म निर्माणले गति लिन सक्दैन तर हामीकहाँ निर्देशक नै नछानी फिल्म घोषणा गरेर रमिता देखाइन्छ बेलाबखत । पछिल्लो उदाहरण हो, फिल्म *दीपेन्द्र सरकार* । काठमाडौंको पाँच तारे होटल याक एन्ड यतीमा निकै तामझामसाथ यस फिल्मको घोषणा त गरियो तर निर्देशक मात्र होइनन्, लेखक र प्राविधिक पनि चयन भएका छैनन् । प्रदीप खड्का पूर्वराजा दीपेन्द्र शाहको भूमिकामा रहने जानकारी मात्र गराइएको छ । प्रदीप तिनै हुन्, जसको *प्रेमगीत २* प्रदर्शनको क्रममा छ । र, *प्रेमगीत २* कै निर्माता सन्तोष सेनले बनाउन लागेका हुन्, *दीपेन्द्र सरकार* । त्यसैले त फिल्मवृत्तमा चर्चा चल्न थालेको छ, *प्रेमगीतले* पर्याप्त चर्चा नपाएपछि हतारमा *दीपेन्द्र सरकार* घोषणा गरिएको हो । नत्र बिना आधार फिल्म बनाउँछु भनेर फुई हाँक्नुको कुनै तुक छ र ?

पूर्वजन्मको सम्बन्ध

गोकर्ण गौतम

अघिल्लो जन्मको कथा कतिपयलाई पत्यार नलाग्न सक्छ। आजको आधुनिक युगमा यस्ता प्रसंग रूढिवादी लाग्नु स्वाभाविक हो। सत्य जे भए पनि यसका विभिन्न स्वरूप बेलाबखत पर्दामा देख्न पाइन्छ। आधा दर्जन फिल्म निर्माण गरेका दिनेश विजनले पूर्वजन्मकै कथामाथि फिल्म *राब्ता* बनाएर निर्देशनमा डेब्यु गरेका छन्। तथापि, यो पूर्वजन्ममै केन्द्रित फिल्म भने होइन। बरू, वर्तमान र शताब्दीऔँअघिको घटनालाई जोड्ने प्रयास गरिएको छ। कथाको सेतुचाहिँ उही हो- प्रेम। सुशान्त सिंह राजपुत र कृति सानोनको जबर्जस्त जोडी फिल्मको आकर्षण हो। तर, आफ्नो कथालाई विश्वसनीय बनाउन निर्देशकमा 'कमान्ड'को अभाव छ। अनावश्यक र लम्बेतान प्रसंगले मूल कथाको वहावलाई अलमल्याएको छ।

पन्जाबको मध्यम परिवारको ठिटो शिव (सुशान्त)ले हंगेरीस्थित बैंकमा नोकरीको अवसर पाउँछ। त्यहाँ उसको भेट हुन्छ, चकलेट स्टोरमा काम गर्ने सायरा (कृति)सँग। एक रात बिताउने उद्देश्यमा भएको भेट प्रेममा परिणत हुन्छ। केटी पट्याउन माहिर शिव पनि सायराको प्रेममा गम्भीर हुन्छन्। तर, त्यही बेला उनीहरूको सम्बन्धमा तगारो बन्न आइपुग्छन्, अर्बपति व्यापारी ज्याक (जिम सरब)। त्यसपछि कथामा 'ट्वीस्ट' आउँछ। र, सायरालाई बारम्बार सताउने सपनाको राज खुल्दै जान्छ। खासमा उनीहरू को-को हुन्छन्? के ज्याकले भनेजस्तै उसले अघिल्लो जन्ममा पनि सायरालाई माया गर्थ्यो त? यस्तै रहस्य खुल्न थाल्छ। तर, फिल्मको क्लाइमेक्स चक्मा दिने खालको छैन।

मुख्य प्लट आफैँमा सशक्त लाग्छ तर त्यसलाई पस्कने क्रममा स्वादिलो बनाइएको छैन। मध्यान्तरअघि अघिल्लो जन्मबारे केही बताइँदैन, केवल संकेत मात्र दिइन्छ। यहाँसम्म आइपुग्दा अन्य हिन्दी फिल्ममा देखिने प्रेमकथाभन्दा अलग लाग्दैन। तर, ज्याकको आगमनपश्चात् कथा फ्ल्यासब्याकमा जान्छ। अघिल्लो जन्मको कथा त्यति रोचक लाग्दैन तर भीएफएक्स, कलाकारको हुलिया, अभिनय, ध्वनिचाहिँ निकै उम्दा छ। कथावाचनभन्दा प्राविधिक पक्षमा निर्देशक सफल देखिन्छन्। पटकथाकारद्वय सिद्धार्थ-गरिमा आफैँ अन्योलमा देखिन्छन्, पात्रको मनोविज्ञान र सम्बन्धका सवालमा।

डरलाग्दो सपनाले हरेरात तनाव दिए पनि हंगेरीजस्तो सम्पन्न ठाउँमा बस्ने सायरा कहिल्यै चिकित्सककहाँ पुग्दिनन्। उनकै पृष्ठभूमि नजरअन्दाज गरिएको छ। शिवको 'लेडिकिलर' स्वभाव मजबुत ढंगले स्थापित हुन्न। ज्याकलाई त झन् टपक्कै टिपेर राखिएजस्तो। न ऊ कसरी त्यतिविघ्न धनी भयो भन्ने देखाइएको छ, न उसको पारिवारिक अवस्था थाहा हुन्छ। त्यसैले पात्र र तिनीहरूबीचको सम्बन्ध गहिरो र मार्मिक महसुस हुन्न। पटकथामा पर्याप्त छिद्र भए पनि लोकेसन र खिँचाइ भने आकर्षक छ। फ्ल्यासब्याक दृश्यलाई जीवन्तता दिन निकै मिहिनेत गरिएको छ।

कलाकार छनोट र उनीहरूको प्रस्तुति सम्भवतः *राब्ता*को सबैभन्दा सुन्दर पक्ष हो। योद्धा र सामान्य केटा दुवै चरित्रमा सुशान्त जमेका छन्। टेलिभिजन हुँदै फिल्ममा फड्को मारेका सुशान्तले फेरि एकपटक जस्तोसुकै भूमिकालाई न्याय गर्न सक्छु भन्ने प्रमाणित गरेका छन्। कृति पनि 'सो-अप'मा सीमित छैनन्। उनको पनि अघिल्लो जन्मको भूमिका दमदार छ। नकारात्मक भूमिकामा देखिएका जिम सरब अर्को सम्झनलायक कलाकार हुन्। उनको हुलिया, हाउभाउ र संवाद बोलाइले जोकोहीको मन जित्छ। राष्ट्रिय अवार्ड विजेता अभिनेता राजकुमार रावको केमियो उस्तै दमदार छ।

सुशान्त-कृतिको अभिनय र प्रविधिको अब्बल पक्ष स्वाद चाख्नबाहेक *राब्ता* हेर्नुपर्ने अर्को कारण छैन। ◆

अचानक

'सगरमाथा गतिशील छ'

संखुवासभाको मकालु गाउँपालिकामा जन्मिएकी **ल्हाक्पा शेर्पा**, ४४, ले यसपालि आठौँपटक सगरमाथा आरोहण गरेर सबैभन्दा बढी सर्वोच्च शिखरमा पुग्ने महिलाको कीर्तिमान कायम राखिन् । युरोपका विभिन्न देशका आरोहण दललाई लिएर सगरमाथा पुगेकी उनी सन् २००० मा पहिलोपटक सर्वोच्च शिखर टेकेकी थिइन् । दुई सन्तानकी आमा उनी सकुन्जेल सगरमाथा चढिरहने बताउँछिन् । ल्हाक्पासँग गरिएको कुराकानी :

आरोहणमा कहिलेदेखि लाग्नुभयो ?

१५ वर्षको उमेरदेखि । मैले तल्लो लेभलदेखि नै काम गरेकी हुँ । पोर्टर, किचन गर्ल हुँदै शेर्पा (उचाइमा काम गर्ने) भएँ ।

कसरी जोडिनुभयो यतातिर ?

परिवारका सदस्य यही पेसासँग आबद्ध छन् । बुबा, बाजे, भाइ सबै पर्यटन क्षेत्रमै भएकाले मलाई यो क्षेत्रमा लाग्न सहज भयो । म आरोहण पेसामा लाग्ने परिवारको तेस्रो पुस्ता हुँ ।

पहिलोपटक सगरमाथाको टुप्पोमा पुग्दा कस्तो लागेको थियो ?

सन् २००० मा म पहिलोपटक सगरमाथा चढेकी थिएँ । छुट्टै संसारमा पुगेजस्तो लाग्यो । यति खुसी भएँ कि त्यो म भन्नै सक्दिनँ । नेपाली महिला सफलतापूर्वक साहसी काम गर्न सक्दा रहेछन् भन्ने सन्देश विश्वलाई दिन पाएकामा गर्व लागेको छ ।

हरेकचोटि सगरमाथा चढ्दा एकै ठाउँमा कतिपटक आउनु जस्तो लाग्दैन ?

कहाँ लाग्नु ? सगरमाथा त गतिशील छ । जतिचोटि पुग्दा पनि यसको 'लुक्स' भिन्नभिन्न देखिन्छ । टाढादेखि हेर्दा सगरमाथाको स्वरूप एउटै देखिने भए पनि त्यहाँ पुग्दा सधैँ बदलिएको पाइन्छ । हावाको वेग कताबाट आउँछ, त्यही अनुसारको आकार तयार हुन्छ ।

हरेकपटक सगरमाथा चुम्नुको आनन्दचाहिँ के हो ?

यति सुन्दर र भिन्न दृश्य देखिन्छ कि रकेटबाट जमिनमा हेरेजस्तो देखिन्छ । हावाको चापले गर्दा शरीर हलुंगो हुन्छ । मन शून्यतामा पुग्छ । सायद, ध्यान गर्दा पनि यस्तै हुन्छ कि !

यसपालिचाहिँ पहिलेको स्वरूपभन्दा के बदलिएछ ?

गत साल टुप्पोमा टेन्ट लगाएर बस्न सकिने ठाउँ थियो । यसपालि चार जना मात्रै उभिन सक्ने ठाउँ छ । टुप्पोमा पुग्दा अडिने ठाउँ नै नभएपछि डर लाग्यो ।

'हिलारी स्टेप'को बेस नै सरेको भन्ने खबर फैलिएको छ । तपाईंले कस्तो देख्नुभयो ?

यो हल्ला मात्रै हो । केही भएको छैन । हिउँ पग्लने, हिम पहिरो जाने र हावाको झोक्काले यसको स्वरूप बदलिरहन्छ । त्यही देखेर कतिपयले यो स्टेपको चट्टानी आधार नै सरेको भनेर हल्ला फिजाएका हुन् ।

तपाईंले १० पटकसम्म सगरमाथा चढ्ने लक्ष्य लिनुभएको रहेछ । त्यसभन्दा बढी चढ्न सकिन्न भनेर हो ?

कम्तीमा त्यतिपटक चढ्न सक्छु भन्ने विश्वासले हो । शरीरले साथ दिएमा त्यसभन्दा बढी पनि चढ्न सक्छु । स्वास्थ्यले साथ दिएन भने त्यो लक्ष्यमा नपुग्न पनि सक्छु ।

यति धेरैपटक आरोहण गर्ने तागत कहाँदेखि आइरहेछ ?

म एकदमै बलियो महिला हुँ जस्तो लाग्छ, आफूलाई । फेरि मेरो बानी के छ भने जे कुरा आँट पनि पुर्‍याएरै छोड्ने । यो पनि गर्छु, त्यो पनि गर्छु भन्ने सोचाइ राख्ने मेरो बानी छैन । छरिएर भन्दा निर्दिष्ट लक्ष्य बनाएर हिँड्छु । यो नै मेरो तागत हो ।

पर्वतारोही नभएको भए के बन्नुहुन्थ्यो होला ?

मलाई रकेटमा उडेर चन्द्रमामा जान मन लाग्थ्यो । रकेटमा नउडे पनि त्यत्तिकै उचाइमा पुगेकी छु जस्तो लाग्छ मलाई त !

तपाईं अमेरिकामै बस्नुहुन्छ । किन आरोहीहरू विदेशतिरै भासिन्छन् ?

शेर्पाहरूले ज्यान जोखिममा मोलेर ज्यादै दुःख गरेका हुन्छन् । आरोहणमा आउने विदेशीहरूले शिखर पुर्‍याएर सकुशल तल ल्याउन सकेमा आफ्नो देशमा बोलाउने वाचा दिएका हुन्छन्, शेर्पाहरूलाई । उनीहरूको सपना सफल पार्न सहयोग गरिदिएपछि खुसी भएर विदेश बोलाउँछन् । अर्को कुरा, शेर्पा जातिको इमानदारी र मित्रवत् व्यवहार पनि कारक हो ।

अब तपाईं विदेशतिरै बस्ने कि नेपालमै ?

सिजनमा हिमाल चढ्न आइरहेकी छु । नेपालबाहिर बाहिर बसेर प्रचारप्रसार गरिरहेकी छु । मैले यति धेरैपटक सगरमाथा चढ्नुको कारण पनि देशको प्रचार होस् र पर्यटकहरू घुम्न आऊन् भन्ने नै हो । जहाँ बसे पनि हिमालसँग भने जोडिनेछु ।

मनबहादुर बस्नेत

रामबहादुर रावल

बोल्न नमान्ने कार्की

मिडियाबाट टाढै रहन चाहने प्रधानन्यायाधीश सुशीला कार्कीले आफ्नो कार्यकालभरिमा सञ्चारकर्मीसँग कहिल्यै औपचारिक अन्तर्क्रिया गर्न रूचाइनन् । सञ्चारकर्मीकै पहलमा भएका कार्यक्रममा न्यायाधीश गोपाल पराजुली सहजै गए तर उनी उपलब्ध भइनन् । लोकमानसिंह कार्कीलाई मोसो दलेको घटनापछि त हामी सञ्चारकर्मीले सर्वोच्च अदालत प्रवेशका लागि समेत निकै संघर्ष गर्नुपर्‍यो । अरू नै परिचय बोकेर बालुवाटारस्थित प्रधानन्यायाधीश निवास प्रवेश गरेका एक जना पत्रकारले अन्तर्वार्ताको कुरा गर्दा बाहिर निकालेको प्रसंग पनि सुनिएको थियो । त्यसैले भेटिहाले पनि हत्पत्ति अन्तर्वार्ता वा समाचार लेख्ने कुरा गर्नु उनका अगाडि अलि 'धक'कै विषय थियो ।

कहिलेकाहीं सार्वजनिक कार्यक्रममा गएर भने मिडियालाई राम्रै खुराक दिन्थिन् उनी । उनको हकी स्वभाव यसको प्रमुख कारण थियो । त्यस्तो पात्रलाई भेट्नु हामी पत्रकारका लागि भने निकै उपयोगी हुन्छ । पूर्वप्रधानन्यायाधीश रामप्रसाद श्रेष्ठको स्वभाव पनि करिब यस्तै थियो । मनमा केही कुरा नराख्ने । कुनै कुरा तौलेर नबोल्ने । आफूलाई फाइदा हुने कुरा मात्र बोलेर मिडियालाई प्रयोग गर्न खोज्ने शक्तिशाली व्यक्ति र तिनका 'स्पिन डक्टर'हरू त जति पनि भेटिन्छन् । तिनले दिने सूचनाको नियत बुझ्न सक्नु नै हाम्रो पहिलो चुनौती हुने गर्छ । यस्ता स्रोतहरू नभेटी पनि नहुने, भेटेर पनि सुख नपाइने खालका हुन्छन् । निःस्वार्थ रूपमा यथार्थ कुरा बताइदिने 'हाइप्रोफाइल' स्रोतहरू पाउन गाह्रो पर्छ ।

कार्की प्रधानन्यायाधीश भएपछि जतिपटक भेटियो, उनले कुनै कुरा आफ्नो पक्षमा हुने गरी मात्र प्रवाहित गर्न खोजिनन् । कतिपल्ट भावनात्मक कुरा हुन्थ्यो भने कतिपल्ट पेसा-व्यवसायसम्बन्धी मात्र । प्रायः घरायसी, स्वास्थ्य र कार्यबोझबारे गफ हुन्थ्यो ।

उनी पदमा हुन्जेल मैले कहिल्यै अन्तर्वार्ता वा समाचारयोग्य सूचनाका लागि दबाब दिइनँ, उनको पदको संवेदनशीलतालाई विचार गरेर । १ वैशाखका दिन तस्बिर खिचेका थियौं, बस् ।

महाभियोग नै लागेपछि भने धेरै घटनाक्रमसँग नजिक भएर नियाल्न पाइयो । उनीमाथिको महाभियोगले अरूलाई जस्तै मलाई पनि ननिको लागिरहेको थियो । भेट्दा पनि के कुरा गर्नु जस्तो लाग्थ्यो । यसबीचमा उनी स्वयं भने कति विचलित थिइनन् । बरू, उनीप्रति सहानुभूति जनाउन पुग्ने आफन्तजन, शुभेच्छुकहरूलाई उल्टै ढाडस दिन्थिन् । काम गर्दै जाँदा यस्ता बाधा-अवरोध आइहाल्छन् नि भनेर एकदमै सामान्य रूपमा उनले त्यो समय गुजारिन् ।

बोल्न थालेपछिकी कार्की

महाभियोग फिर्ताको सूचना प्रस्तावक सांसदहरूले दिइसकेपछि भने मैले हक जमाएरै भनें, 'अबचाहिं बोल्नुपर्छ ।' बल्लतल्ल बोल्न त मनाइयो तर पदबाट बिदा भएपछि मात्र बोल्ने अर्को सर्त तेर्स्याइन् उनले । बिदा हुँदासम्मका लागि धैर्य हामीसँग थिएन । निकै धेरै अनुरोधपछि अन्ततः अवकाश हुने सातामा प्रकाशित गर्ने गरी उनी अन्तर्वार्ताका लागि तयार भइन् ।

बोल्न थालेपछि उनले मन फुकाएर बोलिन् । हरेक प्रश्नको जवाफ दिइन् । कुनै प्रश्नमा उनले आनाकानी गरिनन् । हुन पनि केही अघि हामीसँग भनेकी थिइन्, 'बोलेपछि छारस्टै पारौंला नि !'

उनका कुरा सुन्दा आङ सिरिङ्ग हुन्थ्यो । जीउमा काँडा उम्रिन्थे । यो पनि सम्भव होला र जस्तो लाग्थ्यो । अझ उनको बोलीमा कुनै कृत्रिमता थिएन । आत्मविश्वाससाथ प्रस्तुत हुन्थिन् । कोही रिसाउलान् कि, कसैलाई पीर पर्ला कि भन्ने कुनै चिन्ता थिएन । जनताले तिरेको करबाट तलबभत्ता खाएपछि आफूले देखेभोगेको कुरा जनतालाई थाहा दिएर जानुपर्छ भन्ने उनको सोच रहेछ ।

अदालतको त्यो कोतपर्व

अदालत सरल रेखामा चल्दो हो त आजका दिनमा प्रधानन्यायाधीशको कुर्सीमा प्रकाश वस्ती हुन्थे, सुशीला कार्कीका उत्तराधिकारीका रूपमा । उनको निश्चित स्वभाव र स्थापित छवि थियो, जुन रामप्रसाद श्रेष्ठ र कार्कीसँग मिल्दोजुल्दो थियो । वस्तीको प्राज्ञिक उचाइचाहिं अझ माथि थियो ।

उनको त्यो छविबाट छटपटाएकाहरू पर्दापछाडिबाट सक्रिय भए । दृश्यमा तत्कालीन प्रधानन्यायाधीश दामोदरप्रसाद शर्मा र न्यायपरिषद् सदस्य उपेन्द्रकेशरी न्यौपानेहरूले भूमिका मञ्चन गरे । वस्तीलाई सडकमा पुर्‍याएबापत सर्वोच्चमा एउटा नयाँ सेट आइपुग्यो । वस्तीसँगै सडकमा पुर्‍याइएका चार जनामध्ये एक जना न्यायाधीश भरतराज उप्रेतीले त सहन नसकी आत्महत्या नै गरे । यो घटना न्याय क्षेत्रमा कोतपर्वका नामले चर्चित छ । कोत पर्वका कर्ता र कारणीहरूको काम सुशीला कार्कीलाई असफल पार्नु र असहयोग गर्नु रह्यो । कार्कीले लिएका पहलकदमीमा हलो अड्काउनु भयो । कार्कीलाई आफ्नो स्वार्थमा नचाउन नसकेपछि उनीहरूले गर्न सक्ने काम त्यही थियो । तिनीहरू नै अहिले कार्कीमाथि गुटबन्दीको आरोप लगाइरहेका छन् । अनुमान गर्नूस्, न्यायपालिकाको गुटबन्दी कस्तो छ, कसले गरिरहेको छ ? ◆

shanker
JAGDAMBA STEEL
देशको मेरुदण्ड
चिन्ता हैन निश्चिन्तता छ
किनकि जगदम्बा ई छ
यसले दिन्छ भूकम्प प्रतिरोधक निर्माण र जीवनभरको निश्चिन्तता ।
PRISMA - O&M/16
NS QUALITY AWARD 2015
M/S JAGDAMBA STEELS P. LTD
SIMARA, BARA
NS QUALITY AWARD-2015
NEPAL BUREAU OF STANDARDS AND METROLOGY
KATHMANDU, NEPAL
*भूकम्प प्रतिरोधक घर, भवन तथा संरचना निर्माणका लागि गुणस्तरिय निर्माण सामाग्री र नियम अनुसार निर्माण प्रविधि कार्यान्वयन आवश्यक पर्दछ ।
JAGDAMBA E
JAGDAMBA E Fe 500
NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भूकम्प प्रतिरोधक छड ।
facebook.com/jagdambasteels
• अन्तर्राष्ट्रिय उच्चस्तरीय कच्चापदार्थमात्र प्रयोग गरी नेपालकै एक मात्र अत्याधुनिक गुणस्तर नियन्त्रण प्रविधि तथा स्वचालित प्रणालीद्वारा उत्पादित
• अन्तर्राष्ट्रिय गुणस्तर
किनकी हामी दिन्छौं तपाईंले सोचे भन्दा बढी गुणस्तर

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

यो योजना शिखर शुजका उपत्यका का सबै **Showroom** हरुमा पनि लागु हुनेछ ।

MANAKAMANA SHOE AND FANCY, NEWROAD, 9801015709/ 9851154371, **SHIKHAR SHOE CENTER ,KICHAPOKHARI**, NEWROAD (BESIDE EVEREST BANK), 9801015767/ 9840019436. **PATAN SHOE CENTER**, PATAN, 9801015708/ 984920027. **BOUDHA SHOE CENTER**, BOUDHA KTM, 9801015710/ 9849906780. **BANESHWOR SHOE AND BAG HOUSE**, NEW BANESHWOR, 9816357159/ 9841582695. **THE BANESHWOR SHOE HOUSE**, NEW BANESHWOR (NEAR K&K COLLEGE), 9801015714/ 9825110850. **LIWASH ENTERPRISES MITRANAGAR(S)** MITRANAGAR,GONGABU BUSPARK, 9801015731/ 9801054677. **KIRTIPUR SHOE CENTER**, KIRTIPUR, 9849421771/ 9810265758. **BANEPA SHOE CENTER**, BANEPA, 9801015817. **SPANDAN ENTERPRISES,** SAMAKHUSHI, 9801015734/ 9841657533. **COLLECTION YOUR SHOP**,KOTESHWOR, 9801015808. **NEW BHOTAHITY SHOE CENTER**, BHOTAHITY (TRIVENI), BHOTAHITY (SHAJA BHAWAN), 9848560462/9801015781. **KOSELI HOUSE**,BHOTAHITY, (SHAJA BHAWAN), 9801015711. **SHIKHAR SHOWROOM**, DILLIBAZAR, 9819668527. **SHIKHAR SHOWROOM,** JORPATI, 9861688419.